# थेरी-गाथा

# THERĪGĀTHĀ

अनुवादक

भिक्षु बोधिसेन महास्थविर

Downloaded from http://dhamma.digital/

# थेरी-गाथा

अनुवादक

**भिक्षु बोधिसेन महास्थविर**

Dhamma.Digital

प्रकाशक

**दिव्यलक्ष्मी बज्राचार्य**

**गौरी बज्राचार्य**

**सानुमैया बज्राचार्य**

मुस्यां वहाल, ज्याठा

Downloaded from http://dhamma.digital/

**प्रकाशक :**

**दिव्यलक्ष्मी बज्राचार्य,**
**गौरी बज्राचार्य**
**सानुमैया बज्राचार्य**

**अनुवादकका प्रकाशित कृतिहरु :**

**नेपाल भाषामा :**

१) त्रिरत्न बन्दना माला
२) स्वपू जातक बाखँ
३) तथागत उपदेश
४) पेतवत्थु
५) थेर-गाथा

**नेपाली भाषामा :**

१) कृष्णायण गोत्रको उत्पत्ति
२) थेरी-गाथा – प्रथम भाग
३) थेरी-गाथा – दोस्रो भाग
४) बोधि कथा
५) अङ्गुत्तरनिकाय – प्रथम भाग
६) अङ्गुत्तरनिकाय – दोस्रो भाग
७) त्रिरत्न बन्दना माला – दोस्रो संस्करण
८) थेरी-गाथा – दोस्रो संस्करण

प्रकाशनको प्रतिक्षामा
अङ्गुत्तरनिकाय – तेस्रो भाग

| | | |
|---|---|---|
| दोश्रो संस्करण | : | १००० प्रति |
| बुद्ध संवत् | : | २५५२ |
| बिक्रम संवत् | : | २०६५ |
| नेपाल संवत् | : | ११२८ |
| शाक्य संवत् | : | १०३० |
| ईस्वी संवत् | : | २००८ |

यो पुस्तक धम्मदानको निम्ती हो । बिक्रीको लागि होइन ।

**कम्प्यूटर सेटिङ्ग** : बलराम डंगोल, सेक्रेटेरियल स्पट
फोन ४२१८८७६, प्यूखा, न्यूरोड

**मुद्रण** : शुभकामना प्रिन्टिङ्ग प्रेस
फोन ४२३२१२४, केलटोल, मासंगल्ली

Downloaded from http://dhamma.digital/

# अर्पण

बोधिचर्या विहार निर्माणार्थ जग्गा दान दिनुका साथै आफ्नो सारा जीवन थेरवाद बुद्ध धर्ममा समर्पित, दिवंगत उपासिका चिनिमाया मानन्धरको पुण्य स्मृतिमा सुगति तथा निर्वाणको कामना गर्दछु ।

**भिक्षु बोधिसेन महास्थविर**

Dhamma.Digital

Downloaded from http://dhamma.digital/



**चक्ररत्न बज्राचार्य**
दिवंगत : बि.सं. २०१५
माघ कृष्णपक्ष प्रतिपदा

**आशामाया बज्राचार्य**
दिवंगत : बि.सं. २०४२
चैत्रकृष्ण प्रतिपदा

Downloaded from http://dhamma.digital/

प्रातः स्मरणीय पूज्य

पिता

**चक्ररत्न बज्राचार्य**

माता

**आशामाया बज्राचार्य**

को

पुण्य स्मृतिमा

निर्वाण कामना गर्दै

धर्म-दान

- दिव्यलक्ष्मी बज्राचार्य
- गौरी बज्राचार्य
- सानुमैया बज्राचार्य

Downloaded from http://dhamma.digital/

# भूमिका

बौद्ध ग्रन्थ तिपिटक अन्तर्गत सुत्तपिटकको खुद्दकनिकायमा रहेको यो थेरी–गाथा हो। सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गर्नु भएपछि वहाँको पिता सुद्धोदन निर्वाण भए। सुद्धोदनको निर्वाण पशचात वहँकी कान्छी पत्नी महाप्रजापति गौतमी सहित अन्य ५०० नारीहरूले पनि वहाँ सङ्गै गृहत्याग गर्ने निधो गरी कपिलवस्तुबाट वैसालीसम्म हिंडेर गई आनन्द भन्तेको सहायता लिइकन प्रव्रजित हुनलाई बुद्धद्वारा स्वीकृति पाउँदा हर्षोल्लासका साथ सबैजना भिक्षुणी भई बुद्ध–धर्ममा दिक्षित भईन्। त्यस दिन देखि नारी जगतको निम्ति बुद्ध–धर्ममा भिक्षुणी हुनको निम्ति प्रवेश द्वार खोलियो।

प्रज्ञा–ज्ञानले युक्त रहेको मार्गबाट लाग्नाले सम्पूर्ण दुखबाट मुक्त हुन सक्नेछ भन्ने थाहा पाएपछि बुद्ध धर्म झन प्रभावित ढङ्गबाट नारीहरूमा पनि फैलियो। बस्ती,बस्ती,गाउँ,गाउँ,नगर,नगरका विभिन्न स्थानबाट नारीहरुले बुद्ध धर्ममा लागेर भिक्षुणी भई गुणात्मक ढङ्गले संख्या वृद्धि गर्दै, अन्तिम लक्ष्य जन्म र मरणको चक्रबाट रहित भएको निर्वाण लाभी धेरै भिक्षुणीहरु देखा पर्न थाल्यो। सुख,शान्ति र आन्दमय जीवनको दर्पण दर्शाउन गाथाद्वारा व्यक्त गएिको यो थेरी–गाथा हो। एक,एकजना थेरीबाट आफ्नो जीवन सङ्ग सम्बन्धित भएकोलाई सार र संक्षिप्त रूपले वर्णन गरेको छ।

सार र संक्षिप्त रूपले संग्रह गरिएको यस थेरी–गाथालाई पढ्नु हुनेछ, बुझ्नु हुनेछ अनि सारत्वलाई ग्रहण गर्नु हुनेछ भन्ने आशा गर्दछु।

प्रायःजसो नारीहरूले भन्ने गरेको सुन्न पाईन्छ–स्त्री भएर जन्मिनु बेकार छ। आफूले आफूलाई नै होच्याएर डरपोक भई संकुचित भावना लिएर जीवन बिताई रहनेले यसमा पाईने सारत्व र
विरत्वको पाठ सिक्नेछ भन्ने मलाई विश्वास छ। यस थेरी–गाथालाई पढदा कतिलाई निरस पनि लाग्न सक्छ। कारण यसमा मनोरञ्जन तरिकाले अनि कथाको रूपमा सजिएको छैन।

उच्छृङ्खल चञ्चल मनलाई शाान्त र दान्त गरी पुनः चञ्चलित हुन नदिनमा पुरुष भन्दा नारी पनि कम होइनन्। पुनः पुनः जन्म र मृत्युको चक्रबाट पार भई निर्वाण प्राप्त गर्नमा पुरुष सरह स्त्री पनि हुन् भन्ने विषय यसमा पाइन्छ। महाकारुणीक बुद्धबाट पुरुषलाई जस्तै नारीहरूलाई



Downloaded from http://dhamma.digital/

पनि निर्वाणको द्वार खोलिदिनु भएको हुनाले वहाँ प्रति कस्ले आन्तरिक हृदय देखि सहर्ष पूर्वक श्रद्धा गर्नबाट हिचकिचाउला ?

निसन्तान,विधवा,आफन्तको मृत्युले शोकाकुल भएकी बहुला,दिन–दुःखी, समाजको दृष्टिबाट घृणित भएकी गणिका, समाजमा प्रतिष्ठित धनाढ्य, श्रेष्ठी, राजकुमारी अनि महारानी जुनकुनै जात र वर्गकी स्त्रीले बुद्ध धर्ममा लागेर जगतगुरु बुद्धको निर्देशानुरूप पाईला सार्नेहरु निर्वाणको मार्गबाट कोही पनि वञ्चित हुनु परेन ।

मानिसहरूलाई भूलाउन संसारमा अनेकौं विषय वस्तुहरु छन् । त्यही विषय वस्तुको कामना, अभिलाषा र इच्छामा आफूलाई समर्पित गरी रहेका हुन्छन् । पाएमा खुसी तथा सुखी अनि नपाएमा दुखी हुन्छन । केही कारणवश आफूसंग रहेको वा भएको टूट्यो–फूट्यो वा विनाश भयो भने दुखीत तथा चिन्तित हुन्छन् । कोही कोही त आशै आशमा जीवन बिताई रहेका हुन्छन् । भौतिक विषयमा लागेर सुखानुभूति गरेता पनि आखिरमा दुःख नै छाइएको हुन्छ । तसर्थ जुन सुखकोपछि दुःख रहँदैन त्यही सुख नै वास्तवमा महासुख हो भन्नुमा अत्युक्ति नहोला जस्तो लाग्छ । परमार्थ सुखको तुलनामा भौतिक सुख भनेको त क्षणिक मात्रको सुख हो,प्रज्ञप्ति सुखहो,परमार्थ सुख होईन । जबसम्म परमार्थ सुखलाई पाउन सकिदैन तबसम्म सुखलाई प्राप्त गर्न सक्यो भन्न मिल्दैन । परमार्थ सुख प्राप्ति पश्चात हर्षोल्लासका साथमा भिक्षुणीहरूद्वारा व्यक्त गरिएकोलाई संकलितभएको गाथाहरु नै थेरी–गाथा हो ।

भिक्षुणीहरूमा धर्म–विनय प्रतिको श्रद्धा, धैर्य, शील, समाधि र प्रज्ञादिको गुणात्मक आभुषणले विभूषित भएको वस्तु स्थिति बारेमा यहाँ केही उल्लेख गर्न चाहन्छु :– सुमंगल माता आफ्नो जीवनमा उपलब्ध भएको सुखको विषयलाई लिएर व्यक्त गर्छीन्– “म सुमुक्त भएं, म सुमुक्त भएं, मुषल लिएर काम गर्नबाट म राम्रोसंग मुक्त भएं । मैलो भाँडा जस्तो मेरो मलिन शरीर अनि स्वामिले बनाउने छाताको चुच्चो भन्दा पनि दुब्लो शरीर थियो मेरो राग र द्वेषलाई छिन्न विच्छिन्नको साथ नाश गरी स्वच्छन्द रूपले रुख मुनि गई बस्दछु ।अहो म कति सुखि ! म कति सुखको साथ ध्यनमा बस्दछु ।” पुत्रको मृत्युले शोकाकुल भई बहुला भएकी कृशागौतमीलाई पुत्रको शोकबाट मुक्तगर्न सम्यकसम्बुद्धले दिनुभएको



Downloaded from http://dhamma.digital/

प्रकाशित भएको थियो । पौष ८गते २०४९मा दिवंगत तिर्थबहादुर बज्राचार्य र देवकुमारी बज्राचार्यको पुण्य स्मृतिमा वहाँका सुपुत्र जुजुरत्न बज्राचार्य तथा श्रीमती गौरी बज्राचार्यबाट थेरीगाथाको दोस्रो भाग प्रकाशित भएको थियो । प्रथम भाग र दोस्रो भागलाई एउटै किताबमा प्रकाशन गरी पाठक वर्गको हातमा दिन पाउनुको श्रेय दिव्यलक्ष्मी बज्राचार्य, गौरी बज्राचार्य र सानुमैंञा बज्राचार्य हुनुहुन्छ । वहाँहरूले आफ्ना परमपूज्य बा चक्ररत्न र आमा आशामाया बज्राचार्यको पुण्यस्मृतिमा सुगति तथा निर्वाणको कामना गर्दै धर्मदान दिनलाई प्रकाशक हुनुभयो । प्रकाशीकाहरूप्रति म सम्पादक तथा अनुवादकको तर्फबाट शुभेच्छाका साथ धन्यवाद । वहाँहरूबाट यस्तो पुण्य कार्यमा श्रद्धाको अभिवृद्धि हुँदै जानेछ भन्ने विश्वास गर्दछु ।

उपासक श्री हरिशंखर मानन्धरज्यूले-(जि.शि.अ.) शब्दहरूलाई सच्याई दिनुभएकोले वहाँप्रति साधुवाद व्यक्त गर्दछु । प्रूफ हेर्न सहयोग गर्नुहुने सामनेर सान्तकोसल पनि धन्यवादका पात्र हुनुहुन्छ । अन्तमा पाठक वर्गले कहीं, कतै, केही भूल वा त्रुति पाइएमा औंल्याई दिनुभएमा वा सूचित गरिदिनु भएमा वहाँहरूप्रति पनि आभारी हुनेछु ।

'चिरं तिट्ठतु सद्धम्मो लोृको होतु सुखी सदा'

भिक्षु बोधिसेन महास्थविर

बोधिचर्या विहार
बनेपा–६, काभ्रे
फोन नं. ०११–६६१७८९
मोबाइल नं.९८४१४८८३३०
२०६५/

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

मनोवैज्ञानिक ज्ञानद्वारा आफूले आफैलाई सह्माल्न सकने गरीदिनु भयो। बुद्धोपदेशद्वारा बोध भई निर्वाण लाभ गर्न सफल भइन्।

नदीमा गई स्नान गर्नाले सम्पूर्ण पापबाट मुक्त हुन्छ भन्ने अन्धविश्वासलाई पूर्णिका दासीले उदकशुद्धिक ब्राह्मणलाई दिएको तर्कपूर्ण ज्ञानद्वारा अज्ञानमय अन्धकारबाट मुक्त मात्र भएको होईन अपितु बुद्धको शरणमा गई निर्वाणलाई साक्षात्कार गर्न सकने आधार समेत भएको थियो।

उत्पल्लवर्णलाई मारद्वारा भयभीत पार्न खोज्दा पनि भयभीत नभई, काम–वासना आफूबाट निर्मूल भएको अनि त्यसबाट उत्पन्न हुने दुष्परिणामलाई औंल्याउँदै पापीमारलाई अन्त गर्न सक्ने शक्तिलाई दर्शाएको मात्र नभई परम ज्ञान दर्शनको निम्ति शुद्ध नमुना पनि हो।

क्रमशः आफ्नै शरीरमा भईरहेको परिवर्तनलाई ज्ञानद्वारा विचार गर्दै आम्रपालिले अनित्यलाई दर्शन गर्नसकेको, रोहिणीले अश्रद्धावान पितालाई श्रमणहरूको व्यवहारमा शुद्धता रहेको चारित्रिक गुणलाई सुनाएर बोध गराउन सक्नु, चापाको व्यङ्गात्मक शब्दद्वारा विरक्तिएर भिक्षुभईकन अर्हत भएको अनि पछि आफूलेपनि गृह त्याग गरी भिक्षुणी भई परम शान्ति निर्वाण लाभ गरेको, तथागत सम्यकसम्बुद्धको सम्मुखमा सुन्दरीले सिंह नाद गर्नु, शुभालाई गृहस्थाश्रममा फर्काउन खोज्दा आफन्तलाई कामाशक्त हुँदा त्यसबाट हुने दुष्परिणाम अनि विषय भोगमा लाग्दा असुरक्षित हुनुपर्नेलाई सम्झाई, बुझाई पठाउनमा सफल हुनु ,ब्राह्मणकी सुपुत्री शुभालाई जङ्गलमा एक्लै देख्दा युवकले प्रेम पाशोमा पार्न लागेकोलाई बुझी प्रलोभित पार्ने आँखालाई नै निकालेर दिनसक्नु, नम्र र शीलाचरणद्वारा युक्त भएर पनि आफ्ना पतिहरूबाट तिरस्कृत हुनु पर्ने ऋषिदासीले अन्तमा भिक्षुणी भई त्रिविद्या लाभ पश्चात् बोधि भिक्षुणीलाई आफूले पूर्व जन्ममा गरिएको दुष्कर्मका दुष्परिणामलाई सुनाउन सक्नु अनि सुमेधा राजकुमारीले दृढ सङ्कल्पित भई विवाहको दिनमा पनि पाणि ग्रहणार्थ आउने अनिकरत्त राजालाई बुद्धोपदेश सुनाएर फर्काई पठाउन सक्ने आदि निर्वाणार्थ ज्ञान वर्धक गाथाहरू यस किताबमा पाईन्छ। यस किताबमा उल्लेख भएका गाथाहरु दुःखबाट मुक्त हुन चाहना राख्नेहरुका निम्ति अति नै महत्वपूण तथा सारणीय छ।

अशोज १४ गते २०४९ मा थेरी–गाथाको प्रथम भाग दिवंगत मोतिकाजि बनियाको पुण्यस्मृतिमा उपासिका जेष्ठमाया बनियाबाट



Downloaded from http://dhamma.digital/

# विषय-सुची


| | |
|---|---|
| १. कोही एक भिक्षुणी | १ |
| २. मुत्ता | २ |
| ३. पूर्णा | ३ |
| ४. तिष्या | ४ |
| ५. अन्य नामकी तिष्या | ४ |
| ६. धीरा | ५ |
| ७. अन्यनामकी धीरा | ५ |
| ८. मित्रा | ५ |
| ९. भद्रा | ६ |
| १०. उपशमा | ६ |
| ११. मुत्ता | ६ |
| १२. धर्मदिन्ना | ७ |
| १३. विशाखा | ९ |
| १४. सुमना | ९ |
| १५. उत्तरा | ९ |
| १६. अन्यनामकी सुमना | १० |
| १७. धम्मा | १० |
| १८. संघा | ११ |
| १९. अभिरूपा नन्दा | १२ |
| २०. जयन्ती | १३ |
| २१. सुमंगल माता | १४ |
| २२. अड्ढकासी | १५ |
| २३. चित्रा | १६ |
| २४. मैत्रिका | १७ |




Downloaded from http://dhamma.digital/

२५. मित्रा १८
२६ अभय माता १९
२७. अभया २०
२८. श्यामा २१
२९. अर्की श्यामा २२
३०. उत्तमा २३
३१. अर्की उत्तमा २४
३२. दन्तिका २५
३३. उब्बिरि २६
३४. शुक्ला २८
३५. शैला ३०
३६. सोमा ३१
३७. भद्राकापिलानी ३३
३८. वड्ढेसी ३६
३९. विमला ३७
४०. सिंहा ३९
४१. सुन्दरी नन्दा ४०
४२. नन्दुत्तरा ४२
४३. मित्रकाली ४४
४४. सकुला ४५
४५. सोणा ४७
४६. भद्रा कुण्डलकेशा ४९
४७. पटाचारा ५३
४८. तीसजना पटाचाराकी शिष्यहरू ५८
४९. चन्द्रा ६०
५०. पचासजना पटाचाराकी शिष्या भिक्षुणीहरू ६२
५१. वाशिष्ठी ६३
५२. क्षेमा ६५

Downloaded from http://dhamma.digital/

५३. सुजाता ६८
५४. अनुपमा ७०
५५. महाप्रजापती गौतमी ७१
५६. गुप्ता ७४
५७. विजया ७५
५८. उत्तरा ७७
५९. चाला ७८
६०. उपचाला ८०
६१. शिशूपचाला ८३
६२. वड्ढमाता ८५
६३. कृशागौतमी ८८
६४. उत्पल वर्णा ९४
६५. पूर्णा ९९
६६. आम्रपाली १०३
६७. रोहिणी ११०
६८. चापा ११५
६९. सुन्दरी १२४
७०. शुभा १३२
७१. शुभा २ १३९
७२. ऋषिदासी १४८
७३. सुमेधा १५९
सहायक ग्रन्थहरूको नामावली १७६

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

# थेरी–गाथा

## प्रथम वर्ग

### १. कोही एक भिक्षुणी

यिनी अतीत समयमा एक विशिष्ट कुलमा जन्मिन् । कोणागमन बुद्धको उपदेश श्रवण गरी, सुदृढ श्रद्धावती भइन्, कोणागमन बुद्धलाई निमन्त्रण गरीकन विभिन्न दान दिएर आमरण श्रद्धासहित सेवा परायणा भइन् । सारा जीवन सुकर्मको कारणले देहान्तपछि देवलोकमा जन्मिन् ।

काश्यप बुद्धको पालामा देवलोकबाट च्युत भएर मनुष्य लोकमा जन्मिन् । त्यस जन्ममा काश्यप बुद्धको शिष्या भई संसार त्याग गरिन् । पुनः देहान्तपछि देवलोकमा जन्मिन् ।

यस अन्तिम जन्ममा, गौतम बुद्धको समयमा वैशालीको क्षत्रीय कुलमा जन्मिन् । पदमर्यादा सम्पन्न पतिका साथमा नै विवाह भयो । गौतम बुद्ध बैशालीमा आउनु हुँदा वहाँको उपदेश श्रवण गरी उपासिका बनिन् । एक दिन महाप्रजापति गौतमीको उपदेश सुनी भिक्षुणी हुने विचार प्रकट गरिन् । तर स्वामीज्यूको सहमति नहुनाले गृहस्थ धर्ममा नै जीवन बिताईरहिन् साथै सांसारिक कर्त्तव्य पालन गर्दै नै रहिन् । तर चित्त भने धर्मको चिन्तनमा नै मग्न गरी जीवन बिताईरहिन् । एकदिन चुल्हामा कढाइ बसालेर तरकारी बनाउँदै थिइन् । अकस्मात आगो ज्यादा बलेकोले तरकारी भस्मीभूत भयो । तरकारी भस्मीभूत भएको कारणलाई लिएर सबै वस्तु नै अनित्यको गम्भीर ज्ञानलाई बुझे अनि अनागामीको मार्गमा प्रतिष्ठित भइन् । त्यसै समयदेखि रत्नादि अलंकार लाउन छाडिन् । साधारण जीवन बिताइरहेकी


Downloaded from http://dhamma.digital/

देखेर स्वामीले सोध्नुभयो - तिमीले किन साधारण वस्त्र पहिरीरहेकी ? उनले भनिन् - स्वामी गहना वस्त्रले अलंकृत भई सौन्दर्यतामा मुग्ध भएर जीवन बिताउन चाहन्न । जे भएता पनि म यस गृहस्थाश्रममा बस्न मनै लाग्दैन । यस प्रकारको कुरा सुनेर स्वामीले महाप्रजापति गौतमी कहाँ गई प्रार्थनापूर्वक भिक्षुणी गरी दिए । महाप्रजापतिले यिनलाई भगवान बुद्ध कहाँ लग्नुभयो । भगवान बुद्धले यिनको महान वैराग्यलाई थाहा पाउनु भई, अन्तर्दृष्टि उत्पन्न भएको घटनालाई लक्ष्य गरी निम्न गाथा भन्नु भयो -

१. **"सुखं सुपाहि थेरिके, कत्वा चोलेन पारुता ।**
**उपसन्तो हि ते रागो, सुक्खडाकंव कुम्भिय"न्ति ॥**

१) थेरी ! तिमी राम्रोसँग सुत । आफ्नो हातले सिइएको चीवर पहिरी तिमीले परमशान्ति पाउन सिक । कढाईमा भस्मीभूत तरकारी झैं तिम्रो राग पनि सुकेर शान्त भई सक्यो ।

यिनले अर्हत्व लाभ गरेपछि सदैव नै उक्त गाथालाई पुनरावृत्ति गर्थिन् । यो तिनकै उच्चारित गाथाको रूपमा बन्यो ।

Dhamma.Digital

## २. मुत्ता

मुत्ता, अतीत बुद्धहरूको पालामा दृढ संकल्पको बलले जन्मजन्मान्तरमा पुण्य राशि आर्जन गर्दै यस अन्तिम जन्ममा, गौतम बुद्धको समयमा श्रावस्ती नगरको एक ब्राह्मण कुलमा जन्मिन् । बीस वर्षको उमेरमा घर त्याग गरेर महाप्रजापति गौतमी कहाँ शिक्षमाणाको रूपमा जीवन बिताउँदै रहिन् । एकदिन भिक्षाटनबाट फर्केर, नियमित काम सकेपछि शुन्य स्थानमा गइकन ध्यानमा बसिन् । त्यही बेलामा भगवान बुद्ध त्यहाँ उपस्थित हुनु भई उनीलाई उत्साहित गर्नका निमित्त निम्न गाथा सुनाउनु भयो -

Downloaded from http://dhamma.digital/

२. **“मुत्ते मुच्चस्सु योगेहि, चन्दो राहुग्गहा इव ।**
**विप्पमुत्तेन चित्तेन अनणा भुञ्ज पिण्डक”न्ति ॥**

२) “मुक्ता ! बन्धनबाट तिमी मुक्त होऊ । राहुरूपी ग्रहणले मुक्त चन्द्रमा झैं मुक्त होऊ । विमुक्ति प्राप्त चित्तद्वारा, ऋणबाट मुक्त भएर मात्रै तिमीले भोजन गर ।”

उक्त उपदेशबाट यिनले प्रेरणा पाई स्थिर लक्ष राखेर अविलम्व अर्हत लाभ गरिन् । अर्हत लाभिनी भएर पनि उक्त गाथालाई मृत्युको पूर्वकालसम्म पुनरावृत्ति गर्दथिन् ।

## ३. पूर्णा

पूर्णाले जन्मजन्मान्तरमा अतीत बुद्धहरूको पालामा सुकृति कर्म संचय गरेर एकपल्ट चन्द्रभागा नदीको तीरमा अप्सरा भएर जन्म लिइन् । त्यस समयमा विश्वका ज्ञान दायक कुनै पनि बुद्ध थिएन । यिनले एकदिन प्रत्येक बुद्धलाई पूजा गरिन् । त्यस पुण्यको प्रभावले स्वर्गमा जन्म लिइन् ।

गौतम बुद्धको समयमा यिनले श्रावस्ती नगरको शाक्य कुलमा पूर्णा नाउँ लिएर जन्मिन् । यिनले महाप्रजापति गौतमीको उपदेश श्रवण गरी घर छाडेकी थिइन् । एकदिन ध्यान मग्न भएर बसेको बेला भगवान बुद्धले आफ्नो अलौकिक प्रभावद्वारा गन्धकुटी विहारमै विराजमान हुनु भई निम्न गाथा आज्ञा हुनु भयो -

३. **“पुण्णे पूरस्सु धम्मेहि, चन्दो पन्नरसेरिव ।**
**परिपुण्णाय पञ्ञाय, तमोखन्धं पदालया”ति ॥**

३) “पूर्णे ! तिमीले पूर्णतालाई प्राप्त गर । पूर्णिमाको चन्द्रमा झैं कल्याणकारी धर्मलाई पूर्ण गर । प्रज्ञाको परिपूर्णताले अन्धकारको पुञ्जलाई नाश गर ।”

Downloaded from http://dhamma.digital/

उक्त गाथा श्रवण गरेपछि पूर्णाको अन्तरदृष्टि विकसित भई अर्हत्व लाभ गरिन् । प्रज्ञाको उन्मेषमा उल्लासित हृदयले बारम्बार पाठ गर्दथिन् ।

## ४. तिष्या

अतीत बुद्धहरूको पालामा पुण्य संचय गरेर, तिष्या, गौतम बुद्धका समयमा कपिलवस्तुको शाक्य कुलमा जन्म लिइन् । महाप्रजापति गौतमी सङ्गै भिक्षुणी भएर अन्तर्दृष्टिको साधनामा लागेकी थिइन् । पूर्णाले झैं तिष्याले पनि बुद्धद्वारा गाथा सुने -

४. **"तिस्से सिक्खस्सु सिक्खाय, मा तं योगा उपच्चगुं ।**
**सब्बयोगविसंयुत्ता, चर लोके अनासवा"ति ॥**

४) "तिष्ये ! तिमीले शिक्षा लेऊ । महान योग तिमीबाट खेर नजावस् । सबै बन्धनबाट मुक्त भएर, अनाश्रवी भई लोकमा विचरण गर ।"

## ५. अन्य नामकी तिष्या

५. **"तिस्से युञ्जस्सु धम्मेहि, खणो तं मा उपच्चगा ।**
**खणातीता हि सोचन्ति, निरयम्हि समप्पिता"ति ॥**

५) "तिष्ये ! अत्युत्तम धर्मलाई अनुशीलन गर्नमा यत्नवती होऊ । समय खेर नफाल । समय खेर जाँदा अफशोच गर्नु पर्ने हुन्छ, नरकमा पनि जन्मिनु पर्ने हुन्छ ।"


Downloaded from http://dhamma.digital/

## ६. धीरा

६. “धीरे ! निरोधं फुसेहि, सञ्ञावूपसमं सुखं ।
आराधयाहि निब्बाणं, योगक्खेममनुत्तर”न्ति ॥

६) “धीरा ! चित्तवृत्तिको निरोधमा लाग, संज्ञाको उपशमन नै सुखमय हो । तिमीले निर्वाणलाई आराधना गर, जुन योग महामङ्गलमयी-अत्युत्तम छ ।”

## ७. अन्यनामकी धीरा

७. “धीरा धीरेहि धम्मेहि, भिक्खुनी भावितिन्द्रिया ।
धारेहि अन्तिम देहं, जेत्वा मारं सवाहन”न्ति ॥

७) “धीरा ! आफ्नो दृढ धर्मद्वारा भावितिन्द्रिय भिक्षुणी भई, अब तिमीले मार र त्यसका सेनालाई पराजित गरी अन्तिम शरीरलाई धारण गरी बस ।”

Dhamma.Digital

## ८. मित्रा

८. “सद्धाय पब्बजित्वान, मित्ते मित्तारता भव ।
भावेहि कुसले धम्मे, योगक्खेमस्स पत्तिया”ति ॥

८) “मित्रा ! श्रद्धापूर्वक प्रव्रजित भएपछि मैत्री भावापन्न होऊ । कुशल धर्मलाई भावना गरी, सर्वोत्तम शान्तिदायक प्राप्त गर्नेछ्यौ ।”


Downloaded from http://dhamma.digital/

## ९. भद्रा

९. सद्धाय पब्बजित्वान, भद्रे भद्ररता भव ।
भावेहि कुसले धम्मे, योगक्खेममनुत्तर"न्ति ॥

९) "भद्रे ! तिमी श्रद्धा सहित प्रव्रजित भएपछि कल्याण हुने भद्रतामा लीन होऊ । कुशल धर्मलाई भावना गरी सर्वोत्तम शान्तिपद प्राप्त गर्नेछ्यौ ।"

## १०. उपशमा

१०. "उपसमे तरे ओघं मच्चुधेय्यं सुदत्तरं ।
धारेहि अन्तिमं देहं, जेत्वा मारं सवाहन"न्ति ॥

१०) "उपशमे ! पारलाग्नलाई कठिन मृत्युराजको बाढबाट पार लाग । ससैन्य मारलाई जितेर अन्तिम शरीर धारण गर ।"

## ११. मुक्ता

मुक्ताले अतीत बुद्धका पालामा पुण्य राशी सञ्चय गरी गौतम बुद्धको समयमा मुक्ताको जन्म कोशल जनपदमा एक दरिद्र ब्राह्मणको घरमा भयो । ठूली भएपछि एकजना कुप्रिएको दरिद्र ब्राह्मणसँग विवाह भयो । एकदिन मुक्ताले आफ्नो स्वामीलाई बिन्ति गंरिन् - स्वामी ! गृहस्थाश्रममा जीवन बिताउन म असमर्थ छु । यिनको इच्छानुसार नै स्वामीले भिक्षुणी हुने वचन दिए । अनि यिनी भिक्षुणी भइन् । अन्तर्दृष्टि परिशुद्धको निमित्त विपस्सना साधनामा लागिन् । तर चित्त बाहिरी वस्तुमा भुल्न लाग्यो । त्यसबाट उम्किनलाई आत्म संयममा लागेर अर्हत्पद प्राप्त गरिन् । त्यही ज्ञान प्राप्तिको उल्लासमा हर्षित भई गाउँदथिन् -


Downloaded from http://dhamma.digital/

११. "सुमुत्ता साधुमुत्ताह्मि, तीहि खुज्जेहि मुत्तिया।
उदुक्खलेन मुसलेन, पतिना खुज्जकेन च।
मुत्ताह्मि जाति मरणा, भवनेत्ति समुहता"ति॥

११) "म मुक्त भएँ, सुविमुक्त भएँ। कुप्रिएको तीनै वस्तुबाट मैले मुक्ति पाएँ। ओखलि, मुषल र कुप्रिएको स्वामीको तर्फबाट मुक्त भएँ। जन्म र मरणको चक्रबाट मुक्त भएँ। मेरो संसार रूपी बन्धन चुँडियो।"

## १२. धर्मदिन्ना

पद्मोत्तर बुद्ध हंसवती नगरमा विहार गर्नु हुँदा यिनले नोकरी गरी जीवन यापन गर्दथिइन्। एकदिन पद्मोत्तर बुद्धको अग्रश्रावक हुनु भएका सुजात भन्तेलाई प्रसन्न चित्तले रोटी र भोजन दान गरिन्। यस पुण्यको प्रभावले यिनका मालिकले आफ्नी बुहारी बनाए। पद्मोत्तर बुद्ध कहाँ धर्मोपदेश श्रवण गर्न ससुरासँगै यिनी पनि गइन्। त्यस बखत धर्मकथिक भिक्षुणीहरूमध्ये एकजना भिक्षुणीलाई अग्रपद दिनुभयो। त्यस पद पाउनका लागि यिनले पनि ससंघ लोकनाथलाई सोही स्थानको निम्ति प्रार्थना गरिन्। मैत्री युक्त चित्तले सारा जीवन प्रत्ययहरूद्वारा उपस्थान गरिन्। यस पुण्यको कारणले त्रायत्रिंश देव भूवनमा जन्मिन्।

यसै भद्रकल्पमा ब्रह्मबन्धु काश्यप बुद्धको पालामा वाराणसीका राजा किकीकी छैठौं सुपुत्री सुधर्मा नाउँ लिएर जन्मिन्। पिताको तर्फबाट प्रव्रजित हुने वचन नपाएकोले बीसहजार वर्षसम्म ब्रह्मचर्य पालन गर्दै नित्य बुद्धको उपस्थान गर्दथिइन्। त्यस पुण्यको प्रभावले त्रायस्त्रिंश देव लोकमा जन्मिन्।



Downloaded from http://dhamma.digital/

गौतम बुद्धको समयमा यिन्को मनुष्यलोकमा जन्मेर राजगृह नगरको विशाख भन्ने समृद्धशाली श्रेष्ठीसँग विवाह भयो । एकदिन यिनको स्वामीले गौतम बुद्धको उपदेश श्रवण गरी अनागामित्व प्राप्त गरे । त्यहाँबाट फर्केपछि गम्भीर ज्ञानदृष्टि लिएर घरमा आए । घरमा आइपुग्दा धर्म दिन्नाले नाना प्रकारले प्रेमभाव प्रदर्शन गरिन् । तर प्रेमको बदलामा प्रेम नदर्शाई शान्त भएर बसे । संध्याकालमा खानलाई बसे । तर शान्तपूर्वक चुपचापका साथ खाना खाए । धर्मदिन्नाले आश्चर्य हुँदै विनम्रभावले सोधिन् - स्वामी ! मेरो तर्फबाट तपाईप्रति कुनै अपराध भयो कि ? विशाखले भने- "धर्मदिन्ना ! तिम्रो कुनै दोष छैन । बरू मैले नै आज देखि स्त्रीहरूलाई कामरागवश स्पर्श गर्ने र भोजनको सुस्वादमा लोलुपता गर्ने छैन । यदि तिमीलाई इच्छा भए घरमा बस । इच्छा नभएमा तिमीले जति धन लिएर जान मन गर्छ्यौ, त्यति नै धन लिएर तिमी माइत जान सक्छ्यौ ।" तर धर्मदिन्ना घर गृहस्थीमा भूल्न मन गरिनन् । स्वामीको अनुमति लिएर धर्मदिन्ना भिक्षुणी भई एकान्त निर्जनस्थानमा बसेर साधनामा लागिन् । चाँडै नै यिनले अर्हत्वलाभ गरिन् । यिनलाई स्वयं गौतम बुद्धको श्रीमुखबाट धर्म प्रचार गर्ने भिक्षुणीहरू मध्येमा अग्रपद दिनुभयो ।

Dhamma.Digital

तिनी जब निर्वाण मार्गमा लागिरहेकी थिइन् र प्रयत्न गरी रहेकी थिइन् तब गाथा व्यक्त गरेकी थिइन् -

१२. **"छन्दजाता अवसायी, मनसा च फुटा सिया ।**
**कामेसु अप्पटिबद्धचित्ता, उद्धं सोता ति वुच्चती"ति ॥**

१२) "जसले सम्पूर्ण अन्तःकरणको वृत्तिबाट परम शान्तिको इच्छा गर्दछ, अनि भोग-तृष्णाको आकर्षणमा प्रलुब्ध हुँदैन, उसलाई नै उर्ध्वश्रोत (संसारको श्रोतबाट माथि उठेको) भन्दछन् ।"



Downloaded from http://dhamma.digital/

## १३. विशाखा

विशाखाको जीवनी धीरा भिक्षुणीकै जस्तै नै हुन् । विशाखाले पनि विमुक्ति सुखको अनुभव गर्दै निम्न गाथा गाउँदथिन् -

१३. **"करोथ बुद्ध सासनं, यं कत्वा नानुतप्पति ।**
**खिप्पं पादानि धोवित्वा, एकमन्ते निसीदथा"ति ॥**

१३) "बुद्ध शासनको अनुगामी भएर जुन गरेपछि अनुताप लिनु पर्दैन । शीघ्र पाउ पखालि एकान्तस्थलमा ध्यान गरेर बस ।"

## १४. सुमना

सुमनाको जीवनी तिष्याको जस्तै नै हो । सुमना भिक्षुणीको सम्मुखमा भगवान बुद्ध योगबलले उपस्थित हुनुभए जस्तै प्रकाशित हुनुभई भन्नु भयो -

१४. **"धातुयो दुक्खतो दिस्वा, मा जाति पुनरागमि ।**
**भवे छन्दं विराजेत्वा, उपसन्ता चरिस्ससी"ति ॥**

१४) "संसारका सबै आधार (धातु) लाई दुःखमय देखेर पुनः जन्म नलेऊ । जन्मिने इच्छाबाट रहित भई, परमशान्त भई विचरण गर ।"

## १५. उत्तरा

उत्तराको जीवनी तिष्याको जस्तै नै हो । जुन गाथाको सहायताले अर्हत्व लाभीनी भएकी थिइन् । त्यही गाथा सिद्धिलाभान्तमा उल्लासित हृदयले गाउँदथिन् ।


Downloaded from http://dhamma.digital/

१५. "कायेन संवुता आसिं, वाचाय उद चेतसा ।
समुलं तण्हमब्बुह्य, सीतिभूताह्मि निब्बुता"ति ॥

१५) "शरीर वचन र मन संयम गरी, तृष्णाको मूललाई विनष्ट गरी, अहिले म शान्त भई निर्वाणलाई लाभ गरें ।"

## १६. अन्यनामकी सुमना

यिनले पनि अतीत बुद्धहरूको समयमा दृढ संकल्पित भई जन्मजन्मान्तरमा पुण्यार्जन गरी गौतम बुद्धको समयमा सुमना नाम लिई श्रावस्तीमा जन्मिन् । सुमना कोशल राजा प्रसेनजितकी बहिनी हुन् । प्रसेनजित राजालाई भगवान बुद्धले दिनु भएको उपदेशलाई सुमनाले पनि श्रवण गर्दा, बुद्ध धर्ममा श्रद्धावती भएकी थिइन् ।

संसारका कुनै पनि विषयभोगको आसक्तिमा नपरी समय बिताउँदै गइन् । यिनी यथासमयमा प्रव्रजित हुन सकिनन् । कारण यिनकी बज्यै जबसम्म जीवित रहन्छिन् तबसम्म सेवा गर्नु परम कर्त्तव्य सम्झन्थिन् । जब बज्यै परलोक भइन् तब दाजु प्रसेनजितको वचन लिएर वृद्धावस्थामा पुग्दा भिक्षुणी भइन् । भगवान बुद्धले सुमनाको पूर्व ज्ञानावस्था देख्नु भई निम्न गाथा आज्ञा गर्नु भयो -

१६. "सुखं त्वं वुड्ढिके सेहि, कत्वा चोलिन पारूता ।
उपसन्तो हि ते रागो, सीतिभूतासि निब्बुता"ति ॥

१६) "वृद्धा ! तिमी सुख पूर्वक सुत । आफ्नै हातले सिइएको चीवर पहिरी उपशान्त भएको तिम्रो रागले निर्वाणलाई प्राप्त गरिकन परम शान्तिपदकी होऊ ।"

## १७. धम्मा

अतीत बुद्धहरूको पालामा यिनले दृढ संकल्प पूर्वक जन्म जन्मान्तरमा धेरै पुण्य गरेकी थिइन् । गौतम बुद्धको समयमा श्रावस्तीको घरानी कुलमा धम्माले जन्म लिइन् । गौतम बुद्धले प्रचार गर्नु भएको



Downloaded from http://dhamma.digital/

धर्ममा आस्थावान भइन्। भिक्षुणी हुने इच्छा भएता पनि स्वामीको स्वीकृति नपाएकी हुनाले भिक्षुणी संघमा प्रवेश गर्न पाइनन्। स्वामीको देहान्त पश्चात नै धम्मा भिक्षुणी भइन्। यिनी एकदिन भिक्षा लिएर फर्की रहेकी बेला विहारको आंगनमा निर्बलताको कारणले पछारिन पुगिन्। त्यसै अवस्थामा नै समाधिको आलम्वन गरी ध्यानाभिमूख भई अर्हत्व लाभ गरिन्। आफूले विजय गरेकी उल्लासमा निम्न श्लोक गाउँदथिन् -

१७. **"पिण्डपातं चरित्वान, दण्डमोलुब्भ दुब्बला।**
**वेधमानेहि गत्तेहि, तत्थेव निपतिं छमा।**
**दिस्वा आदिनवं काये, अथ चित्तं विमुच्चि मे"ति॥**

१७) "दुर्बलताको कारणले लट्ठीको सहायता लिएर भिक्षाको निम्ति चारिका गर्दै धेरै टाढासम्म पुगें। क्लान्त, दुर्बलताको कारणले लट्ठीको भरोसामा आउँदा आउँदै विहारको अगाडि धलमलिँदै पछारिएँ। पछारिंदा नै शरीरको दोषलाई देखें, शरीर भुईंमा नै थियो, तर चित्त विमुक्त भयो।"

## १८. संघा

संघाको जीवनी भिक्षुणी धीराको जस्तै हो। संघाले आफ्नो जीवनको अनुभव गर्दै भन्छिन् -

१८. **"हित्वा घरे पब्बजित्वा, हित्वा पुत्तं पसुं पियं।**
**हित्वा रागञ्च दोसञ्च, अविज्जञ्च विराजिय।**
**समूलं तण्हमब्बुह्य, उपसन्ताह्मि निब्बुता"ति॥**

१८) "घर त्यागें, प्रिय पुत्र र पशुलाई त्यागेर प्रव्रजित भएँ। राग र द्वेषलाई त्यागें अविद्यालाई दूर हटाएँ। तृष्णालाई समूलोच्छेद गरी निर्वाण रूपी परम शान्तिलाई साक्षात्कार गरें।"

✪ ✪ ✪



Downloaded from http://dhamma.digital/

## द्वितीय वर्ग

# १९. अभिरूपा नन्दा

विपस्सि बुद्धको पालामा बन्धुमती नगरको महाधनवान कुलमा यिनले जन्म लिएकी थिइन् । त्यस समयमा विपस्सि बुद्धको धर्मोपदेश सुनेर धर्मानुरागी अनि शीलवान भएकी थिइन् ।

विपस्सि बुद्ध परिनिर्वाण भएपछि वहाँको धातुलाई पूजार्थ रत्न जडिएको सुनको छाता दान दिएकी थिइन् । त्यस पुण्यको प्रभावले त्रायस्त्रिंश देवलोकमा अरूले भन्दा पनि दश प्रकारको सुख ऐश्वर्यले विशिष्ट रूपमा भोग गर्न पाइन् । गौतम बुद्धको समयमा कपिलवस्तु नगरको क्षमक नाउँ गरेका शाक्य कुलमा नन्दा नाउँ लिई जन्मिन् । यिनको रूपले मनलाई अति नै मुग्ध गराउने भएकीले अभिरूपा नन्दा भन्ने नाउँले चिनिन थालिन् । यिनको स्वयंवर चरदूत शाक्यसँग भयो । तर स्वयंवर गरेको दिनमा नै चरदूत कुमारको मृत्यु भयो । त्यसकारण यिनको माता पिताले इच्छा विपरित भएतापनि यिनलाई प्रव्रजित गराई भिक्षुणी संघमा प्रवेश गराई दिए । संघमा प्रवेश गरेतापनि नन्दालाई आफ्नो रूपको अभिमान थियो । आफ्नो रूपलाई हेरेर नन्दा आफै मुग्ध हुन्थिन् । आफ्नो रूपको अभिमानले गर्दा नन्दा भगवान बुद्धको दर्शन गर्न जान मन गर्दैन थिइन् । यिनलाई बुद्धको दर्शन गर्न जाँदा सौन्दर्यतालाई तुच्छ र दोषले भरिएको उपदेश सुन्नु पर्ला भन्ने भय थियो । तर भगवान बुद्धले थाहा पाउनु भएको थियो कि नन्दाले ज्ञान लाभ गर्न सक्छिन् । यसकारण भगवान बुद्धले महाप्रजापति गौतमीलाई आज्ञा गर्नुभयो - समस्त भिक्षुणीहरू म कहाँ आई धर्म श्रवण गर्नुपर्छ । तर नन्दाले आफ्नो पालोमा अरू नै भिक्षुणी पठाउँथिन् । भगवानले पनि आफ्नो पालोमा अरू भिक्षुणी नपठाउने आदेश दिनुभयो । बिना इच्छाले करैले पनि बुद्ध कहाँ अभिरूपा नन्दा गइन् । भगवानले आफ्नो अलौकिक योगबलद्वारा एउटी अप्सरा निर्माण गरी नन्दालाई


Downloaded from http://dhamma.digital/

देखाउनु भयो । सोही अप्सरा केही समय पछि क्रमानुसार बुढी र मृत्यु भएको दर्शाई दिनु भयो । त्यस विनाश रूपी शरीरलाई देखेर यिनको मनमा अनित्यको छाप पऱ्यो । नन्दाको मन अनित्यतामा लागेको देख्नु भई भगवानले निम्न गाथा सुनाउनु भयो -

१९. "आतुरं असुचिं पूतिं, पस्स नन्दे समुस्सयं ।
असुभाय चित्तं भावेहि, एकग्गं सुसमाहितं ।

२०. "अनिमित्तञ्च भावेहि, मानानुसयमुज्जह ।
ततो मानाभिसमया, उपसन्ता चरिस्ससी"ति ॥

१९) "नन्दा ! अशुचि, दुर्गन्धित र रोगको घर भएको यो शरीरलाई ध्यान दिएर हेर । सुसमाहित एकाग्र चित्तले अशुभ भावना गर ।

२०) अनित्य, दुःख र अनात्माको भावना गरी अहंकारबाट मुक्त होऊ । अहंकारबाट मुक्त भएर परमशान्तिलाई लाभ गरी विचरण गर ।"

## २०. जयन्ती

यिनको अतीत जीवन सुन्दरी नन्दाको जस्तै नै हो । लिच्छवीको राजकुलमा जयन्तीले जन्म लिइन् । भगवान बुद्धको धर्मोपदेश सुनेर अर्हत्व लाभ गरिन् । आफ्नो जीवनमा परिवर्तन आएको देखेर आनन्दित भई निम्न गाथा गाउँदथिन् ।

२१. "ये इमे सत्त बोज्झङ्गा, मग्गा निब्बाण पत्तिया ।
भाविता ते मया सब्बे, यथा बुद्धेन देसिता ॥

२२. "दिट्ठो हि मे सो भगवा, अन्तिमोयं समुस्सयो ।


Downloaded from http://dhamma.digital/

**विक्खीणो जाति संसारो, नत्थि दानि पुनब्भवो"ति ॥**

२१) "जुन यी सप्त बोध्यङ्ग निर्वाण प्राप्तार्थ मार्ग हुन्। बुद्धले देशना गर्नु भएका ती सबै भावना गरैं।

२२) "भगवानलाई मैले दर्शन गरैं। यो मेरो अन्तिम शरीर हो। संसारमा जन्म लिनबाट विच्छिन्न भयो, अब पुनर्जन्म लिनु पर्ने छैन।"

## २१. सुमंगल माता

अतीत बुद्धहरूको समयमा यिनले दृढतापूर्वक पुण्य कर्म गारेन्। जन्मजन्मान्तरमा सुख दुःखको अनुभवको साथसाथै पुण्यको पुष्पमाला पनि गाँस्दथिन्। यिनले गौतम बुद्धको समयमा श्रावस्तीको एक गरीब कुलमा जन्म लिइन्। यिनलाई छाता बनाउने पुरुषसँग विवाह गरी दियो। विवाह पश्चात यिनले एक सुपुत्र जन्माइन्। सुपत्रको नाउँ सुमंगल राखियो। पछि सुमंगलले घर त्यागेर भिक्षु हुनुभयो। भिक्षु भएपछि वहाँको नाउँ प्रसिद्ध भयो। वहाँको आमा पनि भिक्षुणी भइन्। तर यिनलाई कुनै एकजना भिक्षुणी भनेर चिन्दथ्यो। छोरा सुमङ्गलको नाउँ चलेकोले पछि यिनलाई सुमङ्गल माता भनेर सम्बोधन गर्न थाले। भिक्षुणी जीवनमा आफ्नो दरिद्र पारिवारिक जीवनलाई स्मरण गरी चित्तमा संवेग जगाई पुरुषार्थ पूर्वक अन्तर्दृष्टि विकास गरी प्रज्ञावान भई अर्हत्व लाभ गरिन्। आफ्नो सफलताको कारण यिनले निम्न उद्‌गार व्यक्त गरिन् -

२३. **"सुमुत्तिका सुमुत्तिका, साधुमुत्तिकाम्हि मुसलस्स।**
**अहिरिको मे छत्तकं वापि, उक्खलिका मे देड्डुभंवा"ति ॥**

२४. **"रागञ्च अहं दोसञ्च, चिच्चिटि चिच्चिटीति विहरामि**

Downloaded from http://dhamma.digital/

सा रुक्खमूलमुपगम्म, अहो सुख न्ति सुखतो झायामी" ति ॥

२३) "म सुमुक्त भएँ, म सुमुक्त भएँ। मुषल लिएर काम गर्नबाट म राम्रोसँग मुक्त भएँ। मैलो भाँडा जस्तै मेरो मलिन शरीर, अनि स्वामीले बनाउने छाताको चुच्चो भन्दा पनि दुब्लो शरीर थियो मेरो।"

२४) "राग र द्वेषलाई मैले छिन्न विच्छिन्नको साथ नाश गरेर स्वच्छन्द रूपले रूखमुनि गई बस्दछु। अहो म कति सुखी ! म कति सुखका साथ ध्यानमा बस्दछु।"

## २२. अड्ढकासी

यस भद्रकल्पमा, काश्यप बुद्धको समयमा यिनले प्रव्रजित भई इन्द्रिय संयम र प्रातिमोक्ष शील पालन गर्दथिइन्। तर एकपल्ट अति नै वृद्धा अर्हत भिक्षुणीलाई द्वेष चित्तले वेश्या भनेर आरोप लगाएकी थिइन्। अर्हत भिक्षुणी प्रति दोषारोपण गरेको पापकर्मले गर्दा नरकमा दुःख भोग्नु पऱ्यो। प्रातिमोक्ष शील पालन गरेकीले अप्सरा झैं सुन्दरी भइन्। पाप कर्मको विपाक पूर्ण रूपले नाश नभएको हुनाले काशी नगरको वेश्या हुनु पऱ्यो। गौतम बुद्धको धर्म प्रति यिनको श्रद्धा थियो। यसकारण श्रावस्तीमा गएर बुद्धोपदेश श्रवण गरी भिक्षुणी हुने मनसाय गरिन्। तर अरू सहकर्मीहरूले बाधा पुऱ्याउँदथ्यो। आफ्नो मनसायको कुरा सुनाउन एकजना दूतलाई भगवान कहाँ पठाए। दूतको तर्फबाट नै भिक्षुणी हुनलाई भगवानले आज्ञा दिनु भयो। अड्ढकासी श्रद्धासहित भिक्षुणी भइन्। पछि यिनले ध्यानमा बसेर ज्ञानार्जन गरी अर्हत लाभ गरिन्। अर्हत भएपछि यिनले निम्न उद्‌गार व्यक्त गरिन् -

Downloaded from http://dhamma.digital/

२५. "याव कासिजनपदो, सुङ्को मे तत्थको अहु ।
तं कत्वा नेगमो अग्घं, अड्ढेनग्घं ठपेसि मं ॥

२६. "अथ निब्बिन्दहं रूपे, निब्बिन्दञ्च विरज्जहं ।
मा पुन जाति संसारं, सन्धावेय्यं पुनप्पुनं ।
तिस्सो विज्जा सच्छिकत्वा, कतं बुद्धस्स सासन"न्ति ॥

२५) "काशी जनपदको राजस्व भन्दा मेरो पारिश्रमिकको आम्दानी कम थिएन । नगरवासीहरूले त्यसै मूल्यलाई मूल्याङ्कन गरी मलाई अमूल्य मान्दथ्यो ।

२६) "तर अहिले म सौन्दर्य रूप प्रति निर्वेद (आकर्षण रहित) भएँ । रागबाट निर्विद प्राप्त गरेँ । मैले पुनः जन्म लिनु पर्दैन । जन्म र मृत्युको संस्कारमा पुनः पुनः उत्पन्न नहुने भएँ । त्रिविद्यालाई साक्षात्कार गरिकन बुद्धोपदेशलाई पूर्ण गरेँ ।"

## २३. चित्रा

यी भिक्षुणी पनि अतीतका बुद्धहरूको पालाामा दृढ सङ्कल्पित भई जन्म जन्मान्तारमा पुण्य सँग्रह गरी एकपल्ट यिनी देवप्सरा भएर जन्मेकी थिइन् । त्यसै जन्ममा एकजना प्रत्येक बुद्धलाई पुष्पद्वारा पूजा गरिन् । त्यस पुण्यको प्रभावले देव र मनुष्य योनिमा जन्म ग्रहण पूर्वक गौतम बुद्धको समयमा राजगृह नगरको महासेठ ब्राह्मण कुलमा चित्राले जन्म लिइन् । यिनले राजगृह नगरको प्रवेश द्वारमा बुद्धको उपदेश सुनेकी थिइन् । एकदिन महाप्रजापति गौतमी कहाँ गई भिक्षुणी भइन् । वृद्धावस्थामा गृद्धकुट पर्वतको शिखरमा ध्यानावस्थित भई अर्हत्व प्राप्त गरिन् । यिनले आफ्नो अनुभवको वर्णन गर्दै गाउँदथिन् -


Downloaded from http://dhamma.digital/

२७. "किञ्चापि खोह्मि किसिका, गिलाना बाल्हदुब्बला ।
दण्डमोलुब्भ गच्छामि, पब्बतं अभिरुह्यि ।।

२८. "सङ्घाटिं निक्खिपित्वान, पत्तकञ्च निकुज्जिय ।
सेले खम्भेसिमत्तानं, तमोखन्धं पदालिया"ति ।।

२७) "म बलहीन दुब्ली, रोगाहा औधि नै निर्बला, लट्ठीको सहायताले पर्वतको शिखरमा आरोहण गरैं ।

२८) मेरो काँधबाट चीवर खस्यो, पात्र खसेर फुट्यो, पर्वतको नै आश्रय लिएर देह रक्षा गरैं, अन्धकारको पुञ्जलाई नाश गरैं । "

## २४. मैत्रिका

अतीत बुद्धहरूको समयमा पूण्यराशि आर्जन गर्दै सिद्धार्थ बुद्धको आविर्भाव कालमा यिनी धनाढ्य कुलमा जन्मेकी थिइन् । सिद्धार्थ बुद्धको विहार निर्माण गर्नलाई रत्नले जडेको पेटि दान दिएर पूजा गरेकी थिइन् । त्यस सुकर्मको कारण देवलोक र मनुष्यलोकमा जन्म ग्रहण गर्दै गौतम बुद्धको समयमा राजगृह नगरको महासेँठ ब्राह्मण कुलमा मैत्रिकाले जन्म लिइन् । अरू विषय सबै चित्रा भिक्षुणीकी जस्तै हुन् । अर्हत्व लाभ गरेपछि चित्राले झैं निम्न गाथा गाइन् -

२९. "किञ्चापि खोह्मि दुक्खिता, दुब्बला गतयोब्बना ।
दण्डमोलुब्भ गच्छामि, पब्बतं अभिरूह्यि ।।

३०. "निक्खिपित्वान सङ्घाटिं, पत्तकञ्च निकुज्जिय ।
निसिन्ना चह्मि सेलह्मि, अथ चित्तं विमुच्चि मे ।
तिस्सो विज्जा अनुप्पत्ता, कतं बुद्धस्स सासन"न्ति ।।


Downloaded from http://dhamma.digital/

२९) "म बलहीन दुब्ली, रोगाहा औधि नै दुर्बल, लट्ठी टेक्दै पर्वतको शिखरमा आरोहण गरें।

३०) मेरो काँधबाट चीवर खस्यो, पात्र खसेर फुट्यो। पर्वतको शिखरमा नै ध्यानमा बस्दा, मेरो चित्त विमुक्त भयो। त्रिविद्या लाभ गरी बुद्धोपदेशलाई पूर्ण गरें।"

## २५. मित्रा

विपस्सि बुद्धको पालामा यिनी धनले सम्पन्न कुलमा जन्मेकी थिइन्। यिनले एकजना अर्हत प्राप्त गर्नु भएकी भिक्षुणीलाई भोजन र मूल्यवान छाता दान दिएकी थिइन्। अन्तमा कपिलवस्तु नगरको शाक्यवंशमा मित्राले जन्म लिइन्। महाप्रजापति गौतमीसँगै नै गृह त्याग गरी अर्हत्व प्राप्त गरेपछि निम्न गाथा गाइन् -

३१. "चातुद्दसिं पञ्चदसिं, या च पक्खस्स अट्ठमी।
पाटिहारियपक्खञ्च, अट्ठङ्गसुसमागतं ॥

३२. "उपोसथं उपागच्छिं देवकायाभिनन्दिनी।
साज्ज एकेन भत्तेन, मुण्डा सङ्घाटिपारुता ॥
देवकायं न पत्थेहं विनेय्य हदये दर"न्ति ॥

३१) "औंसी, पूर्णे र पक्षको अष्टमी दिनमा, प्रतिहार पक्ष अष्टाङ्ग शील पालन गर्थें। उपोसथ व्रतद्वारा देवयोनि प्राप्तिको निम्ति अभिनन्दन गर्थें।

३२) "तर आज एक छाक खाई, केश मुण्डन गरी, चीवर पहिरी देवयोनिको निम्ति प्रार्थना गरें। हृदय दग्ध गर्ने आशालाई विनीत गरें।"



Downloaded from http://dhamma.digital/

# २६ अभय माता

अतीत बुद्धहरूको पालामा यिनले पुण्यार्जन गर्दै तिस्स बुद्धको आविर्भाव भएको समयमा, तिस्स बुद्ध भिक्षार्थ आउनु भएको देखेर वहाँको भिक्षापात्र लिएर सहर्ष पूर्वक भोजन दान गरेकी थिइन् । यही सुकृति कर्मको प्रभावले देवलोक र मनुष्यलोकमा जन्म ग्रहण गर्दै, उज्जैन नगरमा पद्मावतीले जन्म लिइन् ।

राजा बिम्बिसारले यिनको रूप सौन्दर्यताको प्रशंसा सुनेको हुनाले सम्बन्ध राखेको थियो ।

यिनको रूप सौन्दर्यताको प्रशंसा राजा बिम्बिसारले सुनेको हुनाले उज्जैनमा गई, पद्मावतीसँग सहवास भएको हुनाले एउटा सुपुत्र अभयकुमार जन्मियो । अभयकुमार राजा बिम्बिसारको प्रिय थियो । तर पछि अभयकुमार भिक्षु हुनुभयो । भिक्षु भएपछि आफ्नो आमालाई बुद्धोपदेश सुनाउनु भयो । छोराको उपदेश सुनेर पद्मावती भिक्षुणी भइन् । ध्यानमा मन लगाई अर्हत्व लाभ गरेपछि अभय माताले छोराबाट पाएको ज्ञान र आफ्नो अनुभवको विषयलाई लिएर निम्न गाथा गाउँदथिन् -

**३३. "उद्धं पादतला अम्म, अधो वे केसमत्थका ।**
**पच्चवेक्खस्सुमं कायं, असुचिं पूतिगन्धिकं ॥**

**३४. "एवं विहरमानाय, सब्बो रागो समूहतो ।**
**परिलाहो समुच्छिन्नो, सीतिभूताह्मि निब्बुता"ति ॥**

३३) "आमा ! अशुचि र दुर्गन्धले भरिएको यो शरीरलाई पैतलादेखि शिरसम्म प्रत्यवेक्षण गर ।

३४) यसै उपदेश ग्रहण गरी सबै रागलाई समूल नाश गरें । दग्ध हुने चित्तलाई समूलोच्छेदन गरी परम शान्ति निर्वाणलाई मैले लाभ गरें ।"


Downloaded from http://dhamma.digital/

# २७. अभया

अतीत बुद्धका पालामा यिनले अविचलित संकल्प लिएर जन्म जन्मान्तरमा सुकर्म पुण्यार्जन गर्दै शिखि बुद्धको पालामा महाधनवान कुलमा जन्म लिइन् । त्यस बखत शिखि बुद्धलाई रक्त पद्म फूलले पूजा गरिन् । गौतम बुद्धको समयमा उज्जैनको धनाढ्य कुलमा अभयाले जन्म लिइन् ।

अभय मातासँग अति नै मिल्ने साथी भएकीले अभया पनि भिक्षुणी भइन् । एकदिन शुन्यस्थानमा गई ध्यानमा बसिन् । त्यहाँ यिनी अति नै भयभीत भइन् । त्यसै बखतमा गौतम बुद्धले आफ्नो योगबलद्वारा अभया भिक्षुणीको सम्मुखमा उपस्थित हुनु भए झैं गरेर उपदेश दिनु भएको थियो । अभयाले शुद्ध हृदयले बुद्धवचनलाई सुनिन् र अर्हत्व लाभ गरेपछि निम्न गाथा गाइन् -

३५. **"अभये भिदुरो कायो, यत्थ सत्ता पुथुज्जना ।**
**निक्खिपिस्सामिमं देहं, सम्पजाना सतीमती ॥**

३६. **"बहूहि दुक्ख धम्मेहि, अप्पमादरताय मे ।**
**तण्हक्खयो अनुप्पत्तो, कतं बुद्धस्स सासन"न्ति ॥**

३५) "अभया ! यो शरीर क्षण भङगुर छ, पृथकजन यसमा भल्दछ । होशपूर्वक स्मृतिवान भई मैले यो देह त्याग्नेछु ।"

३६) मैले अनेक दु:ख धर्मलाई जानेर अप्रमादमा लीन भएर बसें । तृष्णालाई क्षय गरी, अनुत्पन्न हुने गरें र बुद्ध शासनलाई पूर्ण गरें ।"


Downloaded from http://dhamma.digital/

# २७. श्यामा

अतीत बुद्धहरूको पालामा दृढ संकल्प लिएर जन्म जन्मान्तरमा सुखमय जीवन यापनपूर्वक पुण्य संचय गर्दै गौतम बुद्धको समयमा कौशम्बि नगरको प्रतिष्ठावान नागरिकको परिवारमा श्यामाले जन्म लिइन् । कौशम्बिका राजा उदयनकी रानी श्यामावतीकी अति नै प्रिय साथी थिइन् । श्यामावतीको मृत्यु पश्चात शोकाकुल भै यिनले पनि प्रव्रज्या ग्रहण गरेकी थिइन् । तर शोक दमन गर्न सकिनन् । एकदिन आनन्द भन्तेको उपदेश श्रवण गरी सातौं दिनमा अर्हत्व लाभ गरिन् । आफ्नो प्रयास सफल भएको हुनाले आनन्दित भई निम्न गाथा गाउँदथिन् -

३७. **"चतुक्खत्तुं पञ्चक्खत्तुं, विहारा उपनिक्खमिं ।**
**अलद्धा चेतसो सन्तिं, चित्ते अवसवत्तिनी ।**
**तस्सा मे अट्ठमी रत्ति, यतो तण्हा समूहता ॥**

३८. **"बहूहि दुक्खधम्मेहि, अप्पमादरताय मे ।**
**तण्हक्खयो अनुप्पत्तो, कतं बुद्धस्स सासन"न्ति ॥**

३७) "चित्त शान्त नभएकोले, आफ्नो वशमा चित्त नभएकोले चार पटक, पाँच पटक विहारबाट निस्कें । आठौं रातमा मैले तृष्णालाई समूलोच्छेद गरें ।

३८) मैले अनेक दुःख धर्मलाई जानेर अप्रमादीमा लीन भएँ । तृष्णालाई क्षय गरी उत्पन्न नहुने गरें । बुद्ध शासनलाई पूर्ण गरें ।"

✪ ✪ ✪


Downloaded from http://dhamma.digital/

# तृतीय वर्ग

## २९. अर्की श्यामा

यिनले पनि पूर्व उल्लेखित भिक्षुणीहरूका जस्तै नै सुकृति आर्जन गर्दै विपस्सि बुद्धको पालामा चन्द्रभागा नदीको तीरमा देवप्सरा भएर जन्मिन्। एकदिन विपस्सि बुद्ध त्यसै नदी तीरमा विहारार्थ आउँदै गर्नु भएको देखिन् र हर्षोत्फुल्ल भएर श्रद्धासहित पुष्पद्वारा बुद्धलाई पूजा गरिन्। यही सुकर्मको फलले देव र मनुष्य मध्ये यथाक्रम जन्म ग्रहण गरी गौतम बुद्धको समयमा कौशम्बि नगरको एक धनाढ्य कुलमा जन्म लिइन्। पछि यिनले श्यामाले झैं शोकले परितप्त भई गृह त्याग गरिन्। २५ बर्ष सम्म आत्मजय गर्नमा असक्षम भएपनि वृद्धा भएपछि समयोचित बुद्धको उपदेश श्रवण गरी अर्हत्व प्राप्त गरिन्। आफू सफल भएको उल्लासमा यिनले निम्न गाथा गाउँदथिन् -

३९. **"पण्णवीसतिवस्सानि, यतो पब्बजिताय मे।**
**नाभिजानामि चित्तस्स, समं लद्धं कुदाचनं॥**

४०. **"अलद्धा चेतसो सन्ति, चित्ते अवसवत्तिनी।**
**ततो संवेगमापादिं, सरित्वा जिनसासनं॥**

४१. **"बहूहि दुक्खधम्मेहि, अप्पमादरताय मे।**
**तण्हक्खयो अनुप्पत्तो, कतं बुद्धस्स सासनं।**
**अज्ज मे सत्तमी रत्ति, यतो तण्हा विसेसिता"ति॥**

३९) "२५ बर्ष सम्म प्रव्रजित भई सक्दा पनि अशान्त चित्त कहिल्यै पनि शान्त भएको अनुभव गर्न पाइएन।"


Downloaded from http://dhamma.digital/

४०) "चित्त शान्त गर्न नसकेको, चित्त आफ्नो वशमा नभएकोले उद्विग्न भई बुद्ध उपदेशलाई स्मरण गरें।"

४१) "मैले अनेक दुःख धर्मलाई जानेर अप्रमादमा लीन भएँ। तृष्णा क्षय गरी उत्पन्न नहुने गरें, बुद्ध शासनलाई पूर्ण गरें। आजको सातौं रात हो, जस्मा मैले तृष्णालाई विनष्ट गरें।"

## ३०. उत्तमा

अतीत बुद्धहरूको पालामा यिनले सुकर्म सञ्चय गर्दै विपस्सि बुद्धको समयमा धनवान ब्यक्तिको घरमा दासी भएर जीवन यापन गर्दै थिइन्। एकदिन विपस्सि बुद्धको पिता राजा बन्धुले बुद्धलाई विभिन्न दान प्रदान गऱ्यो र भोजन पछि धर्म श्रवण गऱ्यो। धर्म श्रवणको समयमा धेरै मानिसहरूको जमघट हुन्थ्यो धर्म श्रवण गर्ने वेला यिनी पनि त्यहाँ जाने गर्थिन्। धर्म श्रवण गर्न जाँदा यिनको मनमा हौसला वृद्धि भएर आयो। अनि यिनले विचार गरिन् - अरूहरूले जुन प्रकारको पुण्य कर्म गर्छ, मैले पनि त्यस प्रकारले नै पुण्य कर्म गर्नेछु। आफ्नो सत् विचारानुरूप नै सर्वाङ्ग पूर्ण पुण्य कर्म गरिन्। अनि मृत्यु पश्चात त्रायस्त्रिंश देवलोकमा जन्मिन्।

गौतम बुद्धको समयमा श्रावस्ती नगरको एक सुप्रतिष्ठित धनवान कुलमा उत्तमाले जन्म लिइन्। पटाचाराको उपदेश सुनेर भिक्षुणी संघमा सम्मिलित भइन्।

तर उत्तमाको अवस्थालाई बुझेर पटाचाराले विशेष रूपले उपदेश सुनाइन्। उपदेशानुसार ध्यानमा मन लगाएर परम ज्ञान लाभ गरिन्। ज्ञानालोक प्राप्तिको कारण प्रसन्न हुँदै निम्न गाथा गाउँदथिन् -

४२. "चतुक्खत्तुं पञ्चक्खत्तुं विहारा उपनिक्खमिं।
अलद्धा चेतसो सन्तिं, चित्ते अवसवत्तिनी॥

Downloaded from http://dhamma.digital/

४३. "सा भिक्खुनिं उपगच्छिं, या मे सद्धायिका अहु ।
सा मे धम्ममदेसेसि, खन्धायतनधातुयो ॥

४४. "तस्सा धम्मं सुणित्वान, यथा मं अनुसासि सा ।
सत्ताहं एकपल्लङ्के, निसीदिं पीतिसुखसमप्पिता ।
अट्ठमिया पादे पसारेसिं, तमोखन्धं पदालिया"ति ॥

४२) "चित्त शान्त नभएकोले, चित्त वशमा नभएकोले चार पटक, पाँच पटक विहारबाट निस्कें ।"

४३) "जस प्रति मेरो श्रद्धा थियो, ती भिक्षुणी कहाँ गएँ । तिनले मलाई स्कन्ध, आयतन र धातुको धर्मदेशना गर्नु भयो ।"

४४) "जुन तिनले मलाई अनुशासन गर्नु भयो, त्यस धर्मलाई श्रवण गरी एक हप्तासम्म एकासनमा प्रीति, सुखमा संलग्न भएर ध्यान गरें । आठौं दिनमा पाउ पसार्दा, अन्धकारका पुञ्जलाई नाश गरें ।"

## ३१. अर्की उत्तमा

अतीत बुद्धका पालामा यिनले दृढ सङ्कल्पसहित जन्म जन्मान्तरमा अक्षय पुण्यार्जन गर्दै विपस्सि बुद्धका पालामा बन्धुमती नगरमा दासी भएर जन्म लिइन् । एकदिन अर्हत भिक्षु भिक्षामा आउनु भएको देखेर यिनले तीनवटा मालपुवा रोटी दान दिएकी थिइन् । त्यस सुकृति कर्मको प्रभावले जन्म जन्मान्तर सुखमय जीवन नै ग्रहण गरिन् ।

गौतम बुद्धको समयमा कोशलको ब्राह्मण कुलमा उत्तमाले जन्म लिइन् । एकदिन गौतम बुद्धको धर्मोपदेश श्रवण गरी, वैरागी भई, गृहत्यागपूर्वक भिक्षुणी भइन् । अनि आनन्दित भई निम्न गाथा गाउँदथिन् -


Downloaded from http://dhamma.digital/

४५. "ये मे सत्त बोज्झङ्गा, मग्गा निब्बाण पत्तिया।
भाविता ते मया सब्बे, यथा बुद्धेन देसिता॥

४६. "सुञ्ञातस्सानिमितस्स, लाभिनीहं यदिच्छितं।
ओरसा धीता बुद्धस्स, निब्बाणाभिरता सदा॥

४७. "सब्बे कामा समुच्छिन्ना, ये दिब्बा ये च मानुसा।
विक्खीणो जाति संसारो, नत्थिदानि पुनब्भवो"ति॥

४५) "बुद्धले दिनु भएको उपदेश जुन सप्तबोध्यङ्ग निर्वाण लाभका मार्ग हुन् त्यो सबै मैले भावना गरेँ।"

४६) "जुन इच्छा गरेको थिएँ त्यो शुन्यता अनिमित्त ध्यानलाई लाभ गरेँ। सदैव नै निर्वाणमा रत भई, म बुद्धको ओरस पुत्री भएँ।"

४७) "जुन दिव्यलोकको अनि मनुष्यलोकको काम-भोगको इच्छा हो, त्यो समूल नष्ट गरेँ। संसारमा जन्म लिनुबाट विच्छिन्न भयो। अब मैले पुनर्जन्म लिनु पर्दैन।"

Dhamma Digital

## ३२. दन्तिका

अतीत बुद्धका पालामा दृढ संकल्पित भई, जन्म जन्मान्तर अक्षय पुण्य संचय गर्दै एकपल्ट यिनले चन्द्रभागा भन्ने नदी-तीरमा देवप्सरा भएर जन्म लिइन्। एक दिन यिनी अप्सराहरूसँग क्रीडारत थिइन्। केही क्षणपछि यिनी साथीहरूसँग छुट्टिएर आराम लिँदै थिइन्। तब यिनले एकजना प्रत्येक बुद्ध वृक्षमूलमा बसिरहनु भएको देखिन्। पुण्य कर्म गर्ने सुअवसरलाई नचुकाई श्रध्दापूर्वक पुष्पद्वारा प्रत्येक बुद्धलाई पूजा गरिन्। यस पुण्यको प्रभावले देवलोक र मनुष्य लोकमा जन्म लिँदै गौतम बुद्धको समयमा श्रावस्तीको राज पुरोहित


Downloaded from http://dhamma.digital/

ब्राह्मण वंशमा दन्तिकाले जन्म लिइन् । धर्ममा श्रद्धावती भएर केही दिन जेतवनमा बसिन् । पछि यिनी महाप्रजापति गौतमी कहाँ गई भिक्षुणी भइन् । एकदिन राजगृहको गृद्धकुट पर्वत माथि गइकन ध्यान बस्न लागेकी थिइन् । त्यस बेला यिनले एउटा हात्तिलाई देखेर त्यसैलाई ध्यानमा आलम्बन गरी समाधि लाभ गरिकन अर्हत पनि भइन् । त्यस खुशीमा यिनले निम्न गाथा गाउँदथिन् -

**४८. "दिवाविहारा निक्खम्म, गिज्झकूतह्मि पब्बते ।**
**नागं ओगाहमुत्तिण्णं, नदीतीरह्मि अद्दसं ॥**

**४९. "पुरिसो अङ्कुसमादाय, देहि पाद'न्ति याचति ।**
**नागो पसारयी पादं, पुरिसो नागमारुहि ॥**

**५०. "दिस्वा अदन्तं दमितं, मनुस्सानं वसं गतं ।**
**ततो चित्तं समाधेसिं, खलु ताय वनं गता"ति ॥**

४८) "गृद्धकुट पर्वतमा दिवा विहारको निम्ति निस्कें । अनि मैले नदीको तीरमा नुहाई सकेको हात्तिलाई देखें ।"

४९) "अंकुशधारी मान्छेले हात्तिको पाउलाई पसार्न लगाए । हात्तिले पाउ पसारिदिंदा मान्छे हात्ति माथि उक्ले ।"

५०) "अदान्त दमित भई, मान्छेको वशमा परेको देखेर जंगलमा गई समाधिमा चित्त लगाएँ ।"

## ३३. उब्बिरि

यी महिलाले पनि अतीत बुद्धका पालादेखि, जन्म जन्मान्तरमा पुण्य राशि आर्जन गर्दै पद्मोत्तर बुद्धको आविर्भाव भएको बेला हंसवती नगरमा जन्मेकी थिइन् । आमा बाबु नभएको दिनमा एक्लै घरमा बसिरहेकी थिइन् । भिक्षार्थ एकजना अर्हत आफ्नै घर द्वारमा आईरहनु भएको देखेर वहाँलाई स्वागत गरी आसनमा बस्न लगाई वन्दना


Downloaded from http://dhamma.digital/

गरिन् र भिक्षापात्रमा भोजनले परिपूर्ण गरी दान दिइन्। अर्हन्तले यिनलाई शुभाशीर्वाद दिएर प्रस्थान गर्नु भयो। त्यसै सुकर्मको प्रभावले त्रायस्त्रिंश देवलोक र मनुष्यलोकको सुखमय जीवनको अनुभव गर्दै गौतम बुद्धको समयमा श्रावस्ती नगरको एक घरानी कुलमा उब्बिरिले जन्म लिइन्। सौन्दर्यताको कारणले कोशलराजको दरवारमा यिनले स्थान प्राप्त गरिन्। केही दिनपछि यिनले जीवा नाउँ गरेकी कन्यालाई जन्माइन्। शिशुलाई देखेर राजा अति नै प्रसन्न भएर उब्बिरीलाई राज-महिषीको पदमा अभिषिक्त गरी दिए। तर कम आयुमा नै शिशुले यस लोकबाट बिदा लिइन्। छोरीको मृत्युले आमा शोकाकुल भई प्रतिदिन मसानमा गएर रुन्थिन्। एक दिन यिनले बुद्धकहाँ गई पूजा गरिन्। तर तुरुन्त त्यहाँबाट सरासर अचिरवती नदी तीरको मसानमा गई विलाप गर्दै रोईरहिन्। उब्बिरीको त्यो हालत देखेर भगवान बुद्धले आफ्नो अलौकिक योगबलद्वारा उब्बिरीको सम्मुखमा नै बस्नु भएको जस्तै गरी सोध्नु भयो - "उब्बिरी! तिमी किन रोई रहेकी ? उब्बिरीले भन्छिन् - भगवान ! मेरो पुत्री मरेर गएकी हुनाले उन्कै यादमा रोई रहेकी हुँ। भगवानले भन्नु भयो - उब्बिरी! यसै दीपमा तिम्रो चौरासी हजार पुत्रीहरूलाई जलाई सकेकीछ्यौ। तिनीहरू मध्ये कुन पुत्रीको यादमा रोई रहेकी ? बुद्धले आफ्नो योगबलद्वारा त्यस स्थानलाई देखाउनु भयो जुन जुन स्थानमा हजारौं कन्यालाई पहिले पहिलेको जन्ममा जलाई सकेका थिए। त्यस कारण भगवानले भन्नु भयो -

५१. **"अम्म जीवाति वनम्हि, कन्दसि, अत्तानं अधिगच्छ उब्बिरि।**
**चुल्लासीतिसहस्सानि, सब्बा जीवसनामिका।**
**एतमहालाहने दड्ढा, तासं कमनुसोचसि॥**

५१) "उब्बिरी ! मेरो जीवा पुत्री भन्दै वनमा रुँदै रहेकी छ्यौ। आफूलाई धैर्य गर। चौरासी हजार जीवा नाउँ गरेकी यस दीपमा भस्मीभूत भई सके। त्यस मध्ये कुनलाई लिएर शोक गरेकी ?"


Downloaded from http://dhamma.digital/

उब्बिरी भन्छिन् -

५२. "अब्बही वत मे सल्लं दुद्दसं हदयनिस्सितं ।
यं मे सोकपरेताय, धीतुसोकं ब्यपानुदि ।।

५३. "साज्ज अब्बूल्हसल्लाहं निच्छाता परिनिब्बुता ।
बुद्धं धम्मञ्च संघञ्च, उपेमि सरणं मुनि"न्ति ।।

५२) "मेरो हृदयको भित्रीसम्म चूभिएर रहेको शोक रूपी वाण निस्कियो । जब म शोकमा परेकि थिएँ तब पुत्री शोकले जीवन मेरो विषाक्त भएको थियो ।"

५३) "त्यो चूभिएको शोक रूपी वाण निकालि दिएँ । आकुलता रहित भएँ, शान्ति लाभ गरेँ । शाक्यमुनि बुद्ध, धर्म र सङ्घको शरणमा पर्दछु ।"

## ३४. शुक्ला

यिनले पनि पूर्व उल्लेखित भिक्षुणीहरूले जस्तै, अतीत जीवनमा पुण्य सञ्चय गर्दै धनवान कुलमा जन्मेकी थिइन् । एकदिन साथीहरूसित भगवान बुद्ध कहाँ (कुन बुद्ध हो त्यस्को उल्लेख छैन) गई धर्मोपदेश सुनिन् । धर्म श्रवण पछि गृह संसार त्याग गरेर भिक्षुणी भइन् । भिक्षुणी हुँदा यिनी विद्यावती, धर्मज्ञ र वक्ता थिइन् । धेरै शताब्दीसम्म धर्मानुसार जीवन यापन गरिन् । तर देहत्याग गर्ने समयमा यिनको चित्त सांसारिक विषयबाट रहित हुन सकेनन् । यस कारण मृत्युपछि तुषित देवलोकमा जन्म लिइन् ।

विपस्सि बुद्धको पालामा अनि वेस्सभू बुद्धको पालामा यिनले शीलव्रत ग्रहण गरेर गम्भीर ज्ञानको अधिकारिणी भएकी थिइन् । पुनर्बार जब ककुच्छन्द बुद्ध हुनु भएको थियो, अनि फेरी कोणागमन बुद्ध


Downloaded from http://dhamma.digital/

हुनु भएको थियो, तब यिनले भिक्षुणी व्रत ग्रहण गरी विनयचारिणी र धर्म प्रचारिका भएकी थिइन्। गौतम बुद्धको समयमा राजगृहको घरानी कुलमा शुक्लाले जन्म लिइन्।

शुक्लाले बुद्ध धर्मप्रति निक्कै नै श्रद्धा गर्दथिइन्। यिनले धर्मदिन्ना भिक्षुणीबाट उपदेश सुनेर घरवार त्याग गरिन अनि भिक्षुणी भइन्। अन्तर्मुखी भएर चाँडै नै अर्हत्व लाभ गरिन्। अर्हत्व लाभ गरेपछि ५०० जना भिक्षुणीहरूको समुह लिएर बुद्ध धर्म प्रचार कार्यमा ख्याति प्राप्त गरिन्। यिनले धर्म देशना गर्दा श्रोताहरू मन्त्र मुग्ध हुन्थे। एकदिन यिनले उपदेश सुनाएपछि भिक्षुणी आश्रमको नजिकैमा बस्ने वृक्ष देवताले राजगृह नगरमा गएर घोषणा गरे -

**५४. "किंमे कता राजगहे मनुस्सा, मधुं पीता व अच्छरे।**
**ये सुक्कं न उपासन्ति, देसेन्तिं बुद्धसासनं॥**

५४) "राजगृहका मानिसहरूहो ! शुक्लाले बुद्धोपदेशित देशना गर्दाखेरी नगइकन किन तिमीहरू मद्यपान गरेका सुतुवा झैं भएका ?

**५५. "तञ्च अप्पटिवानीयं, असेचनकमोजवं।**
**पिवन्ति मञ्ञे सप्पञ्ञा, वलाहकमिवद्धगू॥**

५५) "पछि हट्नु नपर्ने, ओजपूर्ण मधुर वाणीले संचारण गरी प्रज्ञावान बटुवाले वर्षाको पानी पिउने झैं पिउँछ।

**५६. "सुक्का सुक्केहि धम्मेहि, वीतरागा समाहिता।**
**धारेति अन्तिमं देहं, जेत्वा मारं सवाहन"न्ति॥**

५६) "शुक्ला ! सुपरिशुद्ध धर्मद्वारा वीतरागी भई सुसमाहित होऊ ! अन्तिम शरीरधारी भई ससैन्य मारमाथि विजयी भएँ।"


Downloaded from http://dhamma.digital/

# ३५. शैला

यिनले पनि पूर्वोक्त भिक्षुणीहरूले झैं पुण्यार्जन गर्दै हंसवती नगरमा जन्म ग्रहण गरी यिनको सुयोग्य कुलमा विवाह भयो। आफ्नो दाम्पत्य जीवन सुखपूर्वक नै बितीरहेको थियो। वृद्धा भएपछि सुकर्मार्थ अन्वेषण गर्दथिइन्। धर्मको खोजीमा लागिरहँदा एकदिन बोधिवृक्षको समिपमा गएर बसिन्। बोधिवृक्ष मुनि बसिरहँदा यिनले विचार गरिन् - यदि मनुष्यलोकमा महिमामय कोही बुद्ध भएमा, मलाई वहाँको अलौकिक प्रभावको दर्शन गर्न पाए हुन्थ्यो। यिनको विचारानुसार नै बोधिवृक्षको शाखाहरू स्वर्णमय जस्तै देखिन्। चारै दिशा उज्ज्वल भयो। यो आश्चर्य दृश्यलाई देखेर श्रद्धोत्पन्न गरी सात दिनसम्म त्यहीँ नै बसिन्। सातौं दिनमा महासमारोह सहित बुद्ध पूजा गरिन्। यही सुकर्मद्वारा गौतम बुद्धको समयमा आलवी राज्यमा शैली नाउँ लिएर जन्मिन्।

गौतम बुद्धले आलवी राजालाई उपदेश सुनाउँदा यिनले पनि सुनिरहेकी थिइन्। बुद्ध धर्ममा श्रद्धावती भएर एक दिन भिक्षुणी भइन्। भिक्षुणी भएर कुनै एकदिन दिवा विहार गर्नको निमित्त श्रावस्ती नगरको अन्धवनमा गइन्। त्यहाँ भेषधारी मार आएर भने -

५७. **"नत्थि निस्सरणं लोके, किं विवेकन काहसि।**
**भुञ्जाहि कामरतियो, माहु पच्छानुतापिनी॥**

५७) "लोकमा निस्सरण (मुक्ति) छैन, निर्जनस्थानमा एक्लै बसेर के लाभ ? कामरति (काम-विषय) लाई भोग गर। पछि पश्चाताप गर्न नपरोस्।

शैलाले विचार गरिन्- निश्चय पनि पापी मारले मलाई निर्वाण मार्गलाई बाधा पुऱ्याउन इन्द्रियशक्तिको प्रलोभन देखाएर कुरा


Downloaded from http://dhamma.digital/

गर्दैछ। तर यसले मलाई चिनेको छैन कि, मैले अर्हत्व लाभ गरें। यसलाई अब मैले समुचित नै उत्तर दिनेछु भनी निम्न गाथाद्वारा भने -

५८. **"सत्तिसूलूपमा कामा, खन्धानं अधिकुट्टना।**
**यं त्वं कामरतिं ब्रूसि, अरती दानि सा मम॥**

५९. **"सब्बत्थ विहता नन्दि, तमोखन्धो पदालितो।**
**एवं जानाहि पापिम, निहतो त्वमसि अन्तका"ति॥**

५८) "भोग - सुख भनेको तीर र भाला समान हुन्। यसले स्कन्धलाई छिन्न भिन्न गराउँछ। तिमीले जुन विषयलाई काम सुख भन्दछौ, त्यसमा मेरो मन रमाउँदैन।"

५९) "सबै प्रकारको विषय तृष्णालाई हनन् गरिसकें। अज्ञानन्धकारको पुञ्जलाई विनाश गरें। हे पापी! हे अन्तक! तिमी मरी सक्यो भनेर जान।"

## ३६. सोमा

Dhamma.Digital

यिनले धेरै जन्म परिग्रहणान्तर शिखि बुद्धको पालामा एक प्रतिष्ठावान घरानी कुलमा जन्म लिएकी थिइन्। राजा अरूणाभारसँग यिनको विवाह भयो। विवाह पछि अग्र महिषी भइन्। त्यस बखत यिनले सुअवसरलाई खेर नपठाई धेरै धेरै नै पुण्य कर्म गरिन्।

जन्म जन्मान्तरको भवचक्रमा घुम्दै गौतम बुद्धको समयमा राजा बिम्बिसारको पुरोहित पुत्री सोमा नाउँ लिएर जन्मिन्। बुद्धोपदेश श्रवण गरी श्रद्धावती भइन्। अनि भिक्षुणी पनि भइन्। एकदिन विश्रामको निम्ति नजिकैको अंधवनमा ध्यान गर्न बसिन्। तत्कालै पापी मार आकाशमा अदृश्य भएर भने -


Downloaded from http://dhamma.digital/

६०. "यं तं इसीहि पत्तब्बं, ठानं दुरभिसम्भवं ।
न तं द्वङ्गुलपञ्ञाय, सक्का पप्पोतुमित्थिया ।।

६०) "जुन स्थान ऋषिहरूले प्राप्त गर्न त कठिन छ। दुई औंला ज्ञान भएकी स्त्रीहरूले त्यसलाई पाउन सक्दैनन्।"

सोमाले मारलाई भनिन् -

६१. "इत्थिभावो नो किं कयिरा, चित्तह्मि सुसमाहिते ।
ञाणह्मि वत्तमानह्मि, सम्माधम्मं विपस्सतो ।।

६१) "मेरो चित्त सुसमाहित छ, मसँग अहिले ज्ञान छ। सम्यक धर्मलाई राम्रोसँग दर्शन गरें। स्त्रीभाव भएर के हुन्छ र ?"

६२. "सब्बत्थ विहता नन्दी, तमोखन्धो पदालितो ।
एवं जानाहि पापिम, निहतो त्वमसिअन्तका"ति ।।

६२) सबै प्रकारको विषय तृष्णालाई नाश गरें। अज्ञानपुञ्जलाई विनाश गरें। हे पापि ! हे अन्तक ! तिमी मरी सक्यो भनेर जान।"

Dhamma.Digital

✪ ✪ ✪


Downloaded from http://dhamma.digital/

## ३७. भद्राकापिलानी

पद्मोत्तर बुद्धको पालामा हंसवती नगरमा धनी कुलमा यिनले जन्म लिएकी थिइन् । पद्मोत्तर बुद्धले धर्म सभामा धर्मदेशना गर्नु हुँदा एकजना भिक्षुणीलाई पूर्वजन्मको स्मरण गर्न सक्नेहरू मध्ये अग्रस्थान दिनु भयो । अग्रस्थान लाभी भिक्षुणीलाई देखेर उत्साहित भएर आफूले पनि त्यस अग्रपद प्राप्त गर्नलाई दृढ संकल्पित भई सारा जीवन पुण्य कर्म गरिन् । मृत्युपछि वाराणसीको सेठ कुलमा जन्म लिइन् । त्यस समयमा कुनै पनि सम्यकसम्बुद्ध उत्पन्न भएको थिएन । समानुकुल नै यिनको विवाह भयो ।

केही दिनपछि नन्दानीसँग यिनको झैझगडा भएको थियो । त्यसै बखत एकजना प्रत्येक बुद्ध भिक्षार्थ आउनु भएको देखी नन्दानीले भिक्षा दान दिइन् । नन्दानीले भिक्षा दान दिएको देखेर विचार गरिन् । प्रत्येक बुद्धलाई दान दिन पाएँ भनेर खुवै गर्व गरेकी होलान् । यिनले आफूलाई गर्वित ठानेकोलाई तुच्छ तुल्याई दिनु पर्छ भनेर प्रत्येक बुद्धको हातबाट पात्र खोसेर लिई भोजन सबै भुइँमा खन्याई दिइन् । यो दृश्य हेरी रहेका मान्छेहरूले भने - कस्ती बुद्धि नभएकी आईमाई ! प्रत्येक बुद्धले तिमीलाई के अन्याय गऱ्यो ? किन पात्रको भोजन खन्याउनु परेको ? यो कुरा सुनी लज्जित भई फेरि भिक्षापात्र लिएर माटो फ्याँकी सुगन्धित चूर्णाले सफा गरिकन चतुर्विध सुस्वादिष्ट खाद्य राखेर पुनः प्रत्येक बुद्धलाई पात्र प्रत्यार्पण गरी प्रार्थना गरिन् कि यो पात्र जस्तै मेरो शरीर पनि उज्ज्वल होस् ।

जन्म र मृत्युको चक्रमा पर्दै काश्यप बुद्धको पालामा वाराणसी सेठका पुत्री भएर जन्म लिइन् । पूर्वजन्ममा प्रत्येक बुद्धको भिक्षा पात्रमा माटो राखिदिएको पापको कारणले यिनको शरीरबाट दुर्गन्ध निस्किन्थ्यो । शरीरबाट दुर्गन्ध निस्किने हुनाले यिनीसँग कोही पनि



Downloaded from http://dhamma.digital/

बस्न चाहँदैनथ्यो । दुर्गन्धित शरीरको कारणले यिनी अति नै लज्जित र दुःखित हुन्थिन् । यसै दुःखको कारण यिनले आफ्नो आवरण फुकालेर विहार निर्माणको निमित्त दान दिइन् । यो सुकर्मको प्रभावले यिनको शरीरबाट दुर्गन्धरहित भएर सुगन्धमय मनोहर भइन् । स्वामीको पनि प्रियषी भई मरणको पूर्वकालसम्म पुण्य कर्म गर्दै देह त्याग पछि स्वर्गमा जन्मिन् । धेरै दिन बिते पछि यिनी वाराणसीको राज कन्या भएर जन्म लिइन् । त्यस बखत यिनले प्रत्येक बुद्धहरूलाई सेवा गर्दथिइन् । सेवा गर्नमा यिनको मन कहिले पनि तृप्त हुँदैनथ्यो । श्रद्धा सहित सेवा गर्दा गर्दै प्रत्येक बुद्धहरू निर्वाण हुनु भएकोले विरक्त भई गृह त्यागपूर्वक जङ्गलमा गई तपस्या गरिन् । त्यहाँ मृत्यु भएपछि ब्रह्मलोकमा जन्मिन गइन् । ब्रह्मलोकमा आयु सकेर त्यहाँबाट च्युत भएर सागल नगरको कौशिक गोत्रको ब्राह्मण वंशमा भद्राकापिलानीले जन्म लिइन् । महाकाश्यपसँग विवाह गरी आफ्नो समस्त धन सम्पत्ति दान दिए । वैरागी भई एकै साथमा जाँदा एउटा दोबाटोमा यिनीहरू पुगे । वैरागी भएपछि दुवै साथसाथमा जान अनुचित विचार गरी महाकाश्यप (पिप्पलि) दायाँ बाटो लाग्यो । भद्राकापिलानीले बाँया बाटो लिएर दुवै छुट्टिएर गएपछि भद्राकापिलानी तिर्थीयाराममा पाँच वर्ष सम्म बसिन् । एकदिन यिनले महाप्रजापति गौतमीबाट उपदेश सुनेर भिक्षुणी भइन् । भिक्षुणी भएपछि अर्हत्व लाभ गरिन् । साथै पूर्वजन्मको स्मरण गर्न सक्ने भिक्षुणीहरूमध्ये अग्रस्थान लाभी भइन् । आफ्नो जीवन सार्थक भएको र स्वामी महाकाश्यपको गुण वर्णन गर्दै निम्न गाथा गाउँदथिन् -

६३. "पुत्तो बुद्धस्स दायादो, कस्सपो सुसमाहितो ।
पुब्बेनिवासं यो वेदि, सग्गापायञ्च पस्सति ॥

६४. "अथो जातिक्खयं पत्तो, अभिञ्ञावोसितो मुनि ।
एताहि तीहि विज्जाहि, तेविज्जो होति ब्राह्मणो ॥


Downloaded from http://dhamma.digital/

६५. "तथेव भद्दाकापिलानी, तेविज्जा मच्चुहायिनी ।
धारेति अन्तिमं देहं, जेत्वा मारं सवाहनं ॥"

६६. "दिस्वा आदीनवं लोके, उभो पब्बजिता मयं ।
त्यह्म खीणासवा दन्ता, सीतिभूतह्म निब्बुता"ति ॥

६३) "सुसमाहित काश्यप, बुद्धको पुत्र भएर उत्तराधिकारी भए। पूर्वजन्मलाई जान्ने, स्वर्ग र नर्कलाई देख्न सक्ने हुन् ।"

६४) "अनि वहाँले जन्म क्षय गर्नु भयो, वहाँ अभिज्ञा लाभी मुनि हुन् । यी तीन विद्यालाई प्राप्त गर्ने, त्रैविद्या ब्राह्मण हुन्छन् ।

६५) "त्यसरी नै भद्राकापिलानीले पनि त्रिविद्या प्राप्त गरी मृत्यु जयी भइन् । अन्तिम देहलाई धारण गरी ससैन्य मारलाई पराजित गरे ।"

६६) "सांसारिक जीवनको दोष देखेर हामी दुवै प्रव्रजित भयौं । दुवै क्षीणाश्रव, शान्त र दान्त भई निर्वाणलाई साक्षत्कार गर्‍यौं ।"

✪ ✪ ✪

Dhamma.Digital


Downloaded from http://dhamma.digital/

# ३८. वड्ढेसी

पूर्वोक्त भिक्षुणीहरूले झैं यिनले पनि अनेक जन्म लिँदै गौतम बुद्धको समयमा देवदह नगरमा जन्म लिई महाप्रजापति गौतमीकी सेविका भएकी थिइन्। यिनको नाउँ वड्ढेसी थियो। तर यिनको वंशको नाउँ भने उल्लेख गरेको छैन। महाप्रजापति गौतमीसँग यिनले पनि गृहत्याग गरेकी थिइन्। तर काम-वासनाले २५ वर्ष सम्म पीडित भएर ध्यानमा मन पटक्कै लगाउन सकिनन्।

ध्यान गर्नमा मन नलागेको कारणले गर्दा दुःखित भइकन रोइ रहन्थिन्। मन चञ्चल र अधैर्य हुनाले धर्मदिन्ना भिक्षुणी कहाँ गई उपदेश सुनेर चित्तलाई प्रयत्नपूर्वक ध्यानमा लगाएर अचीर कालमा नै अर्हत्व प्राप्त गरिन्। आफू सफल भएको खुशीमा गाउँदथिन् -

६७. "पण्णवीसति वस्सानि, यतो पब्बजिता अहं।
नाच्छरासङ्घातमत्तम्पि, चित्तस्सूप स मज्झगं॥

६८. "अलद्धा चेतसो सन्ति, कामरागेनवस्सुता।
बाहा पग्गह्य कन्दन्ती, विहारं पाविसिं अहं॥

६९. "सा भिक्खुनिं उपागच्छिं, या मे सद्धायिका अहु।
सा मे धम्ममदेसेसि, खन्धायतनधातुयो॥

७०. "तस्सा धम्मं सुणित्वान, एकमन्ते उपाविसिं।
पुब्बेनिवासं जानामि, दिब्बचक्खुं विसोधितं॥

७१. "चेतोपरिच्चञाणञ्च, सोतधातु विसोधिता।
इद्धीपि मे सच्छिकता, पत्तो मे आसवक्खयो।
छलभिञ्ञा सच्छिकता, कतं बुद्धस्स सासन"न्ति॥


Downloaded from http://dhamma.digital/

६७) "प्रव्रजित भएको २५ वर्ष सम्म चुटकीभर पनि चित्तलाई शान्त गराउन मैले सकिन ।"

६८) "काम (विषय भोग) को वशमा परी चित्तले शान्ति पाएन । म विहार भित्र पसेर दुईहात समाई रुने गर्थें ।"

६९) "जुन भिक्षुणीलाई मैले श्रद्धा गर्थें, ती भिक्षुणी कहाँ म गएँ । तिनले मलाई स्कन्ध, आयतन र धातुको धर्मोपदेश दिइन् ।"

७०) "तिनको उपदेश सुनेर एक ठाउँमा गएर ध्यान गरें । पूर्व जन्मलाई जानें, विशोधित दिव्य चक्षु पाएँ ।

७१) "परचित्त ज्ञान, विशोधित दिव्य श्रोत पनि पाएँ । ऋद्धिलाई साक्षात्कार गरें । आश्रवलाई क्षय गरें । षडभिज्ञालाई पनि साक्षात्कार गरें । बुद्धोपदेशलाई पनि पूरा गरें ।"

## ३९. विमला

पूर्वोक्त नारीहरूले झैं यिनले अनेक जन्म लिएपछि गौतम बुद्धको समयमा वैशाली नगरको गणिकाकी पुत्री विमला नाउँ लिएर जन्मिन् । युवती भएपछि यिनले पनि गणिका नै भएर जीवन यापन गर्दथिइन् ।

एकदिन मौद्गल्यायन भन्तेलाई आफूप्रति आकर्षित गराउन अनेक प्रयास गरिन् । गणिकाको इच्छा र प्रयासलाई असफल तुल्याएर धर्मोपदेश दिनु भयो । धर्मोपदेश सुनिरहँदा गणिकाको भित्री हृदयमा लज्जा र ग्लानिको भावना उत्पन्न भयो । यिनले धर्म श्रवण गरेपछि श्रद्धावती उपासिका भइन् । एकदिन यिनले भिक्षुणी भई ध्यानाभ्यासद्वारा चाँडै नै अर्हत्व लाभ गरेर निम्न गाथा व्यक्त गर्दथिइन् -


Downloaded from http://dhamma.digital/

७२. "मत्ता वण्णेन रूपेन, सोभग्गेन यसेन च ।
योब्बनेन चुपत्थद्धा, अञ्ञासमतिमञ्ञिहं ॥

७३. "विभूसेत्वा इमं कायं, सुचित्तं बाललापनं ।
अट्ठासिं वेसिद्वारह्मि, लुद्दो पासमिवोड्डिय ॥

७४. "पिलन्धनं विदंसेन्ति, गुय्हं पकासिकं बहुं ।
अकासिं विविधं मायं, उज्झग्घन्ती बहुं जनं ॥

७२) "वर्ण, रूप, सौभाग्य र यशले मदमस्त भई, यौवनाहङ्कारमा लुब्ध भई, अति अज्ञानतामा परेर गर्व गर्थें मैले ।"

७३) "यो शरीरलाई अलंकारले सजाएर युवकहरूलाई आकर्षित पार्थें । वेश्याद्वारमा बसी ब्याधाले झैं जाललाई फिँजाएर सतर्क दृष्टि लिएर बस्थें ।"

७४) मैले लाजलाई त्याग गरी, निर्वस्त्र भएर शरीराभुषण प्रदर्शन गरी विभिन्न माया रची, जोर जोरले हाँसी धेरै जनालाई फसाउँथें ।"

७५ "साज्ज पिण्ड चरित्वान, मुण्डा सङ्घाटिपारुता ।
निसिन्ना रुक्खमूलह्मि, अवितक्कस्स लाभिनी ॥

७६ "सब्बे योगा समुच्छिन्ना, ये दिब्बा ये च मानुसा ।
खेपेत्वा आसवे सब्बे, सीतिभूताह्मि निब्बुता"ति ॥

७५) "त्यही मान्छे आज मस्तक मुण्डक भई, चीवर पहिरी, भिक्षाचरण गरी रूखको मुनि बसेर अवितर्क ध्यान लाभ गरें ।"

७६) "दिव्यलोक र मनुष्य लोकको समस्त बन्धन मैले समुच्छिन्न गरें । सबै प्रकारका आश्रव दूर गरें । परम शान्ति निर्वाणलाई लाभ गरें ।"


Downloaded from http://dhamma.digital/

# ४०. सिंहा

पूर्वोक्त नारीहरूले जस्तै अनेकौं जन्म लिएपछि गौतम बुद्धको समयमा वैशालीको सिंह सेनापतिको भान्जी सिंहाले जन्म लिइन्। सिंह सेनापतिलाई भगवान बुद्धले धर्मोपदेश सुनाउनु भएको थियो। मामा सिंह सेनापतिलाई धर्मोपदेश सुनाउनु हुँदा यिनले पनि सुनेर श्रद्धावती भएकी थिइन्। पछि यिनले पिता माताको वचन लिएर भिक्षुणी भइन्। अन्तर्दृष्टिको ज्ञानमा लागेता पनि यिनले वाह्य विषयवस्तुबाट चित्तलाई मुक्त गर्न सकिनन्।

विषय भोगको इच्छालाई दमन गर्न नसकेकीले सात बर्षसम्म पीडालाई सहेर शान्ति पाउन नसक्दा यिनले एकदिन विचार गरिन् - वासनाको शिकार भएर दुःखमय जीवन किन बिताउने ? बरू रूखमा झुण्डिएर मर्नु नै राम्रो हो, भन्ने सोचेर एउटा रूखमा पाशो लगाएर मर्न तयार भइन्। मर्न तयार भएको अवस्थामा पूर्ण शक्ति लगाएर चित्तलाई ध्यानमा लगाइन्। आश्चर्य ! त्यही नै मुहुर्तमा सर्वोच्च ज्ञान लाभ गर्नुका साथै अर्हत्व लाभ गरिन्। अनि आफ्नो गलामा बाँधिएको पाशोलाई फुकाली हर्षित भई निम्न उद्‌गार व्यक्त गरिन् -

७७. **"अयोनिसो मनसिकारा, कामरागेन अट्टिता।**
**अहोसिं उद्धता पुब्बे, चित्ते अवसवत्तिनी॥**

७८. **"परियुट्ठिता किलेसेहि, सुभसञ्ञानुवत्तिनी।**
**समं चित्तस्स न लभिं, राग चित्तवसानुगा॥**

७९. **"किसा पण्डु विवण्णा च, सत्तवस्सानि चारिहं।**
**नाहं दिवा वा रत्तिं वा, सुखं विन्दिं सुदुक्खिता॥**

८०. **"ततो रज्जुं गहेत्वान, पविसिं वनमन्तरं।**
**वरं मे इध उब्बन्धं, यञ्च हीनं पुनाचरे॥**


Downloaded from http://dhamma.digital/

८१. "दल्हपासं करित्वान, रुक्ख साखाय बन्धिय ।
पक्खिपिं पासं गीवायं, अथ चित्तं विमुच्चि मे"ति ॥

७७) "अयोग्य विषयलाई मनले ग्रहण गरिकन काम-रागले पीडित हुन्थें । आफ्नो वशमा चित्त नभएकोले पश्चाताप गर्थें ।"

७८) "शुभ संज्ञामा विचार लगाई क्लेशलाई जागरण गर्थें । राग चित्तको वशमा परेर मैले चित्त शान्ति पाउन सकिन ।"

७९) "म दुब्ली, पहेँली र विरूप भई सात वर्षसम्म जीवन बिताएँ । न दिनमा न रातमा सुखको अनुभव गर्न सकें केवल दुःखित मात्र हुन्थें ।"

८०) "हीन आचरण गर्नु भन्दा बरू पाशो लाएर मर्नु नै उचित भन्ने विचार लिएर डोरी लिई जङ्गल भित्र पसें ।"

८१) "रूखको शाखामा पाशो बाँधी, आफ्नो घाँटीमा पनि पाशो लगाई रहँदा नै मेरो चित्त वासनाबाट मुक्त भयो ।"

## ४१. सुन्दरी नन्दा

पद्मोत्तर बुद्ध आविर्भाव हुनु भएको बेला हंसवती नगरमा यिनले जन्म लिएकी थिइन् । यिनले एकदिन पद्मोत्तर बुद्ध कहाँ गई उपदेश श्रवण गरेकी थिइन् । त्यस बखत पद्मोत्तर बुद्धले ध्यानी भिक्षुणीहरू मध्ये एकजना भिक्षुणीलाई सर्वश्रेष्ठ पद दिनु भयो । त्यो देखेर आफूले पनि अग्रपद पाउनलाई पुण्य कर्म गर्न थालिन् । कल्पौं कल्पसम्म नाना लोकमा जन्म लिंदै शाक्य राजवंशको सुपुत्री भएर जन्म लिइन् । यिनी गौतम बुद्धको सानी आमाकी छोरी हुन् । यिनलाई सुन्दरी नन्दा नाउँले चिन्दथिइन् । सिद्धार्थले बुद्धत्व प्राप्त गरी सक्नु भएपछि कपिलवस्तुमा जानु हुँदा नन्द र राहुल कुमारलाई प्रव्रजित गराउनु भयो । राजा शुद्धोदनको मृत्युपछि महाप्रजापति गौतमीले पनि गृह त्याग गरी भिक्षुणी भइन् ।


Downloaded from http://dhamma.digital/

नन्दाले एकदिन विचार गरिन् - मेरो दाइले गृह त्याग गर्नु भई बुद्ध हुनु भयो। वहाँको पुत्र राहुलकुमार र भाई नन्दकुमारलाई पनि गृह त्याग गर्न लगाई भिक्षु गराई दिनु भयो। आमा महाप्रजापति गौतमी र राहुल माताले पनि त्यही मार्गलाई अनुकरण गरिन्। अब म मात्रै गृहस्थी भई किन बसूँ ? मैले पनि गृह संसारलाई त्याग गरी भिक्षुणी हुनेछु भन्ने विचार गरिन्। यसकारण यिनले श्रद्धापूर्वक गृह त्याग गरेकी होइनन्। आफन्तको प्रेमवशमा परेर भिक्षुणी भएकी हुन्। भिक्षुणी भएतापनि सौन्दर्यमा यिनले गर्व गर्दथिन्। सौन्दर्यतालाई बुद्धले गर्नु हुने तिरस्कारको भयले यिनी बुद्ध कहाँ जाने इच्छा गर्दैनथिन्। पूर्वोक्त अभिरूपा नन्दाले जस्तै समुचित शिक्षा यिनले पाएकी थिइन्। केवल फरक यति मात्र हो कि देवप्सरालाई हेरी रहँदा अनित्य र दुःखलाई साक्षात्कार गरी ध्यानमार्गमा अनुगामी भइन्। भगवान बुद्धले त्यसै बखत निम्न गाथाद्वारा उपदेश दिनु भयो -

८२. "आतुरं असुचिं पूतिं, पस्स नन्दे समुस्सयं।
असुभाय चित्तं भावेहि, एकग्गं सुसमाहितं॥

८३. "यथा इदं तथा एतं, यथा एतं तथा इदं।
दुग्गन्धं पूतिकं वाति, बालानं अभिनन्दितं॥

८४. "एवमेतं अवेक्खन्ती, रत्तिन्दिवमतन्दिता।
ततो सकाय पञ्ञाय, अभिनिब्बिज्झ दक्खिसं॥

८२) "नन्दा ! आतुरले युक्त, अशुचि दुर्गन्धको समष्टिलाई हेर। त्यसैलाई हेरेर सुसमाहित एकाग्र चित्तले शुभ भावनामा चित्त लगाऊ।"

८३) "जुन यसको शरीर हो, त्यस्तै तिम्रो पनि हो। तिम्रो जस्तै यसको पनि शरीर हो। दुर्गन्धमय, अपवित्र शरीरको यही परिणाम हो। यसमा मूर्खहरू अभिनन्दित हुन्छन्।"


Downloaded from http://dhamma.digital/

८४) "त्यसकारण रात दिन तन्द्रा रहित भई यो शरीरलाई हेर। त्यसलाई आफ्नो प्रज्ञाले हेरी सौन्दर्यताको मोहबाट अलग्गिएर सत्य दर्शन गर्नेछ्यौ ।"

उक्त उपदेश श्रवण गरी अन्तर्दृष्टि भई ध्यानमा बसी अर्हत्व लाभ गरेपछि निम्न गाथा गाउँदथिन् -

**८५. "तस्सा मे अप्पमत्ताय, विचिनन्तिया योनिसो ।**
**यथाभूतं अयं कायो, दिट्ठो सन्तरबाहिरो ॥**

**८६. "अथ निब्बिन्दहं काये, अज्झत्तञ्च विरज्जहं ।**
**अप्पमत्ता विसंयुत्ता, उपसन्ताह्मि निब्बुता"ति ॥**

८५) "शास्ताको उपदेश सुनी मैले ठीकसँग विवेचन गरी अप्रमादी भई यो शरीरको भित्री-बाहिरी पदार्थलाई यथार्थ सहित देखेँ ।

८६) "अनि शरीर-रागबाट मुक्त भएँ, आन्तरिक हृदय देखि नै विराग भयो । अप्रमादी भई निर्वाण प्राप्त गरी उपशान्त भएँ म ।"

Dhamma.Digital

## ४२. नन्दुत्तरा

पूर्वोक्त नारीहरूले जस्तै जन्म र मृत्यु चक्रमा घुम्दै गौतम बुद्धको समयमा कुरु राज्यको कम्मासदम्म भन्ने प्रसिद्ध नगरमा ब्राह्मण वंशमा नन्दुत्तराले जन्म लिइन् । ब्राह्मणहरूको शिल्प र विज्ञान सिकेपछि निर्ग्रन्थनाथ पुत्रको सङ्घमा प्रवेश गरी वाद विवाद गर्नमा निक्कै कुशलता प्राप्त गरिन् । एकदिन मौद्‌गल्यायन स्थविरसँग शास्त्रार्थमा हार खाएर भिक्षुणी भइन् । अर्हत्व प्राप्त गरेपछि आफ्नो जीवनको अनुभवलाई स्मरण गर्दै गाउँदथिन् -


Downloaded from http://dhamma.digital/

८७. "अग्गि चन्दञ्च सूरियञ्च, देवता च नमस्सिहं ।
नदी तित्थानि गत्वान, उदकं ओरूहामिहं ॥

८८. "बहूवतसमादाना, अद्धं सीसस्स ओलिखिं ।
छमाय सेय्यं कप्पेमि, रत्तिं भत्तं न भुञ्जहं ॥

८९. "विभूसामण्डनरता, न्हापनुच्छादनेहि च ।
उपकासिं इमं कायं, कामरागेन अट्टिता ॥

९०. "ततो सद्धं लभित्वान, पब्बजिं अनगारियं ॥
दिस्वा कायं यथाभूतं, कामरागो समूहतो ॥

९१. "सब्बे भवा समुच्छिन्ना, इच्छा च पत्थनापि च ।
सब्बयोगविसंयुत्ता, सन्तिं पापुणि चेतसो" ति ॥

८७) "अग्नि, चन्द्र, सूर्य र देवताहरूलाई मैले पूजा गर्दथें । नदी तीर्थहरूमा गएर मैले पानीमा डुबुल्की लगाउँदथें ।"

८८) "अर्ध शीर मुण्डन गरी, पृथ्वी शैय्यामा सुती, रात्री भोजन नखाई, अनेक प्रकारका व्रत पालन गर्दथें ।"

८९) "विषय वासनामा भूल्नको निम्ति आभूषणालङ्कारले शरीरलाई अलंकृत गर्दथैं । स्नान र सुगन्ध लेपन गरी शरीरलाई आभूषित गर्दथैं ।"

९०) "यस शरीरको यथार्थलाई देखेर श्रद्धापूर्वक घर त्यागी प्रव्रजित भएँ । अब भोग-तृष्णाको आसक्ति नै समूल नष्ट भयो ।"

९१) "इच्छा, प्रार्थना र सबै प्रकारका वासना सहित भवचक्रबाट मुक्त भएँ । सबै प्रकारका बन्धनबाट अलग्गिएर चित्तले सहित परम शान्ति प्राप्त गरें ।"


Downloaded from http://dhamma.digital/

## ४३. मित्रकाली

पूर्वोक्त भिक्षुणीहरूले झैं अनेक जन्म ग्रहण गरेपछि गौतम बुद्धको समयमा कुरु राज्यको कम्मासदम्म भन्ने नगरमा ब्राह्मण वंशमा मित्रकालीले जन्म लिइन्। सतिपट्ठान उपदेश श्रवण गरी श्रद्धापूर्वक भिक्षुणी भइन्। भिक्षुणी भएर सात वर्षसम्म दान लिन र सम्मान पाउने आशामा आसक्त थिइन्। प्रायः जसो कलह गरेर नै यिनले जीवन बिताउँदथिन्। पछि होशमा आई त्यस प्रकारको व्यवहार त्यागेर अध्यवसायपूर्वक ध्यान गरी अर्हत्व लाभ गरिन्। साफल्य जीवनको वयान गर्दै निम्न गाथा गाउँदथिन् -

९२. "सद्धाय पब्बजित्वान् अगारस्मानगारियं।
विचरिहं तेन तेन, लाभसक्कारउस्सुका ॥

९३. "रिञ्चित्वा परमं अत्थं, हीनमत्थं असेविहं।
किलेसानं वसं गन्त्वा, सामञ्ञत्थं विरज्जिहं ॥

९४. "तस्सा मे अहु संवेगो, निसिन्नाय विहारके।
उम्मग्गपटिपन्नाम्हि, तण्हाय वसमागता ॥

९५. "अप्पकं जीवितं मय्हं, जरा ब्याधि च मद्दति।
पुरायं भिज्जति कायो, न मे कालो पमज्जितुं ॥

९६. "यथाभूतमवेक्खन्ती, खन्धानं उदयब्बयं।
विमुत्तचित्ता उट्ठासिं कतं बुद्धस्स सासन"न्ति ॥

९२) "घरवार त्याग गरी श्रद्धा सहित प्रव्रजित भएँ। लाभ सत्कारमा उत्सुक भई त्यस विषयलाई नै लिएर विचरण गरें।"


Downloaded from http://dhamma.digital/

९३) "परमार्थलाई त्यागेर, हीन विषयलाई सेवन गरें। चित्तमलको वशमा परेर उच्चत्तम मार्गबाट पन्छिएँ।"

९४) "विहारमा बसिरहँदा मलाई संवेग उत्पन्न भयो। तृष्णाको वशमा परी मैले उन्मार्गगामीलाई अपनाएँ।"

९५) "मेरो बाँच्ने समय कमै छ, रोग र वृद्धावस्थाले मलाई जिति रहेको छ। शरीर विनाश हुनु अघि नै गर्नुपर्ने गरीहाल्नु पर्छ। समयलाई खेर फालेर प्रमादी हुनु भएन।"

९६) "स्कन्धको उत्पति र ध्वंस भएको यथार्थलाई जानेर विमुक्त चित्त भएर म उठें। बुद्धशासनलाई पूर्णा गरें।"

## ४४. सकुला

पद्मोत्तर बुद्धका पालामा यी नारीले हंसवती नगरको आनन्द भन्ने राजाकी सुपुत्री नन्दा नाउँ लिएर जन्मेकी थिइन्। यिनी धर्मश्रवणार्थ विहारमा जाँदा दिब्य चक्षु लाभी भिक्षुणीहरूमध्ये एकजना भिक्षुणीलाई पद्मोत्तर बुद्धले अग्रपद दिनु भएको देखिन्। नन्दाले पनि त्यस स्थानलाई प्राप्त गर्न विभिन्न दानयोग्य वस्तु दान-प्रदान गरी सोही पदलाई प्रार्थना गरिन्। सुकर्मको प्रभावले यिनी त्रायस्त्रिंश देवभूवनमा जन्म लिइन्। काश्यप बुद्ध यसलोकमा प्रादुर्भाव हुनु भएको बेला यिनले ब्राह्मण वंशमा जन्म ग्रहण गरी परिब्राजिका रूपमा गृह त्याग गरिन्। परिब्राजिका भए पनि एकदिन यिनले प्रसन्न चित्त लिई काश्यप बुद्धको विहारमा सारा रात तेल प्रदिप जलाई पूजा गरेकी थिइन्। सोही पुण्यको प्रभावले त्रायस्त्रिंश देवलोकमा जन्म लिन पुगिन्।

गौतम बुद्धको समयमा यिनले श्रावस्ती नगरको धनवान ब्राह्मण कुलमा सकुला नाउँ लिएर जन्मिन्। गौतम बुद्धलाई जेतवन दान


Downloaded from http://dhamma.digital/

दिनका लागि अनुष्ठान कार्यक्रममा धर्मश्रवण गरी श्रद्धावती उपासिका भएकी थिइन् । एकदिन यिनले क्षीणाश्रव अर्हत भिक्षुको उपदेशलाई सुनेर भिक्षुणी भइन् । पछि अर्हत्व प्राप्ति सहित दिब्यचक्षु लाभी भिक्षुणीहरू मध्ये अग्रपद पनि पाइन् । आपनो इच्छानुरूप पूर्ण भएकोले खुशीका साथ निम्न गाथा गाउँदथिन् -

९७. "अगारस्मिं वसन्तीहं, धम्मं सुत्वान भिक्खुनो ।
अद्दसं विरजं धम्मं, निब्बानं पदमच्चुतं ॥

९८. "साहं पुत्तं धीतरञ्च , धनधञ्ञञ्च छड्डिय ।
केसे छेदापयित्वान, पब्बज्जिं अनगारियं ॥

९९. "सिक्खमाना अहं सन्ती, भावेन्ती मग्गमञ्ञसं ।
पहासिं रागदोसञ्च, तदेकट्ठे च आसवे ॥

१००. "भिक्खुनी उपसम्पज्ज, पुब्बजातिमनुस्सरिं ।
दिब्बचक्खु विसोधितं, विमलं साधुभावितं ॥

१०१. "सङ्खारे परतो दिस्वा, हेतुजाते पलोकिते ।
पहासिं आसवे सब्बे सीतिभूताह्मि निब्बुता"ति ॥

९७) "घरमा बस्दा मैले एकजना भिक्षुको धर्म श्रवण गरी निर्मल धर्म, अच्युत निर्वाणलाई देखें ।"

९८) "अनि मैले छोराछोरी र धनधान्य त्यागेर केश छेदन पूर्वक घर त्यागी प्रव्रजित भएँ ।"

९९) "शिक्षार्थिणी छँदा मैले उत्तरोत्तर मार्ग अनुसरण गरें । राग द्वेष सहित आश्रवलाई प्रहाण गरें ।"

१००) "भिक्षुणी-उपसम्पदा प्राप्त गरेपछि पूर्वजन्मको स्मृति भयो, साधुले भावित गर्ने विशुद्ध विमल दिव्य चक्षु प्राप्त गरें ।"


Downloaded from http://dhamma.digital/

१०१) "संस्कारलाई आफ्नो नभएको देखी, हेतुद्वारा नै उत्पन्न हुने जानेर सर्व प्रकारका आश्रवलाई प्रहाण गरी मैले शीतल निर्वाण प्राप्त गरें ।"

## ४५. सोणा

पद्मोत्तर बुद्धको पालामा यिनले हंसवती नगरमा जन्म लिएकी थिइन् । एकदिन विहारमा गई धर्म श्रवण गर्न जाँदा पद्मोत्तर बुद्धले वीर्यवती भिक्षुणीहरू मध्ये एकजना भिक्षुणीलाई अग्रपद दिनु भयो । पद्मोत्तर बुद्धले अग्रपद दिनुभएको यिनले देखेर आफूले पनि सोही पद पाउनलाई विभिन्न प्रकारले दानमय पुण्य कर्म गरी प्रार्थना गरिन् । मरण पश्चात पुण्यको प्रभावले त्रायस्त्रिंश देवलोकमा उत्पन्न भइन् ।

गौतम बुद्धको समयमा श्रावस्ती नगरको एक घरानी कुलमा सोणाले जन्म लिइन् । एक कुलगृह पुरुषसँग विवाह भयो । दश पुत्रका आमा भइन् । धेरै सन्तानका आमा भएकी हुनाले यिनलाई बहु पुत्रक पनि भन्थे । स्वामीले गृह त्याग गरेर भिक्षु भए । पुत्रहरू प्रति स्नेह भएको हुनाले आफूलाई केहीपनि नलिइकन सबै सम्पत्ति छोराहरूलाई बाँडि दिइन् । छोराहरुले यिनलाई अपमान गर्ने छ भन्ने विषयमा शंका लिएकी थिइनन् । आफू रित्तो भएपछि कसैले पनि सम्मान दिएनन् । सम्मानको बदलामा बुहारीहरूबाट अनादर र अपमान गरेको सुन्नु र देख्नु पर्‍यो । अति नै दुःखित मनले चिन्ता गरिन् कि, जुन घरमा मलाई सम्मान गर्दैन त्यस घरमा किन बस्ने ? बरू भिक्षुणी हुनेछु भन्ने विचार गरी भिक्षुणी भइन् । उमेर बिति सक्दा भिक्षुणी भएकी हुनाले दिनमा भिक्षुणीहरूलाई सेवा गर्दथिइन्, रातमा ध्यान गर्दथिइन् । तर चित्तमा शान्ति थिएन । तैपनि यिनले आफ्नो स्थिर लक्ष्यलाई अविचलित गरी कार्य क्षेत्रमा परिणत गरिन् । भगवान बुद्धले यिनको दृढ पुरूषार्थलाई प्रशंसा गर्दै भन्नु भयो -


Downloaded from http://dhamma.digital/

"यो वस्स सत जीवे, अपस्सं धम्ममुत्तमं ।
एकाहं जीवितं सेय्यो, पस्सतो धम्ममुत्तमं ॥

"उत्तम धर्मलाई दर्शन नगरी सयवर्ष जिउनु भन्दा उत्तम धर्मलाई दर्शन गरी एकदिन जिउनु नै श्रेष्ठ हो ।"

उक्त उपदेश सुनेपछि विदर्शन ध्यानमा दृढ पुरूषार्थ गरी अर्हत्व प्राप्त गरिन् । अनि वीर्यवानहरूमा यिनले अग्रपद पनि लाभ गरेकी थिइन् । सुखमय जीवन प्राप्त गरेको हुनाले निम्न गाथा गाउँदथिन् -

१०२. "दस पुत्तेविजायित्वा, अस्मिं रूपसमुस्सये ।
ततोहं दुब्बला, जिण्णा, भिक्खुनिं उपसङ्कमिं ॥

१०३. "सा मे धम्ममदेसेसि, खन्धायतनधातुयो ।
तस्सा धम्मं सुणित्वान, केसे छेत्वान पब्बजिं ॥

१०४. "तस्मा मे सिक्खमानाय, दिब्बचक्खु विसोधितं ।
पुब्बेनिवासं जानामि, यत्थ मे वुसितं पुरे ॥

१०५. "अनिमित्तञ्च भावेमि एकग्गा सुसमाहिता ।
अनन्तराविमोक्खासिं, अनुपादाय निब्बुता ॥

१०६. "पञ्चक्खन्धा परिञ्ञाता, तिट्ठन्ति छिन्नमूलका ।
धि तवत्थु जरे जम्मे, नत्थिदानि पुनब्भवो"ति ॥

१०२) "स्कन्ध समूहको यो शरीरले दश पुत्रहरू जन्माएँ । त्यसपछि म दुर्बल, जीर्ण भएर भिक्षुणी कहाँ गएँ ।


Downloaded from http://dhamma.digital/

१०३) "तिनले मलाई स्कन्ध, आयतन र धातुको धर्मदेशना गर्नु भयो। त्यस धर्मलाई श्रवण गरेर केश छेदन गरी प्रव्रजित भएँ।"

१०४) "त्यस शिक्षालाई सिकीरहँदा नै दिब्य चक्षु विशुद्ध भयो। पूर्वजन्मलाई जान्दछु जहाँ म पहिले जन्ममा बसि आएको थिएँ।"

१०५) "एकाग्र सुसमाहित चित्तले अनिमित्त भावना गर्दछु, तदनन्तर अनासक्त र विमोक्षित भई उत्पन्न हुनु नपर्ने निर्वाण पाएँ।"

१०६) "पञ्च स्कन्धलाई राम्रोसँग जान्दछु, सबै जरालाई छेदन गरें। अब उप्रान्त पुनर्जन्म लिनु पर्दैन।"

## ४६. भद्रा कुण्डलकेशा

पद्मोत्तर बुद्धको पालामा हंसवती नगरको धनरत्नादिले सम्पन्न कुलमा यिनले जन्म लिएकी थिइन्। धर्म श्रवणार्थ यिनी विहारमा जाँदा क्षिप्राभिज्ञा भिक्षुणीहरू मध्ये एकजना भिक्षुणीलाई पद्मोत्तर बुद्धले अग्रपद दिनु भएको देखेर आफूले पनि सो पद पाउनलाई दानमय पुण्य सञ्चय गरी प्रार्थना गरिन्। अनेकौं जन्म र मृत्युको चक्रमा पर्दै काश्यप बुद्धको प्रादुर्भाव भएको कालमा काशीराजा किकिको छोरीहरूमध्ये काँहिली छोरी भिक्षुदायी नाउँ लिएर जन्मेकी थिइन्। त्यस बखत यिनले बीसहजार वर्षसम्म शील-व्रत पालनपूर्वक प्रसन्न चित्तले निरन्तर बुद्धको उपस्थान गर्दथिइन्। त्यस सुकृत्य कर्मद्वारा मनुष्य देह छाडि त्रायस्त्रिंश देवलोकमा जन्म लिइन्।

यस अन्तिम जन्ममा राजगृहको समृद्धशाली कुलमा भद्राले जन्म लिइन्। यौवनावस्थामा यिनले एकदिन त्यही नगरका राजपुरोहितको छोरा सत्थुकलाई कुनै एक अपराधको कारणले प्राणदण्ड दिनलाई बाटोमा लगी रहेको देखिन्। भद्राले सत्थुकलाई देखेर आसक्त


Downloaded from http://dhamma.digital/

भइन्। आसक्त भएपछि, सत्थुकलाई अपनाउन नपाएमा प्राण त्याग गर्ने प्रतिज्ञा गरेकी कुरा पितालाई सुनाइन्। आफ्नो छोरीको विचित्र प्रतिज्ञाले गर्दा अति नै चिन्तित भए। छोरी प्रति असाध्यै स्नेहको कारणले प्राणदण्डको निम्ति लगिरहेकाहरूलाई रिस्वत दिएर अपराधीलाई प्राण-दण्डबाट मुक्त गराई दिए। रत्नाभरणले अलंकृत गराई सत्थुकसँग भद्रा विवाहित भए। केही दिन भद्राले आनन्द साथ बिताएपछि सत्थुकले रत्नाभूषण लिने विचार गरी भद्रालाई भने - भद्रा ! जब मलाई मार्नलाई लगिरहेको थियो। तब मैले भाकल गरेको थिएँ कि, यदि कुनै प्रकारले मेरो प्राण बचेमा तपाई देवतालाई पूजा गर्नेछु। यसकारण भद्रा ! तिमीले पूजाभा चाहिने सामान तयार गर। भद्रा अति नै प्रसन्न भएर पूजामा चाहिने सामग्री ज्वरजाम गरी रत्नाभुषणले अलंकृत भई स्वामीसँगै पूजाको निमित्त घरबाट निस्की रथारोहण गरी पर्वत स्थानतिर लागे। पर्वतनिर आइपुग्दा भद्राकी अनुचरहरूलाई घरमा फर्काउन लगाई भद्रा एक्लै साथमा लिई पर्वत माथि पुगे।

पर्वत माथि पुगेपछि सत्थुकले भद्राका सम्पूर्ण रत्नाभूषण फुकालेर दिन भने। अचानक स्वामीको कठोर स्वभाव देख्दा भद्राले सोधिन् - मैले तपाईमाथि के अपराध गरें ? किन यी आभूषणहरू खोल्नु भन्नु हुन्छ ? दुष्ट सत्थुकले भने - "मैले तिमीलाई यहाँ पूजा गराउँछु भनेर ल्याएको होइन। तिमीसँग भएको आभूषण लिनलाई ल्याएको हुँ।" भद्राले भनिन् - "स्वामी ! यो रत्नाभूषण कस्को हो ? म नै कस्को हुँ ? तपाई कै नै त हुँ नि म।" सत्थुकले भने - "त्यो सब म जान्दिन।" भद्राले विचार पुऱ्याएर भनिन् - "त्यसो भए सालङ्कार सहित नै अन्तिम आलिङ्गन गर्न चाहन्छु। तिमीसँग आलिङ्गन गरेपछि जे इच्छा छ त्यही गर।" दुष्ट सहमत भए। आलिङ्गन गर्ने निउले आफ्नो सम्पूर्ण बल लगाएर भद्राले दुष्टलाई घचेटी पर्वतबाट खसालि दिए। सत्थुकको त्यहीं नै मृत्यु भयो। त्यहाँको स्थानीय देवताले त्यो देखेर भद्राको चतुराईलाई प्रशंसा गर्दै भने -


Downloaded from http://dhamma.digital/

"नहि सब्बेसु ठानेसु, पुरिसो होति पण्डितो ।
इत्थिपि पण्डिता होति, तत्थ तत्थ विचक्खणा ॥

"नहि सब्बेसु ठानेसु, पुरिसो होति पण्डितो ।
इत्थिपि पण्डिता होति, लहुं अत्थविचिन्तिका" ति ॥

"सबै ठाउँमा पुरुष मात्रै पण्डित हुँदैन, स्त्री पनि पण्डितनी हुन्छे, त्यस ठाउँमा विचार शक्ति पुऱ्याउने हुन्छे ।

"सबै ठाउँमा पुरुष मात्रै पण्डित हुँदैन, स्त्री पनि पण्डितनी हुन्छे, क्षण भरमै विषय स्थितिलाई बुझ्न सक्ने हुन्छे ।"

दुष्टको प्राण गएपछि भद्राले विचार गरिन् - अब घर फर्केर जानु भन्दा गृहत्याग गर्नु असल सम्झी निर्ग्रन्थाश्रममा गई दिक्षा लिइन् । निर्ग्रन्थहरूले यिनलाई सोधे तिमीले कुन श्रेणीको दिक्षा लिने ? भद्राले भनिन् - "जुन श्रेणीमा कठोरतम नियम पालन गर्नु पर्छ त्यही श्रेणीमा दिक्षा लिनेछु ।" निर्ग्रन्थहरूले तालबेलको चिम्ताले एकएकवटा गर्दै केश उखालि दिए । (कुण्डलाकारले पुनः केश उम्रिएर आएको हुनाले कुण्डल केशा भन्ने नाउँ भयो) निर्ग्रन्थहरूसँग यिनले शास्त्राध्ययन गरी तर्क वितर्क गर्नमा कुशल ज्ञान हासिल गरिन् । तर सम्यक ज्ञान हासिल गर्नमा पर्याप्त ज्ञान नभएको हुनाले शास्त्रार्थ ठाउँठाउँमा चारिका गर्दै जाँदा धर्म सेनापति सारिपुत्रसँग भेट भयो । दुवैले धर्मको विषयमा शास्त्रार्थ गरे । कुण्डलकेशाले गरेको प्रश्नको सबै उत्तर दिनुभयो । अन्तमा सारिपुत्रले प्रश्न गर्नुभयो-एउटै नाम भनेको के हो ? कुण्डल केशा निरुत्तर भइन् । सारिपुत्रले भन्नु भयो- तिमीले जाबो यति त जान्दैनौ भने अरू के जान्न सक्छेउ होला ? कुण्डल केशाले सारिपुत्रको पाउ परिन् र भनिन् म तपाईको शरण पर्दछु । कुण्डलकेशा ! तिमी मेरो शरणमा नपर । भगवान बुद्ध कहाँ गई शरण लेऊ । वहाँ देव र मनुष्यमा सर्वश्रेष्ठ व्यक्ति हुनुहुन्छ ।


Downloaded from http://dhamma.digital/

सारिपुत्रको वचनानुसार कुण्डलकेशा बुद्ध कहाँ गई धर्म श्रवण गरी भिक्षुणी हुनुका साथसाथै अर्हत्व लाभ गरिन्। अनि क्षिप्राभिज्ञा (चाँडै नै धर्मोबोध गर्ने) भिक्षुणीहरूमध्येमा एतदग्ग (अग्र पद) पनि प्राप्त गरिन्। यिनले गाउने उल्लासित गाथा निम्न उल्लेखित हुन् -

१०७. **"लूनकेसी पङ्कधरी, एकसाटी पुरे चरिं।**
**अवज्जे वज्जमतिनी, वज्जे चावज्जदस्सिनी॥**

१०८. **"दिवाविहारा निक्खम्म, गिज्झकूटम्हि पब्बते।**
**अद्दसं विरजं बुद्धं, भिक्खुसङ्घपुरक्खतं॥**

१०९. **"निहच्च जाणुं वन्दित्वा, सम्मुखा अञ्जलिं अकं।**
**'एहि भद्दे'ति मं अवच, सा मे आसूपसम्पदा॥**

११०. **"चिण्णा अङ्गा च मगधा, वज्जी कासी च कोसला।**
**अनणा पण्णासवस्सानि, रट्ठ पिण्डं अभुञ्जहं॥**

१११. **"पुञ्ञं वत पसवि बहुं, सप्पञ्ञो वतायं उपासको।**
**यो भद्दाय चीवरं अदासि, विप्पमुत्ताय सब्बगन्थेही" ति॥**

१०७) "केश उखेलिएकी, मैलो भएकी, एक वस्त्र धारण गरेकी, निर्दोषलाई दोष, अनि दोषलाई निर्दोष सम्झी विचरण गर्दथें।"

१०८) "दिवा विहारको निमित्त बाहिर निस्किँदा परिशुद्ध हुनु भएका बुद्धलाई भिक्षुसङ्घका अगाडि गृद्धकूट पर्वतमा दर्शन गरें।"

१०९) "दुवै घुडाँ भुइँमा टेकी, दुई हातले बिन्ति गरी बुद्धको सम्मुखमा वन्दना गरें। आऊ भद्रा ! भनी वहाँले मलाई भन्नु भयो। सोही वचन नै मेरो निमित्त उपसम्पदा हो।"



Downloaded from http://dhamma.digital/

११०) "अङ्ग, मगध, वज्जी र कोशल देशमा विचरण गर्दै पचास वर्ष मैले राष्ट्र पिण्ड खाएँ।"

१११) "सबै ग्रन्थ (बन्धन) बाट मुक्त भएकी भद्रालाई जुन चीवर दान दिए। स-प्रज्ञा भएको उपासकले धेरै नै पुण्यार्जन गरे।"

## ४७. पटाचारा

यी नारी पनि पद्मोत्तर बुद्धको पालामा हंसवती नगरको एक महाधनी कुलमा जन्मेकी थिइन्। एकदिन यिनले बुद्धको उपदेश श्रवण गर्न गएकी थिइन्। त्यस बेला विनयधर भिक्षुणीहरू मध्ये एकजना भिक्षुणीलाई सर्वश्रेष्ठ पद दिनु भयो। यो देखी यिनले पनि त्यो पद पाउनको निमित्त दृढ सङ्कल्पी भएर जीवन व्यापी सुकर्म गरेकी थिइन्। स्वर्ग र पृथ्वीमा धेरै जन्म जन्मान्तर ग्रहणपछि काश्यप बुद्धको पालामा काशी राजा किकिको सात छोरी मध्ये भिक्षुणी भन्ने तेश्री छोरी थिइन्। त्यसबखत बीसहजार वर्ष सम्म अप्रमत्त भई प्रसन्नतापूर्वक ब्रह्मचर्य पालन गरी नित्य बुद्धको उपस्थान गरिन्। त्यस पुण्यको प्रभावले त्रायस्त्रिंश देवलोकमा उत्पन्न भइन्। गौतम बुद्धको समयमा श्रावस्तीको समृद्धशाली एक महाधनी सेठको कुलमा पटाचारा नाउँ लिएर जन्मिन्।

युवती भएपछि कामरागको वशमा परी आफ्नै घरको नोकरसँग प्रेम पाशोमा परिन्। घरका अरू परिवारहरूले तिनीहरूको विषयमा कुनै प्रकारको आशंका पनि थिएन। पटाचारालाई सुयोग्य समान घरानी कुलमा विवाहको निम्ति दिन पक्का गरेको थाहा पाई आफूले प्रेम गरेका नोकरसँग घरबाट कसैले थाहा नपाउने गरी भागेर गइकन सानो एउटा गाउँमा आफ्नो लागि वासस्थान बनाएर बसिन्।

दिन बित्दै जाँदा प्रसवको समय पनि नजिकिँदै आयो। त्यस ठाउँमा आफूलाई हेर्ने कोही पनि नभएको हुनाले स्वामीलाई आफ्नो माइतीघर जानलाई भन्ने गर्थिन्। तर स्वामीले भरै लैजान्छु, भोलि


Downloaded from http://dhamma.digital/

लैजान्छु भन्दै दिन बिताई दिन्थे । आफूले प्रसव गर्ने समय झन्झन् नजिकिँदै आएको हुनाले स्वामीको अनुपस्थितिमा माइतको बाटो लागिन् । माइत जाने बेलामा घर छिमेकीहरूलाई स्वामी आउँदा म माइत गइन् भन्नु भनेर गएकी थिइन् । स्वामी घरमा फर्केर आउँदा समस्त खबर थाहा पाएर सोच्न थाले - मेरै कारणले गर्दा यी कुलिन् घरकी कन्याले अनाथ भैँ दुःख पाइन् । अनि पटाचारालाई भेट्न भनी गए । जाँदाजाँदै बाटोमा भेट भयो । बीच बाटोमा पुग्दा प्रसव वेदनाको अनुभव भयो र बाटोमा नै पुत्र जन्माइन् । पुत्र जन्मेपछि फेरि आफ्नै वासस्थानमा फर्केर गए । दुतियवार फेरी पूर्वानुरूप जस्तै भयो । फरक यही कि बीच बाटोमा पुगेपछि आकाशमा घन्घोर बादल छायो । प्रसव वेदनाले सताउन थाल्यो । वर्षाबाट बच्नलाई सानो झुप्रो बनाउन स्वामीलाई आग्रह गरिन् । स्वामी पनि छाप्रो छाउनलाई जंगल पसे । दुर्भाग्यवश त्यहाँ उसलाई सर्पले थुङ्गेर मारी दिए । स्वामीको आगमन प्रतिक्षामा नै यिनले पुत्र जन्माइन् । वर्षालाई नै घर समान गरेर त्यस भयानक वर्षाको समयमा दुवै छोरालाई आफ्नु शरीरले धाकेर, रात बिताइन् । विहान भएपछि स्वामीलाई खोज्न जाँदा जङ्गलमा साँपको टोकाइले मरिरहेको देखिन् । आफ्नै कारणले गर्दा स्वामीको मृत्यु भएको देखी शोककुल भइन् । अनि रुँदै आफ्नो माइतको बाटो लागिन् । माइत घर जाने बाटोमा अचिरवती नदी तर्न पर्थ्यो र त्यो नदीमा पानीको भल बगेको देखेर पटाचाराले दुवै छोरालाई बोकेर नदी पार तर्नको लागि पहिला कान्छो छोरालाई बोकेर नदी पार तरेर लुगाले छोपछाप गरी एक ठाउँमा राखे । अनि जेठा छोरालाई लिन वारी गईरहँदा नदीको बीचमा पुग्दा आकाशमा उडिरहेको बाजले बालकलाई मासुको टुक्रा सम्झी वेग गतिवान भइकन तलतिर आई बालकलाई उठाएर लगे । त्यो दृष्य देखेर कराउँदै हातले तालि बजाउँदा पनि केही शीप लागेन । ठूलो स्वरले कराएको ठूलो छोराले सुनेर आमाले मलाई बोलायो भन्ने बिचार गरी नदीमा कुद्न पुगे । त्यस बालकलाई पनि नदीले बगाएर लग्यो । यस प्रकार दुवै छोरा बितेर गयो । पटाचारा रुँदै कराउँदै श्रावस्तीतिर लागिन् । बाटोमा एकजना



Downloaded from http://dhamma.digital/

बटुवासँग भेट हुँदा सोधिन् - कहाँबाट आउनु भएको ? बटुवाले भने म श्रावस्तीबाट आउँदैछु। पटाचाराले आफ्ना आमा बाबुको नाउँ भनेर तिनीहरूको हालखवर सोधिन्। बटुवाले भने - तिनीहरूको हालखवर नसोध। पटाचाराको आग्रहलाई काट्न नसक्दा भने - हिजो। राती घर भत्केको हुनाले त्यस घरले थिचिएर मऱ्यो। उ हेर धुँवा आई रहेको - त्यस चितामा आमा, बाबु र छोरा तीनै जनालाई आगो लगाई आइरहेको हुँ म। यस्तो मार्मिक दुःखको कुराले हृदयमा शोकाग्निको कारणले शरीरबाट वस्त्र खसेको पनि होश भएन्। बहुलाइ जस्तै भइन्। चेतना हराइन्। बेहोशी जस्तै भएर यता उता भौंतारी रहिन्। यता उता भौंतारी रहँदा कराउँदथिन् - दुवै छोरा मरे, स्वामी जंगलमा मरे, एउटै चितामा आमा बाबु र दाजु जलिरह्यो। शरीरमा वस्त्र नभएको थाहा नपाई निर्लज्ज भएकी हुनाले पटाचारा भन्ने नाउँ भयो। पटाचारालाई चोट लागेको कसलाई थाहा ? मानिसहरूले यिनी बहुलाइ भएकी मात्रै थाहा छ। यसकारण यिनलाई अभद्र व्यवहार गर्थ्यो।




बुद्धको सम्मुखमा बहुलाएकी पटाचारा

एकदिन गौतम बुद्ध श्रावस्तीको जेतवन विहारमा विराजमान हुनु भएको थियो पटाचारा पनि भौंतारिँदै भौंतारिँदै त्यहाँ आइन्। धर्म श्रवणार्थ बसेकाहरूले बहुलाई, पगलीलाई विहारमा पस्न नदिनु भनी कराउन थाले।

Downloaded from http://dhamma.digital/

भगवान बुद्धले भन्नु भयो- उसलाई म कहाँ आउन देऊ, बाधा नदेऊ । पटाचारा भगवानको नजिक आई पुगेपछि भन्नु भयो - बहिनी, होशलेऊ स्मृतिलाई पुनः प्राप्त गर्न खोज । भगवान बुद्धको करुण दृष्टिको वचन सुनेर शान्तिको लहरले स्पर्श हुन थाल्यो । बेहोशीपन हराएर होश जागृत भयो । शरीरमा वस्त्र नभएको देखी लज्जित भइन् । एक जनाले यिनलाई लुगा दान दिए । त्यो लुगा लगाई भगवान बुद्धको पाउमा परेर रुँदै भनिन् - भगवान ! मलाई रक्षा गर्नुहोस् । मेरो एउटा छोरालाई बाजले लग्यो, अर्को छोरालाई नदीले बगायो, स्वामीलाई सर्पले मार्‍यो, आमा, बा र दाजुलाई एउटै चितामा जलायो । मलाई शरणमा लिनुहोस् । भगवानले यिनलाई धैर्य दिँदै भन्नु भयो - पटाचारा चिन्ता नगर । तिमी त्यस ब्यक्तिको सम्मुखमा आएकी छ्यौ, जुन ब्यक्तिले तिमीलाई रक्षा गर्न सक्छन् । धैर्य लेऊ । भगवानले उपदेश सुनाउनु भयो - हेर पटाचारा ! अहिले तिम्रो स्वामी, पुत्र, पुत्री, आमा, बा र दाजु परलोक भए भनेर रुँदैछ्यौ ? अनेकौं जन्म जन्ममा यसरी नै तिमी रोएकी छ्यौ । तिम्रो त्यो आँसु चार महासमुद्रको पानी भन्दा पनि अधिक भयो । शोकाकुल भई व्यर्थमा किन जीवन नष्ट गर्दछौ ? बुद्धोपदेशले पटाचाराको शोकाग्नि कम हुँदै गयो । पुनः भगवानले भन्नुभयो -

**"न सन्ति पुत्ता ताणाय, न पिता नापि बन्धवा ।**
**अन्तकेनाधिपन्नस्स, नत्थि ञातिसु ताणता ॥**

**"एतमत्थवसं ञत्वा, पण्डितो सीलसंवुतो ।**
**निब्बानगमनं मग्गं, खिप्पमेव विसोधये"ति ॥**

"न छोराले, न पिताले, न बान्धवले तार्न सक्छ मृत्युको वशमा परेपछि कुनै पनि आफन्तले तार्न सक्दैन । यस्तो आफ्नो वशमा नभएको जानी पण्डितले शीलद्वारा संवर गरी निर्वाण प्राप्त गर्ने मार्गलाई चाँडै नै विशुद्ध पार्दछ ।"



Downloaded from http://dhamma.digital/

उपदेश श्रवण गरेपछि श्रोतापन्न भइन् र भिक्षुणी पनि भइन्। भिक्षुणी भएर उच्चत्तम मार्गको अनुशीलनमा लागी तल्लीन भइन्। एकदिन हात खुट्टा पखाल्न लाग्दा पहिलो पटकको पानी केही पर बगेर सुके, दोश्रो पटक खुट्टा पखालेको पानी त्यो भन्दा अलि पर पुगेर सुकेर तेश्रो पटक खुट्टा पखालेको पानी त्यो भन्दा पनि अझ पर बगेर सुके। पानी त्यसरी सुकेको कारणलाई लक्ष्य राखेर विचार गरिन् - यस्तै गरी जन्मेका प्राणीहरू पनि पहिलो वैंशमा, दोश्रो वैंशमा अनि तेश्रो वैंशमा मरेर जान्छन्। यसबेला गन्धकुटीमा बस्नु भएको बुद्ध भगवानले पटाचाराको चित्तमा उठेको महिमा विकास गर्नलाई त्यहीं बसेर सुनाउनु भएको जस्तो गरी निम्न उपदेश दिनु भयो -

**"यो च वस्ससतं जीवे, अपस्सं उदयब्बयं।**
**एकाहं जीवितं सेय्यो, पस्सतो उदयब्बय"न्ति॥**

"पञ्चस्कन्धको उत्पन्न र प्रलयलाई नदेखिकन सयवर्ष जिउनु भन्दा उत्पन्न र प्रलय भएको देखेर एक दिन मात्र जीवित रहनु श्रेष्ठ छ।"

उक्त उपदेशलाई ठीकसँग मनन गर्दै अनित्य, दुःख अनात्मालाई विशेष रूपले विचार गर्नु भई ध्यानमा बसी अर्हत्व प्राप्त विनयधारी भिक्षुणीहरू मध्येमा एतदग्ग (अग्रस्थान) पदलाई पनि प्राप्त गरिन्। यिनले उल्लासपूर्वक गाउँदथिन् -

११२. **"नङ्गलेहि कसं खेत्तं, बीजानि वपयं छमा।**
**पुत्तदारानि पोसेन्ता, धनं विन्दन्ति माणवा॥**

११३. **"किमहं सीलसम्पन्ना, सत्थुसासनकारिका।**
**निब्बानं नाधिगच्छामि, अकुसीता अनुद्धता॥**

११४. **"पादे पक्खालयित्वान, उदकेसु करोमहं।**
**पादोदकञ्च दिस्वान, थलतो निन्नमागतं॥**



Downloaded from http://dhamma.digital/

११५. "ततो चित्तं समाधेसिं, अस्सं भद्रंवजानियं ।
ततो दीपं गहेत्वान, विहारं पाविसिं अहं ।
सेय्यं ओलोकयित्वान, मञ्चकह्मि उपाविसिं ॥

११६. "ततो सूचिं गहेत्वान, वट्टिं ओकस्सयामहं ।
पदीपस्सेव निब्बानं, विमोक्खो अहु चेतसो"ति ॥

११२) "हलोले खेतमा जोती, बीउ रोपी तथा धनार्जन गरी मानवहरूले पुत्रदारहरूको पोषण गर्छन् ।"

११३) "शील सम्पन्न भई शास्ताको उपदेश पालन गरी, निरालसी भई तथा अचञ्चल भई मैले किन निर्वाणलाई प्राप्त नगरुँ ।"

११४) "खुट्टा पखाल्दा, खुट्टा धोएको पानी तलतिर बगेको देखेर मैले सोही पानीमै ध्यान गरें ।"

११५) "उच्च श्रेणीको अश्व शिक्षित भए झैं चित्तलाई समाधिमा लगाएँ । अनि प्रदीपलाई लिएर विहारमा प्रवेश गरें । सुत्ने ठाउँ हेरेर खाट्मा बस्न गएँ ।"

११६) "त्यसपछि सियो लिएर सलेतोलाई तेलमा डुबाई दिंदा बत्ति निर्वाण भयो, मेरो चित्त पनि क्लेशबाट मुक्त भयो ।"

## ४८. तीसजना पटाचाराकी शिष्यहरू

यी नारीहरूले पनि पूर्वकालका बुद्धहरूको पालामा सङ्कल्पवद्ध भएर जन्म जन्मान्तरमा अक्षय पुण्य सञ्चय गरी मुक्तिको पथमा सुप्रतिष्ठित भएकी थिइन् । गौतम बुद्धको उपदेश श्रवण गरी भिक्षुणी भई सङ्घमा प्रवेश गिरेकी थिइन् । यिनीहरूले धर्मपूर्वक आ-आफ्नो कर्त्तव्य पालन गर्दै ध्यान गरी चाँडै नै ज्ञान लाभ गरे । पटाचाराले निम्न लिखित उपदेश दिन्थिन् -



Downloaded from http://dhamma.digital/

११७. "मुसलानि गहेत्वान, धञ्ञं कोट्टेन्ति माणवा।
पुत्तदारानि पोसेन्ता, धनं विन्दन्ति माणवा ॥

११८. "करोथ बुद्धसासनं, यं कत्वा नानुतप्पति ॥
खिप्पं पादानि धोवित्वा, एकमन्ते निसिदथ ॥
चेतोसमथमनुयुत्ता, करोथ बुद्धसासनं ॥

११९. "तस्सा ता वचनं सुत्वा, पटाचाराय सासनं।
पादे पक्खालयित्वान, एकमन्तं उपाविसुं।
चेतोसमथमुयुत्ता, अकंसु बुद्धसासनं ॥

१२०. "रत्तिया पुरिमे यामे, पुब्बजातिमनुस्सरुं।
रत्तिया मज्झिमे यामे, दिब्बचक्खुं विसोधयुं।
रत्तिया पच्छिमे यामे, तमोखन्धं पदालयुं ॥

१२१. "उट्ठाय पादे वन्दिसु, कता ते अनुसासनी।
इन्दं व देवा तिदसा, सङ्गामे अपराजितं।
पुरक्खत्वा विहस्साम, तेविज्जाह्म अनासवा"ति ॥

११७) "मानवले मुषलादिद्वारा धान कुटी स्त्रीपुत्रहरूको पालन पोषण गर्दछ। अनि मानवले धनार्जन पनि गर्दछन्।"

११८) "बुद्धोपदेशलाई पालन गर जुन गर्दा अनुताप लिनु पर्दैन। चाँडै खुट्टा धोएर एकान्त ठाउँमा बस। चित्तलाई समाधियुक्त मराई, बुद्धको उपदेशलाई पूर्ण गर।"

११९) "पटाचाराको उपदेश श्रवण गरी, पाद प्रक्षालन गरी एकान्त स्थानमा गएर बसें। चित्तलाई ध्यानमा लगाई बुद्ध शासनलाई पूर्ण गरें।"


Downloaded from http://dhamma.digital/

१२०) "रात्रीको प्रथम याममा पूर्वजन्मको स्मृति उत्पन्न भयो, दुतिय याममा विशुद्ध दिब्यचक्षु उत्पन्न भयो। रात्रीको तेश्रो याममा अंधकारस्कन्ध विनष्ट गरें।"

१२१) "समाधिबाट उठेर पादमा वन्दना गरी यिनको उपदेशानुसार पूर्ण गरें। सँग्राममा अपराजित इन्द्रलाई तीस जना देवताले पूजा गरे झैं त्रिविद्या प्राप्त गरी अनाश्रवी भई पूजा गर्दछौं।"

## ४९. चन्द्रा

यी नारीले पनि पूर्वोक्त नारीहरूले झैं अतीतमा धेरै जन्म परिग्रहान्तर गौतम बुद्धको समयमा ब्राह्मण कुलमा जन्मिन्। जन्म लिएदेखि नै घरमा दुःख दुर्दशाले छाएको थियो। संक्रामक रोगले आक्रमण गरेकोले घरका परिवारहरू मरेर गए। आफ्नो भरणपोषण गर्न असमर्थ भई घर घरमा गई भिक्षा गरी जीवन यापन गर्दै थिइन्। एकदिन यिनी पटाचारा कहाँ गइन्। पटाचाराले केही मात्रामा भोजन गरी सकेकी थिइन्। भिक्षुणीहरूले दुर्दशाग्रस्ता भोकाएकी वृद्धालाई देखेर यिनी प्रति दयापन्न भई आ-आफ्नो भोजन तिनलाई दिएर तृप्त गराइन्। भिक्षुणीहरूका सहानुभूति पूर्ण व्यवहार देखेर चन्द्रा प्रभावित भइन्। पटाचाराको उपदेश यिनले ध्यान दिएर सुनिन् र भिक्षुणी भइन्। कालान्तरमा यिनले पनि अर्हत्व प्राप्त गरेर गाउँदथिन् -

१२२. "दुग्गताहं पुरे आसिं, विधवा च अपुत्तिका।
विना मित्तेहि ञातीहि, भत्तचोलस्स नाधिगं॥

१२३. "पत्तं दण्डं च गण्हित्वा, भिक्खमाना कुलाकुलं।
सीतुण्हेन च डय्हन्ति, सत्त वस्सानि चारिहं॥

१२४. "भिक्खुनिं पुन दिस्वान, अन्नपानस्स लाभिनिं।
उपसङ्कम्म अवोचं, पब्बज्जं अनगारियं॥



Downloaded from http://dhamma.digital/

१२५. "सा च मं अनुकम्पाय, पब्बाजेसि पटाचारा ।
ततो मं ओवदित्वान, परपत्थे नियोजयि ॥

१२६. "तस्साहं वचनं सुत्वा, अकासिं अनुसासनिं ।
अमोघो अय्यायोवादो, तेविज्जाम्हि अनासवा"ति ॥

१२२) "विधवा, निसन्तान मित्र आफन्त र खान लाउन समेत केही नभएकी दुर्दशाग्रस्त थिएँ ।"

१२३) "लट्ठी र भिक्षापात्र लिएर घर घरमा गई भिक्षा माग्थें, चीसो अनि गर्मीको तापमा सात वर्ष सम्म घुम्दै रहें ।"

१२४) "भिक्षार्थ घुम्दै जाँदा भिक्षुणीले देखेर अन्नपान दिइन् । गृही वस्त्र त्यागपूर्वक प्रव्रजित हुनलाई त्यहाँ गई प्रार्थना गरें ।"

१२५) "तिनले (पटाचाराले) मलाई अनुकम्पा राखी प्रव्रजित गराई दिइन् । अनि मलाई उपदेश दिनु भई परमार्थमा नियोजित गरी दिइन् ।"

१२६) "तिनको उपदेश सुनेर अनुशासनलाई पूरा गरें । अमोघ हो, आर्याको उपदेश ! त्रिविद्या प्राप्त गरी अनाश्रवी भएँ म ।"

✪ ✪ ✪


Downloaded from http://dhamma.digital/

## ५०. पचासजना पटाचाराकी शिष्या भिक्षुणीहरू

यी नारीहरूले पनि पूर्वोक्त भिक्षुणीहरूले झैं अतीतका बुद्धहरूको पालामा धेरै पुण्य कर्म गर्दै जन्म जन्मान्तरको चक्रमा पर्दै गौतम बुद्धको समयमा विभिन्न स्थानमा जन्म ग्रहण गरेकी थिइन् । यिनीहरू सबैजना विवाहिता भई पारिवारिक जीवन बिताई सकेकी हुन् । तर यी सबैजनाले पारिवारिक वियोगको दुःखानुभूति गरी सकेकी नारीहरू हुन । शोकाकुल भई यिनीहरू पटाचारा कहाँ गई आफ्नो दुःखका घटना सुनाइन् । पटाचाराले यिनीहरूलाई शान्त्वना दिंदै भनिन् -

१२७. "यस्स मग्गं न जानासि, आगतस्स गतस्स वा ।
तं कुतो चागतं सत्तं, 'मम पुत्तो' ति रोदसि ॥

१२८. "मग्गञ्च खोस्स जानासि, आगतस्स गतस्स वा ।
न नं समनुसोचेसि, एवं धम्मा हि पाणिनो ॥

१२९. "अयाचितो ततागच्छि, नानुञ्ञातो इतो गतो ।
कुतोचि नून आगन्त्वा, वसित्वा कतिपाहकं ।
इतोपि अञ्ञेन गतो, ततोपञ्ञेन गच्छति ॥

१३०. "पेतो मनुस्सरूपेन, संसरन्तो गमिस्सति ।
यथागतो तथागतो, का तत्थ परिदेवना ॥

१३१. "अब्बहि वत मे सल्लं, दुद्दसं हदयस्सितं ।
या मे सोकपरेताय, पुत्तसोकं ब्यपानुदि ॥

१३२. "साज्ज अब्बूळ्हसल्लाहं, निच्छाता परिनिब्बुता ।
बुद्धं धम्मञ्च संघञ्च, उपेमि सरणं मुनि"न्ति ॥



Downloaded from http://dhamma.digital/

१२७) "आउने र जाने जसको मार्ग नै जानेको छैन। त्यो सत्व कहाँबाट आयो ? त्यसै मेरो छोरा भनेर रुन्दछ।"

१२८) "उ कुन बाटो आयो, कुन बाटो गयो त्यो मार्ग जानेको भए अफसोच गर्नु पर्ने थिएन। प्राणीहरूको धर्म यस्तै नै हो।"

१२९) "नबोलाए तापनि आयो, नभनिकन यहाँबाट गयो। केही दिनको निम्ति कहीँबाट आएर बसी फर्की गयो। एउटा बाटोबाट आउँछ, एउटा बाटोबाट जान्छ।"

१३०) "मरणान्तमा मानिसको रूप नै बदलिएर जान्छ। जहाँबाट आयो त्यहीँबाट गयो। फेरि किन शोक गर्ने ?

पटाचाराको उक्त उपदेश श्रवण गरी ठीक मार्गमा आफूलाई लगाई यिनीहरूले अर्हत्व लाभ गरिन्, र खुशीकासाथ निम्न गाथा गाउँदथिन् -

१३१) "हृदयको अभ्यन्तर सम्म स्थिर जुन तीर समान पुत्र शोकले मलाई सताउँथ्यो त्यो अब निर्मूल भयो।"

१३२) "हृदयमा चूभिएको तीर निकालिएकी, शान्त अनि परिनिर्वाण मैले प्राप्त गरें। मुनि हुनु भएका बुद्ध, धर्म र सङ्घको शरणमा पर्दछु।"

## ५१. वाशिष्ठी

पूर्वोल्लिखित नारीहरूले झैं यी पनि अतीतमा धेरै जन्म ग्रहणान्तमा गौतम बुद्धको समयमा वैशालीको एउटा घरानी कुलमा वाशिष्ठी जन्मिन्। सुयोग्य पुरुषसँगै विवाहिता भई सुखपूर्वक नै जीवन बितिरहेको थियो। यिनको छोरा हिँड्न मात्र लागेको बेला मृत्यु भयो। छोराको मृत्यु भएकोले बहुलाई भइन्। यिनलाई आफन्तहरूले


Downloaded from http://dhamma.digital/

सम्झाउँदा झन चिच्याएर रुनाको कारणले स्मृति हीन भएर घरबाट निस्किन् । यिनी घुम्दै फिर्दै मिथिला आइन् । त्यसबखत भगवान बुद्ध मिथिलामा विराजमान हुनुहुन्थ्यो । एकदिन भगवान बुद्ध मिथिला नगरको पथमा जानुंहुँदै थियो । त्यसबेला वाशिष्ठीले बुद्धको दर्शन पाइन् । वहाँको शान्त, संयमित इन्द्रियको रूपले बाशिष्ठीको चित्तमा शान्ति छायो । भगवानले यिनलाई संक्षिप्तमा धर्मोपदेश दिनु भयो । वाशिष्ठीले सङ्घमा प्रवेशको निम्ति अनुमति मागिन् । भगवानको आदेशले यिनलाई भिक्षुणी गरी दिए । बारम्वार प्रयत्न गरी, ठीकसँग ध्यानमा बसी वाशिष्ठीले शीघ्र नै परमज्ञानलाई साक्षात्कार गरिन् । आफ्नो सफलताको खुशीमा गाउँदथिन् -

१३३. "पुत्तसोकेनहं अट्टा, खित्तचित्ता विसञ्ञिनी ।
नग्गा पकिण्णकेसी च, तेन तेन विचारिहं ॥

१३४. "वीथिसङ्कारकूटेसु, सुसाने रथियासु च ।
अचरिं तीणि वस्सानि, खुप्पिपासासमप्पिता ॥

१३५. "अथद्दसासिं सुगतं, नगरं मिथिलं पति ।
अदन्तानं दमेतारं सम्बुद्धमकुतोभयं ॥

१३६. "सचित्तं पटिलद्धान, वन्दित्वान उपाविसिं ।
सो मे धम्ममदेसेसि, अनुकम्पाय गोतमो ॥

१३७. "तस्स धम्मं सुणित्वान, पब्बज्जिं अनगारियं ।
युञ्जन्ती सत्थु वचने, सच्छाकासिं पदं सिवं ॥

१३८. "सब्बे सोका समुच्छिन्ना, पहीना एतदन्तिका ।
परिञ्ञाता हिमे वत्थू, यतो सोकान सम्भवो"ति ॥



Downloaded from http://dhamma.digital/

१३३) "पुत्रशोकले दुःखी, चञ्चल चित्त, संज्ञा विहीन, नाङ्गो र फिंजिएको केश लिएर यताउत विचरण गर्थें।"

१३४) "बजारको धूलो थुपार्ने ठाउँमा, स्मशानमा, रथको बाटोमा भोक र प्यासले तड्पिँदै तीन वर्षसम्म घुमिरहें।"

१३५) "अनि मैले मिथिला नगरमा गइरहनुभएका सुगतलाई दर्शन गरें। दमन नहुनेलाई दमन गर्नु हुने, निर्भिक सम्यक सम्बुद्ध हुन्।"

१३६) "शुद्ध चित्तले वहाँलाई प्राप्त गरी वन्दना गरेर एक ठाउँमा बसें। वहाँ भगवान गौतमले मलाई अनुकम्पापूर्वक धर्मोपदेश दिनु भयो।"

१३७) "वहाँको धर्मोपदेश सुनेर घर त्यागी प्रव्रजित भएँ। शास्ताको वचन पालन गरी निर्वाणलाई साक्षात्कार गरें।"

१३८) "सर्व शोक निर्मूल गरें, नाश गरें, शान्त पारें शोकलाई उत्पन्न गराउने जुन वस्तु हो त्यसलाई मैले जाने।"

Dhamma Digital

## ५२. क्षेमा

पद्मोत्तर बुद्धको पालामा यिनी हंसवती नगरमा नाना रत्नले सम्पन्न सेठको कुलमा जन्मेकी थिइन्। यिनी एकदिन धर्मश्रवणार्थ विहारमा जाँदा महाप्राज्ञ भिक्षुणीहरू मध्येमा श्रेष्ठ पद दिनु भएको देखेर यिनले आमाबाबुको वचन लिएर एक सप्ताहसम्म दान प्रदान गरी सोही स्थानको प्रार्थना गरिन्। त्यस सुकृत्य कर्मद्वारा त्रायस्त्रिंश देवलोकमा जन्मिन्। देवलोक र मनुष्य लोकमा जन्मँदा भोगवस्तुले सम्पन्न स्थानमा नै जन्मिएकी थिइन्। ककुच्छन्द बुद्धको पालामा सङ्घलाई जग्गा अनि विहार निर्माण गरी दान दिएकी थिइन्। कोणागमन


Downloaded from http://dhamma.digital/

बुद्धको पालामा पनि त्यस्तै प्रकारले दान दिएकी थिइन्। काश्यप बुद्धको आविर्भाव कालमा यिनी काशी राजा किकिको जेष्ठ सुपुत्री श्रमणी नाउँ लिएर जन्मिन्। प्रव्रजित हुने इच्छा भएता पनि पिताको वचन पाइनन् र बीस हजार वर्षसम्म अप्रमादी भई ब्रह्मचर्य पालन गरिन्। यसै पुण्य कर्मको प्रभावले त्रायस्त्रिंश भवनमा जन्मिन्। गौतम बुद्धको समयमा सागल नगरको राजकन्या क्षेमा नाउँ लिएर जन्मिन्। क्षेमा अति नै सुन्दरी स्वर्ण वर्णकी थिइन्। मगधराज बिम्बिसारसँग यिनको विवाह भयो। गौतम बुद्ध त्यस बखतमा वेणुवनमा विहार गर्नु हुन्थ्यो। राज परिवारका सबैजना बुद्ध कहाँ धर्मोपदेश श्रवणार्थ जान्थे। तर क्षेमा महारानी भने त्यहाँ जान मन गर्दैन थिइन्। कुनै कारणवश बुद्धले क्षेमाको सौन्दर्यतामा आँच आउने गरी तुच्छताको उपदेश दिनु हुनेछ भन्ने डरले नै जाने इच्छा गर्दैन थिइन्। बिम्बिसार राजाले क्षेमा प्रति अनुग्रह राखेर वेणुवन रम्य भूमिको बयान गायकहरूलाई गाउन लगाई यिनलाई त्यस रमणीय भूमि हेर्न जानलाई उत्सुक गराई दिए।

क्षेमाले वेणुवनमा घुम्न जान राजा बिम्बिसारलाई आग्रह गरिन्। राजा बिम्बिसारले प्रसन्नतापूर्वक त्यहाँ जानलाई चाहिने प्रबन्ध मिलाई दिए। क्षेमा महारानीले घुम्दै घुम्दै जाँदा भगवान बुद्धको दर्शन पाइन्। भगवान बुद्धले पनि यिनको रूपाभिमानलाई निष्फल गराउन आफ्नो अलौकिक योगबलद्वारा अप्सराबाट पंखाले हम्काउँदै गरेको दृश्य देखाउनु भयो। देवप्सरालाई देखेर क्षेमा महारानीले विचार गरिन् - भगवान बुद्धलाई सेवा गर्ने म भन्दा पनि सुन्दरी रहिछन्। म यिनको सामू दासीसम्म पनि भन्न सुहाउँदिन, मेरो अभिमानलाई मलाई नै ध्वंस गर्‍यो। अप्सरालाई हेर्दा हेर्दै यौवनताबाट वृद्धा भइन्, दाँत झरेर गयो, केश सेताम्मै फुल्यो, छाला खुम्चिएर गयो, अन्तमा पङ्खा समेत हातबाट खस्यो र मृत्यु भयो। कस्तो अपूर्व सौन्दर्यको यस्तो परिणाम ! त्यसो भए मेरो शरीरको पनि यही नै



Downloaded from http://dhamma.digital/

परिणाम ! क्षेमाको मनोभावनालाई बुझेर बुद्धले उपदेश सुनाउनु भयो। उपदेशान्तमा क्षेमाले ज्ञान लाभ गरिन्। श्रद्धासहित भिक्षुणी पनि भइन्। एकदिन बुद्धले क्षेमालाई महाप्रज्ञावान् श्राविका भिक्षुणीहरू मध्येमा अग्रस्थान दिनु भयो। यिनी एकदिन वृक्षमुनि विश्रामको निम्ति बसिरहँदा एकजना मारले युवकको रूप धारण गरी प्रलोभनमा बहकाउन थाले। दुवैको वादविवाद र आफ्नो अद्भूत ज्ञानको साधनाले विजय प्राप्त गरेकोले निम्न गाथा संस्मरण गर्थिन् -

१३९. **"दहरा त्वं रूपवती, अहं पि दहरो युवा।**
**पञ्चङ्गिकेन तुरियेन, एहि खेमे रमामसे" ॥**

१४०. **"इमिना पूतिकायेन, आतुरेन पभङ्गुना।**
**अट्टियामि हरायामि, कामतण्हा समूहता ॥**

१४१. **"सत्तिसूलूपमा कामा, खन्धानं अधिकुट्टना।**
**यं त्वं कामरतिं ब्रूसि, अरती दानि सा मम ॥**

१४२. **"सब्बत्थ विहता नन्दी, तमोखन्धो पदालितो।**
**एवं जानाहि पापिम, निहतो त्वमसि अन्तक ॥**

१४३. **"नक्खत्तानि नमस्सन्ता, अग्गिं परिचरं वने।**
**यथाभुच्चमजानन्ता, बाला सुद्धिममञ्ञथ ॥**

१४४. **"अहञ्च खो नमस्सन्ती, सम्बुद्धं पुरिसुत्तमं।**
**पमुत्ता सब्बदुक्खेहि, सत्थुसासनकारिका"ति ॥**

१३९) "(मारले भन्छ) - तिमी पनि युवती, रूपवती, म पनि युवक, तरुण छु। आऊ क्षेमा ! पञ्चाङ्गिक तूर्यनाद गरी विषय सुखमा रमण गरौं।

Downloaded from http://dhamma.digital/

क्षेमाले भन्छिन् -

१४०) "यो दुर्गन्धको शरीर, आतुरले युक्त, प्रभङ्गुर हुनेलाई देखेर घृणा गर्दछु, हैरान हुन्छु। अनि कामतृष्णालाई समूल नष्ट गरी सकेकी छु।"

१४१) "कामवासना भनेको तीर तथा शूल समान हो, यसले स्कन्धलाई छिया छिया पार्दछ। जुन तिमीले कामरति भन्छौ त्यो मेरो निम्ति अरूची भई सक्यो।"

१४२) "सबै विषय नन्दी (भव संसारको राग) लाई हनन् गरें, अन्धकारको पुञ्जलाई हटाईसकें। हे पापीमार ! हे अन्तक ! तिमीले जानी राख कि तिमी मरी सक्यौ।"

१४३) "यथार्थ उत्तमलाई नजानेर मूर्खहरूले नक्षत्रहरूलाई नमस्कार पूजा गरी, जङ्गलमा अग्नि परिचर्या गरी शुद्ध ठान्दछन्।"

१४४) "पुरुषोत्तम हुनु भएका सम्बुद्धलाई मैले नमस्कार गर्दछु। सबै दुःखबाट मुक्त भई शास्ताको उपदेशलाई पालन गर्ने भएकी छु।"

Dhamma.Digital

## ५३. सुजाता

यी नारीले पनि पूर्ववर्ती बुद्धहरूका पालामा अनि जन्म जन्मान्तरमा अक्षय पुण्यराशि सञ्चयपूर्वक गौतम बुद्धको समयमा साकेत नगरका धनी कुलमा सुजाता जन्मिन्। उपयुक्त स्वामी प्राप्त गरिन्। सुखकासाथ दिन बिताईरहिन्। एकदिन उद्यानमा आमोद-प्रमोद मनाई साथीहरूसित नगरमा फर्किरहँदा बुद्धलाई दर्शन गर्न पाइन्। उपदेश श्रवणपछि स्वामीको वचन लिई सुजाता भिक्षुणी भइन्। आफ्नो अनुभको वर्णन गर्दै गाउँथिइन् -



Downloaded from http://dhamma.digital/

१४५. "अलङ्कता सुवसना, मालिनी चन्दनोक्खिता ।
सब्बाभरणसञ्छन्ना, दासीगणपुरक्खता ॥

१४६. "अन्नं पानञ्च आदाय, खज्जं भोज्जं अनप्पकं ।
गेहतो निक्खमित्वान, उय्यानभिहारयिं ॥

१४७. "तत्थ रमित्वा किलित्वा, आगच्छन्ती सकं घरं ।
विहारं दट्ठुं पाविसिं, साकेते अञ्जनं वनं ॥

१४८. "दिस्वान लोकपज्जोतं, वन्दित्वान उपाविसिं ।
सो मे धम्ममदेसेसि, अनुकम्पाय चक्खुमा ॥

१४९. "सुत्वा च खो महेसिस्स, सच्चं सम्पत्तिविज्झहं ।
तत्थेव विरजं धम्मं, फुसयिं अमतं पदं ॥

१५०. "ततो विञ्ञातसद्धम्मा, पब्बजिं अनगारियं ।
तिस्सो विज्जा अनुप्पत्ता, अमोघं बुद्ध सासन"न्ति ॥

१४५-१४७) "अलंकारले अलंकृत, राम्रो वस्त्र, माला लगाई चन्दन लेपन गरी, सबै आवरणले धाकी, दासीगणले सम्मानित भई, अन्न पान, खाद्य भोज्य, पर्याप्त मात्रामा लिएर घरबाट निस्की उद्यानमा अभिरमण गर्न गयौं । त्यहाँ रमण गरी, क्रिडा गरी आफ्नो घरमा फर्कीरहेको थिएँ । बाटोमै साकेतको अञ्जन वनमा विहार हेर्न पसेँ ।"

१४८) "जगतज्योति हुनु भएकालाई दर्शन गरी वन्दनापूर्वक एक छेउमा बसेँ । वहाँ चक्षुष्मानले अनुकम्पा राखी मलाई धर्मोपदेश दिनु भयो ।"

१४९) "महर्षिको उपदेश सुनेर सत्यज्ञानको मर्मस्पर्श भयो मलाई । त्यसै अवस्थामा निर्मल धर्म, अमृत पदललाई लाभ गरेँ ।"

१५०) "अनि सद्धर्मलाई जानेर घर त्यागी प्रव्रजित भएँ, तीन विद्या प्राप्त गरेँ, बुद्धोपदेश अमोघ !"


Downloaded from http://dhamma.digital/

# ५४. अनुपमा

अनुपमा पनि पूर्व बुद्धहरूको पालामा दृढ संकल्पित भई जन्म जन्मान्तरमा अक्षय पुण्यार्जनपूर्वक गौतम बुद्धको समयमा साकेत नगरको मध्य भन्ने सेठको कुलमा जन्मिन् । असाधारण सौन्दर्यका अधिकारिणी हुनाले यिनलाई अनुपमा भनेको हो । युवती भएपछि धेरै धनवान युवक, राजमन्त्री, राजपुत्रहरूले सम्बन्ध जोड्न खबर पठाउँथ्यो तर अनुपमालाई भने गृहस्थ जीवन मन पराउँदैनथ्यो । कारण-यिनको चित्त उच्चतम लक्ष्यमा आवद्ध थियो । यिनी बुद्ध कहाँ गई धर्म श्रवण गरी अनागामीत्वमा प्रतिष्ठित भएकी थिइन् । एकदिन भिक्षुणी भएर अर्हत्व लाभ गरेपछि खुशी हुँदै निम्न गाथा गाउँदथिन् -

१५१. "उच्चे कुले अहं जाता, बहुवित्ते महद्धने ।
वण्णरूपेन सम्पन्ना, धीता मज्भस्स अत्रजा ॥

१५२. "पत्थिता राजपुत्तेहि, सेट्ठिपुत्तेहि गिज्भिता ।
पितु मे पेसयी दूतं, देथ मह्यं अनोपमं ॥

१५३. "यत्तकं तुलिता एसा, तुह्यं धीता अनोपमा ।
ततो अट्ठगुणं दस्सं, हिरञ्ञं रतनानि च ॥

१५४. "साहं दिस्वान सम्बुद्धं, लोकजेट्ठं अनुत्तरं ।
तस्स पादानि वन्दित्वा, एकमन्तं उपाविसिं ॥

१५५. "सो मे धम्ममदेसेसि, अनुकम्पाय गोतमो ।
निसिन्ना आसने तस्मिं, फुसयिं ततिय फलं ॥

१५६. "ततो केसानि छेत्वान, पब्बजिं अनगारियं ।
अज्ज मे सत्तमी रत्ति, यतो तण्हा विसोसिता"ति ॥



Downloaded from http://dhamma.digital/

१५१) "उच्चकुल, महाधनी धेरै ऐश्वर्यले सम्पन्न कुलमा वर्ण रूपले सम्पन्न मध्यका सुपुत्री भएर म जन्मैं।"

१५२) "राजपुत्रहरूले, सेठपुत्रहरूले लोभीएर पिता कहाँ दूत पठाई अनुपमा मलाई दिनुस् भनेर याचना गर्थ्यो।"

१५३) "तपाईकी सुपुत्री अनुपमालाई तौलेर देह भारको आठ गुणा परिमित असर्फि रत्नहरू दिनेछु, यिनको लागि।"

१५४) "तर मैले लोकश्रेष्ठ, अति महान सम्बुद्धलाई दर्शन गरी पादमा वन्दना गरी एक छेउमा बसैं।"

१५५) "वहाँले मलाई अनुकम्पा राखी धर्मदेशना सुनाउनु भयो। त्यसै आसनमा बसेर तृतीय (अनागामी) फललाई लाभ गरैं।"

१५६) "अनि घर त्यागेर, केश छेदन गरी प्रव्रजित भएँ। आजको मेरो सातौं रात हो, तृष्णालाई समुच्छिन्न गरेको।"

## ५५. महाप्रजापती गौतमी

यी नारीले पद्मोत्तर बुद्धको पालामा हंसवती नगरको धनाढ्य सेठको कुलमा जन्मेकी थिइन्। त्यस बखत यिनी दासीहरू सहित पितासँग धर्मोपदेश श्रवण गर्न गएकी थिइन्। धर्म श्रवण कालमा बुद्धकी सानीआमालाई रात्रज्ञा भिक्षुणीहरूमा श्रेष्ठ पद दिनु भएको देखेर आफूले पनि त्यो स्थान प्राप्त गर्नको निम्ति एक सप्ताहसम्म बुद्ध प्रमुख सङ्घलाई महादान दिएर सो स्थान प्राप्त गर्न, प्रार्थना सहित सारा जीवन प्रत्ययहरूद्वारा सेवा गरी त्रायस्त्रिंश देवलोकमा जन्मिन्। त्यहाँ अरूहरूको हेरी दश प्रकारको विशेषता थियो। यसरी संसार चक्रमा विचरण गरिरहँदा एकदिन कर्म वायुले काशीराजको एक दास गाउँमा जन्मिन्। त्यस बखत यिनीले पाँचसय प्रत्येक बुद्धहरूलाई


Downloaded from http://dhamma.digital/

आफू नाइकेनी भई पाँचसय जना दासीहरू लगायत सबैले चार महीनासम्म आ-आफ्ना पतिहरूका साथ वहाँहरूको उपस्थान गरिन्। त्रिचीवर दान गरिन्। मृत्यु पश्चात त्रायस्त्रिंश भवनमा जन्मिन्।

यस अन्तिम जन्ममा देवदह नगरको राजा अञ्जन शाक्य र माता सुलक्षणाका कोखबाट महाप्रजापति जन्मिन्। अनि कपिलवस्तुको राजा शुद्धोदनसँग विवाह भयो। यिनी बुद्धको माता महामायाँ देवीकी बहिनी हुन्। बुद्ध जन्मेको सातौं दिनमा महामायाँ देवी स्वर्गवास भएकी थिइन्। बुद्धलाई महाप्रजापति गौतमीले पालन पोषण गरेकी थिइन्।

आफ्नो स्वामी शुद्धोदनको निर्वाण भएपछि यिनले बुद्धलाई आफू पनि प्रव्रजित हुने इच्छा व्यक्त गरिन्। तर बुद्धले अनुमति दिनु भएन। वैराग्यको प्रबल सदिच्छा हुनुको कारणले एकदिन आफैले केशच्छेदन गरी पीत वस्त्र धारण गरिन्। साथै पाँचसय शाक्य स्त्रीहरूले पनि प्रजापतिको नै अनुरकरण गरिन् र कपिलवस्तुदेखि वैशालीसम्म पैदल गई आनन्द भन्तेलाई आफूसहित पाँचसय जना बुद्धको सङ्घमा प्रवेश गर्ने इच्छा सुनाइन्। प्रजापतिको इच्छा पूर्ण गर्नलाई बुद्धसँग प्रार्थना गरी स्त्रीहरूको निम्ति प्रव्रजित हुने द्वार खोलि दिनु भयो। त्यस दिनदेखि स्त्रीहरूले पनि भिक्षुणी हुने सु-अवसर पाए। स्त्रीहरूको पनि भिक्षुणी संङ्घ बन्यो। प्रजापतिले बुद्धोपदेशलाई श्रवण गरी शीघ्र नै ज्ञान लाभ गरिकन अर्हत्व लाभ गरिन्। यिनलाई बुद्धले रात्रज्ञा भिक्षुणीहरू मध्येमा महाप्रजापति गौतमी अग्रछिन भनेर अग्रपद दिनु भयो। आफ्नो इच्छानुसार पूर्ण भएकोमा खुशी हुँदै निम्न श्लोक गाउँदथिन् -

१५७. "बुद्ध वीर नमो त्यत्थु, सब्बसत्तानमुत्तम।
यो मं दुक्खा पमोचेसि, अञ्ञञ्च बहुकं जनं॥

१५८. "सब्ब दुक्खं परिञ्ञातं, हेतुतण्हा विसोसिता।
भावितो अठ्ठङ्गिको मग्गो, निरोधो फुसितो मया॥



Downloaded from http://dhamma.digital/

१५९. “माता पुत्तो पिता भाता, अय्यका च पुरे अहुं ।
यथाभुच्चमजानन्ती, संसरिहं अनिब्बिसं ॥

१६०. “दिट्ठो हि मे सो भगवा, अन्तिमोयं समुस्सयो ।
विक्खीणो जाति संसारो, नत्थिदानि पुनब्भवो ॥

१६१. “आरद्धविरिये पहितत्ते, निच्चं दल्हपरक्कमे ।
समग्गे सावके पस्से, एसा बुद्धान वन्दना ॥

१६२. “बहूनं वत अत्थाय, माया जनयि गोतमं ।
ब्याधिमरणतुन्नानं, दुक्खक्खन्धं ब्यपानुदी”ति ॥

१५७) “सबै सत्त्वहरू भन्दा उत्तम हुनु भएका बुद्ध-वीरलाई नमस्कार छ, जसले मलाई र अरू पनि बहुजनलाई दुःखबाट छुट्कारा दिनु भयो ।”

१५८) “सबै दुःखलाई परिज्ञात गरेँ, तृष्णालाई सुकाई दिएँ । अष्टाङ्गिक मार्गलाई भाविता गरेँ । निरोधलाई पनि साक्षात्कार गरेँ ।”

१५९) “यथार्थ रूपको अपरिज्ञात हुनाले अनादिकाल देखि संसार चक्रमा घुमफिर गर्दा माता, पुत्र, पिता, भ्राता, बाज्ये, बज्यै अनि म भइसकेँ ।”

१६०) “वहाँ भगवानलाई मैले दर्शन गरेँ, यो मेरो अन्तिम देह हो । जाति (जन्मिनुपर्ने) संसार विच्छिन्न भइसक्यो अब पुनर्जन्म हुनेछैन ।”

१६१) “नित्य पराक्रममा दत्तचित्त हुने, वीर्यवान, मेलमिलाप भएका श्रावकहरूलाई हेर्नु नै बुद्ध वन्दना गर्नु हो ।”

१६२) “धेरैलाई हित गर्नको निमित्त मायादेवीले गौतमलाई जन्माउनु भयो, व्याधि मरणबाट मुक्त हुनेले दुःख स्कन्धलाई नाश गर्छन् ।”


Downloaded from http://dhamma.digital/

# ५६. गुप्ता

यी नारीले पनि पहिले बुद्धहरूका पालामा दृढ चित्तलिई जन्म जन्मान्तरमा अक्षय पुण्य सँग्रह गरी गौतम बुद्धको समयमा श्रावस्तीको एक ब्राह्मण कुलमा गुप्ता नाउँले जन्मिन्। युवती हुँदा यिनी गृहस्थ जीवनमा वीतरागी भई, आमा-बाको अनुमती लिएर महाप्रजापति गौतमी कहाँ गई भिक्षुणी भइन्। भिक्षुणी भएर धर्म साधनामा लाग्दा पनि वाह्यवस्तुमा आकृष्ट भई एकाग्र चित्त लिएर बस्नमा असमर्थ भइन्। यिनको अनुत्साहित चित्तलाई उत्साहित गर्नलाई बुद्धको आफ्नो महिमा बलले त्यहीँ बस्नु भए जस्तै प्रकाशित भएर भन्नु भयो -

१६३. "गुत्ते यदत्थं पब्बज्जा, हित्वा पुत्तं वसुं पियं।
तमेव अनुब्रूहेहि, मा चित्तस्स वसं गमि॥

१६४. "चित्तेन वञ्चिता सत्ता, मारस्स विसये रता।
अनेकजातिसंसारं, सन्धावन्ति अविद्दसू॥

१६५. "कामच्छन्दञ्च ब्यापादं, सक्कायदिट्ठिमेव च।
सीलब्बतपरामासं विचिकिच्छञ्च पञ्चमं॥

१६६. "संयोजनानि एतानि, पजहित्वान भिक्खुनी।
ओरम्भागमनीयानि, नयिदं पुनरेहेसि॥

१६७. "रागं मानं अविज्जञ्च, उद्धच्चञ्च विवज्जिय।
संयोजनानि छेत्वान, दुक्खस्सन्तं करिस्ससि॥

१६८. "खेपेत्वा जातिसंसारं, परिञ्ञाय पुनब्भवं।
दिट्ठेव धम्मे निच्छाता, उपसन्ता चरिस्सती"ति॥

१६३) "गुप्ता! प्रिय, पुत्र, धन त्यागेर जुन अर्थलाई लिएर प्रव्रजित भयौ त्यसैमा मन लगाई वृद्धि गर। चित्तको वशमा नजाऊ।"



Downloaded from http://dhamma.digital/

१६४) "सत्त्वहरू मारको वशमा परेर चित्तलाई वञ्चित पार्छन् अज्ञानताले अनेक जाति संसार चक्रमा धावित हुन्छन् ।"

१६५-१६६) "भिक्षुणी काम-इच्छा, ब्यापाद (द्वेष), सत्कायदृष्टि, शीलव्रत-परामर्श र शंका यी पाँच संयोजनहरूलाई परित्याग गरी पार भई पुनः यसलोकमा नआउने हुन्छन् ।"

१६७) "राग, मान, अविद्या, मानसिक चञ्चलतालाई विसर्जन गरी, अनि संयोजनलाई छेदन गरी दुःखलाई अन्त गर्दछन् ।"

१६८) "पुनर्जन्मलाई परिज्ञात गरी, आवागमनबाट दूर भई धर्मलाई साक्षात्कार गरी उपशान्त भई विचरण गर्दछन् ।"

## ५७. विजया

यी नारीले पनि पूर्वकालका बुद्धहरूको पालामा संकल्पबद्ध भई विभिन्न जन्ममा पुण्य सञ्चय गरेकी थिइन् । गौतम बुद्धको समयमा राजगृह नगरको धनी कुलमा विजया जन्मिन् । क्षेमा भिक्षुणी यिनकी सहचारी थिइन् । क्षेमाले संसार त्याग गर्दा यिनले भनिन् - क्षेमा महारानी भएर पनि संसार त्याग गर्न सक्छन् भने मैले पनि अवश्य नै त्यसो गर्न सक्ने छु । त्यस विचारानुसार क्षेमा भिक्षुणी कहाँ गई धर्मोपदेश श्रवण गरी, शान्तानुभव गरी भिक्षुणी भइन् । अनि सङ्घको सेवा र अध्ययनादीमा दत्तचित्त भई अचिरकालमा नै अर्हत्व लाभ गरिन् र साफल्यको स्मृतिमा निम्न गाथा गाउँदथिन् -

१६९. "चतुक्खत्तुं पञ्चक्खत्तुं, विहारा उपनिक्खमिं ।
अलद्धा चेतसो सन्तिं, चित्ते अवसवत्तिनी ॥

१७०. "भिक्खुनी उपसङ्कम्म, सक्कच्चं परिपुच्छहं ।
सा मे धम्ममदेसेसि, धातुआयतानि च ॥


Downloaded from http://dhamma.digital/

१७१. "चत्तारिं अरियसच्चानि, इन्द्रियानि बलानि च।
बोज्झङ्गट्ठङ्गिकं मग्गं, उत्तमत्थस्स पत्तिया ॥

१७२. "तस्साहं वचनं सुत्वा, करोन्ती अनुसासनिं।
रत्तिया पुरिमे यामे, पुब्बजातिमनुस्सरिं ॥

१७३. "रत्तिया मज्झिमे यामे, दिब्बचक्खुं विसोधयिं।
रत्तिया पच्छिमे यामे, तमोखन्धं पदालयिं ॥

१७४. "पीतिसुखेन च कायं, फरित्वा विहरिं तदा।
सत्तमिया पादे पसारेसिं, तमोखन्धं पदालिया"ति ॥

१६९) "चित्त आफ्नो वशमा नभएकोले, चित्तले शान्ति पाउन नसकेकोले चार पटक, पाँच पटक विहारबाट निस्कें।"

१७०) "भिक्षुणी (क्षेमा) कहाँ गएर ससम्मान प्रश्न गरें। तिनले मलाई धातु, आयतनादिको धर्मोपदेश गर्नु भयो।"

१७१) "चार आर्य सत्य, इन्द्रिय, बल, सप्त बोध्यङ्ग अनि अष्टाङ्गिक मार्ग उत्तमार्थ प्राप्त गर्नलाई धर्मोपदेश गर्नु भयो।"

१७२) "तिनको वचन सुनेअनुसार अनुशासन गरें। रात्रीको प्रथम याममा पूर्वजन्मको स्मरण भयो।"

१७३) "रात्रीको मध्यम याममा विशुद्ध दिव्य चक्षु लाभ गरें। रात्रीको शेष याममा अन्धकारको पुञ्जलाई हटाएँ।"

१७४) "सातौं दिनमा ध्यानबाट उठें, त्यस समयमा मन र शरीरबाट प्रीति अनि सुखको अनुभव गरी अन्धकारको पुञ्जलाई विनाश गरें।"

✪ ✪ ✪



Downloaded from http://dhamma.digital/

## ५८. उत्तरा

पूर्वकालका बुद्धहरूको पालादेखि यिनले अक्षय पुण्य सञ्चय गरी जन्मजन्मान्तरको चक्रमा घुम्दै फिर्दै गौतम बुद्धको समयमा श्रावस्ती नगरको एक धनी कुलमा उत्तराले जन्म लिइन्। पूर्वजन्मको सञ्चित पुण्य फलले वैरागीनी भई भावना गरिकन अर्हत्व लाभ गरिन्। अर्हत्व प्राप्तिको खुशीमा गाउँदथिन् -

१७५. "मुसलानि गहेत्वान, धञ्ञं कोट्टेन्ति माणवा।
पुत्तदारानि पोसेन्ता, धनं विन्दन्ति माणवा॥

१७६. "घटेथ बुद्धसासने, यं कत्वा नानुतप्पति।
खिप्पं पादानि धोवित्वा, एकमन्तं निसीदथ॥

१७७. "चित्तं उपट्ठपेत्वान, एकग्गं सुसमाहितं।
पच्चवेक्खथ सङ्खारे, परतो नो च अत्ततो।

१७८. "तस्साहं वचनं सुत्वा, पटाचारानुसासनिं।
पादे पक्खालयित्वान, एकमन्ते उपाविसिं॥

१७९. "रत्तिया पुरिमे यामे, पुब्बजातिमनुस्सरिं।
रत्तिया मज्झिमे यामे, दिब्बचक्खुं विसोधयिं॥

१८०. "रत्तिया पच्छिमे यामे,तमोक्खन्धं पदालयिं।
तेविज्जा अथ वुट्ठासिं, कता ते अनुसासनी॥

१८१. "सक्कंव देवा तिदसा, सङ्गामे अपराजितं।
पुरक्खत्वा विहस्सामि तेविज्जाम्हि अनासवा"ति॥


Downloaded from http://dhamma.digital/

१७५) "स्त्री, पुत्रादि भरण पोषणार्थ, मानवले मूषलादि लिएर धान कुट्न जान्छन्, धन कमाउँछन् ।"

१७६) "बुद्ध शासनमा प्रयत्नवान होऊ, जुन काम गर्दा पछि पश्चाताप गर्नु पर्दैन । चाँडै पाउ पखाली एकान्त ठाउँमा बस ।"

१७७) "आफ्नो र परायाको संस्कार (अनित्य दुःख अनात्मा) लाई प्रत्यवेक्षण गरी चित्तलाई एकाग्र र सुसमाहित पारी राख ।"

१७८) "पटाचाराका अनुशासन र वहाँका वचन सुनी पाद प्रक्षालनपूर्वक एकान्त स्थानमा ध्यानमा बसेँ ।"

१७९) "रात्रीको प्रथम याममा पूर्वजन्मको स्मरण भयो । रात्रीको मध्यम् याममा विशुद्ध दिब्य चक्षु लाभ गरेँ ।"

१८०) "रात्रीको शेष याममा अन्धकारको पुञ्जलाई हटाएँ । तपाईको अनुशासनलाई पुरा गरेँ । त्रिविद्या प्राप्त गरेँ अनि (ध्यानबाट) उठेँ ।"

१८१) "सँग्राममा अपराजित इन्द्रलाई त्रिदश देवहरूले पूजे झैं मैले त्रिविद्या लाभ गरी अनाश्रवी भइ पुज्दछु ।"

## ५९. चाला

यी नारीले पनि पूर्वकालका बुद्धहरूको पालादेखि जन्मजन्मान्तरमा अक्षय पुण्य सञ्चय गर्दै गौतम बुद्धको समयमा मगध राज्यको नालक गाउँमा सुरूपसारी ब्राह्मणीको कोखबाट चाला जन्मिन् । यिनकी माइली बहिनीको नाउँ उपचालार र कान्छी वहिनीको नाउँ शिशुपचाला हुन् । दाजु सारिपुत्रले संसार त्याग गर्दाखेरी तीनैजना बहिनीले भनिन् - त्यो धर्म साधारण धर्म होइन होला जुन कि हाम्रो दाजुले ग्रहण गरे । त्यो प्रव्रजित जीवन पनि असाधारण नै होला जसमा कि



Downloaded from http://dhamma.digital/

दाजुले श्रद्धापूर्वक दीक्षा लिनु भयो। दाजुले लिएको धर्मलाई तीनैजना बहिनीहरूले ग्रहण गर्न गृह त्याग गरे।

एकदिन भिक्षुणी चाला भोजन पश्चात अंधवनमा ध्यान गर्न गएकी थिइन्। त्यहाँ मार आएर चालालाई ब्रह्मचर्यबाट च्युत गराउनलाई प्रलोभनहरू देखाएर फँसाउन खोजेको थियो। उक्त विषयलाई लिएर यिनले स्मरण गर्दै गाउँदथिन् -

**१८२. "सतिं उपट्ठपेत्वान, भिक्खुनी भावितिन्द्रिया।**
**पटिविज्झि पदं सन्तं, सङ्खारूपसमं सुखं॥**

१८२) "म भिक्षुणीले स्मृतिलाई सम्मुखमा राखेर भावितिन्द्रिय भई संस्कारलाई उपशान्त गरी, सुख, शान्त पदलाई लाभ गरें।"

मार

**१८३. "कं नु उद्दिस्स मुण्डासि, समणी विय दिस्ससि।**
**न च रोचेसि पासण्डे, किमिदं चरसि मोमुहा"॥**

१८३) "कुन उद्देश्य लिएर मस्तक मुण्डण गरेकी ? तिमी श्रमणी जस्तै देखिछ्यौ। पाखण्ड (धर्म) लाई नरुचाऊ। किन यसरी मोहित भई आचरण गरेकी ?"

चाला

**१८४. "इतो बहिद्धा पासण्डा, दिट्ठियो उपनिस्सिता।**
**न ते धम्मं विजानन्ति, न ते धम्मस्स कोविदा॥**

१८४) "मिथ्यादृष्टि सम्पन्न पाखण्डीहरूसित मेरो सम्बन्ध छैन। तिनीहरूले धर्मलाई जानेको हुँदैन, तिनीहरूले धर्मको ज्ञान पाएको हुँदैनन्।


Downloaded from http://dhamma.digital/

१८५. "अत्थि सक्यकुले जातो, बुद्धो अप्पतिपुग्गलो ।
सो मे धम्ममदेसेसि, दिट्ठीनं समत्तिक्कमं ॥

१८५) "शाक्य कुलमा जन्मिनु भएका अद्वितीय पुद्गल बुद्धले मिथ्यादृष्टिलाई नाश गराउन वहाँले मलाई धर्मदेशना गर्नु भएको छ ।"

१८६. "दुक्खं, दुक्खसमुप्पादं, दुक्खस्स च अतिक्कमं ।
अरियं चट्ठङ्गिकं मग्गं, दुक्खूपसमगामिनं ॥

१८६) "दुःख, दुःखको उत्पत्ति, दुःखलाई अतिक्रम गर्न, दुक्ख उपशान्त गराउन आर्य अष्टाङ्गिक मार्ग देशना गर्नु भएको छ ।"

१८७. "तस्साहं वचनं सुत्वा, विहरिं सासने रता ।
तिस्सो विज्जा अनुप्पत्ता, कतं बुद्धस्स सासनं ॥"

१८७) "वहाँको वचन श्रवण गरी, शासनलाई ध्यान दिई विहार गर्दछु । तीन विद्यालाई प्राप्त गरी बुद्ध शासनलाई पूर्ण गरें ॥

१८८. "सब्बत्थ विहता नन्दी, तमोखन्धो पदालितो ।
एवं जानाहि पापिम, निहतो त्वमसि अन्तका"ति ॥

१८८) "सबै प्रकारका काम तृष्णालाई विनष्ट गरें, अज्ञानन्धकारको पुञ्जलाई नाश गरें । हे पापीमार ! हे अन्तक ! तिमी मारिई सक्यो भनेर जान ।"

## ६०. उपचाला

उपचालाले पनि चालाले जस्तै अर्हत्व लाभ गरी, मारलाई पराजित गरिन् । विजयको उल्लासमा निम्न गाथा गाउँदथिन् -



Downloaded from http://dhamma.digital/

१८९. "सतिमती चक्खुमती, भिक्खुनी भावितिन्द्रिया ।
पटिविज्झिं पदं सन्तं, अकापुरिस सेवितं ॥

१८९) "म भिक्षुणी स्मृतिमयी, चक्षुष्मती र भावितिन्द्रिय भई श्रेष्ठ पुरुषद्धारा गरिएको परम पदलाई लाभ गरें ।"

मार

१९०. "किं नु जातिं न रोचेसि, जातो कामानि भुञ्जति ।
भुञ्जाहि कामरतियो, माहु पच्छानुतापिनी" ॥

१९०) "जन्मिनुबाट किन अरूचि ? जन्मिदा नै काम-भोगको अनुभव गर्न पाइन्छ । काम-रतिलाई भोग गर । पछि फेरि पश्चाताप गर्न नपरोस् ।"

उपचाला

१९१. "जातस्स मरणं होति, हत्थपादान छेदनं ।
वधबन्ध परिक्लेसं, जातो दुक्खं निगच्छति ॥

१९२. "अत्थि सक्यकुले जातो, सम्बुद्धो अपराजितो ।
सो मे धम्ममदेसेसि, जातिया समतिक्कमं ॥

१९३. "दुक्खं दुक्खमुप्पादं, दुक्खस्स च अतिक्कमं ।
अरियं चट्ठङ्गिकं मग्गं, दुक्खूपसमगामिनं ॥

१९४. "तस्साहं वचनं सुत्वा, विहरिं सासने रता ।
तिस्सो विज्जा अनुप्पत्ता, कतं बुद्धस्स सासनं ॥

१९५. सब्बत्थ विहता नन्दी, तमोखन्धो पदालितो ।
एवं जानाहि पापिम, निहतो त्वमसि अन्तक" ॥


Downloaded from http://dhamma.digital/

१९१) "जन्मेपछि मरण हुन्छ। जन्मिदा हात पाउ भाँचिनु बध, बन्धन र क्लेशमय भई दुःख भोग्नु पर्ने हुन्छ।"

१९२) "अनि अपराजित सम्बुद्ध शाक्य कुलमा जन्मिनु भयो। वहाँले मलाई जन्मिनुबाट छुट्कारा पाउने धर्मदेशना गर्नु भयो।"

१९३) "दुःख, दुःखको उत्पत्ति, दुःखको अतिक्रम र दुःखलाई उपशान्त गर्ने आर्य अष्टाङ्गिक मार्ग प्रदर्शित भएको छ।"

१९४) "वहाँको वचन श्रवण गरी, शासनमा रत भई विहर्दछु। त्रिविद्यालाई प्राप्त गरी, बुद्धोपदेशलाई पूर्ण गरें।"

१९५) "सबै प्रकारका काम तृष्णालाई विनष्ट गरें। अज्ञान अन्धकारको पुञ्जलाई नाश गरें। यस्तो जानिराख पापीमार! अन्तक! तिमीलाई निहत गरी सकें।"

✪ ✪ ✪

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

## ६१. शिशूपचाला

चाला, उपचालाले झैं शिशूपचालाले पनि अर्हत्व लाभ गरी, मारसित भएको कुरालाई लिएर निम्न गाथा गाउँदथिन् -

१९६. **"भिक्खुनी सीलसम्पन्ना, इन्द्रियेसु सुसंवुता ।**
**अधिगच्छे पदं सन्तं, असेचनकमोजवं ॥**

१९६) "म भिक्षुणी शीलसम्पन्ना, सुसंयतेन्द्रिया मनोहर सुधारूप परम शान्त पदलाई लाभ गरैं ।"

मार

१९७. **"तावतिंसा च यामा च, तुसिता चापि देवता ।**
**निम्मानरतिनो देवा, ये देवा वसवत्तिनो ॥**
**तत्थ चित्तं पणीधेही, यत्थ ते वुसितं पुरे ।**

१९७) "त्रायस्त्रिंशको, यामाको, तुषितलोकका देवगण, निर्माण-रतिका देवगण, जुन वशवर्ति देवगण हुन्, त्यहाँ चित्तलाई नियुक्त गर । जहाँ पहिला तिमी वास गरेर आएकिछ्यौ ।"

मारको उक्त वाक्य श्रवण गरी भिक्षुणीले भनिन् - मार ! शान्त भावनाले सुन कामलोकको कुरा तिमीले गऱ्यौ । त्यो यस जगतको जस्तै नै तृष्णा, विद्वेष र अविद्याको अग्निमा जले समान हुन् । सम्यकदृष्टिले सम्पन्न व्यक्ति त्यसमा आसक्त हुँदैनन् । मारलाई तिरस्कार गरेको निम्न श्लोक स्मृतिको रूपमा गाउँदथिन् -

१९८. **"तावतिंसा च यामा च, तुसिता चा पि देवता ।**
**निम्मानरतिनो देवा, ये देवा वसवत्तिनो ॥**

१९९. **"कालं कालं भवा भवं, सक्कायस्मिं पुरक्खता ।**
**अवीतिवत्ता सक्कायं, जातिमरणसारिनो ॥**


Downloaded from http://dhamma.digital/

२००. "सब्बो आदीपितो लोको, सब्बो लोको पदीपितो ।
सब्बो पज्जलितो लोको, सब्बो लोको पकम्पितो ॥

२०१. "अकम्पियं अतुलियं, अपुथुज्जनसेवितं ।
बुद्धो धम्ममदेसेसि, तत्थ मे निरतो मनो ॥

२०२. "तस्साहं वचनं सुत्वा, विहरिं सासने रता ।
तिस्सो विज्जा अनुप्पत्ता, कतं बुद्धस्स सासनं ॥

२०३. "सब्बत्थ विहता नन्दि, तमोखन्धो पदालितो ।
एवं जानाहि पापिम, निहतो त्वमसि अन्तक" ॥

१९८-१९९) "त्रायस्त्रिंशका देवगण, यामलोकका देवगण, तुषितका देवगण, निर्माणरतिका देवगण, जुन वसवर्तिका देवगण हुन् । यिनीहरू सबै सत्कायदृष्टिलाई मानेर मृत्यु पछि जन्म, जन्म पछि मृत्यु, यो लोक र परलोकको चक्रमा पर्दछन् । सत्कायदृष्टिको कारणले गर्दा यिनीहरू जन्ममरणको चक्रबाट मुक्त हुन सक्दैनन् ।"

२००) "सबै लोक आदीप्त छन्, सबै लोक प्रज्वलित छन्, सबै प्रकम्पित छन् ।"

२०१) "अप्रकम्पित, अतुलनीय, पृथकजन नहुनेले सेवन गरेका, बुद्धले मलाई धर्मदेशना गर्नु भयो, त्यसैमा मेरो मन रम्दछ ।"

२०२) "वहाँको उपदेशलाई मैले श्रवण गरी शासनमा मन लगाई विहर्दछु । त्रिविद्यालाई लाभ गरें, बुद्धोपदेशलाई पूर्ण गरें ।"

२०३) "सबै प्रकारका नन्दि (तृष्णा) लाई विनष्ट गरें । अज्ञानन्धकारको पुञ्जलाई नाश गरें । यस्तो जानिराख पापीमार ! अन्तक ! तिमीलाई निहत गरी सकें ।"

✪ ✪ ✪



Downloaded from http://dhamma.digital/

## ६२. वड्ढमाता

यी नारीले पनि पूर्ववर्ती बुद्धहरूको पालादेखि दृढ सङ्कल्प गरी अक्षय पुण्य सञ्चयपूर्वक गौतम बुद्धको समयमा भरुकच्छ नगरको प्रतिष्ठित परिवारको घरमा वड्ढमाता जन्मिन्। विवाह पछि यिनले एउटा छोरो जन्माइन्। छोराको नाउँ वड्ढ राखियो। छोराको नाउँ वड्ढ भएकोले यिनी वड्ढमाता नाउँले चिनिन थाल्यो। पछि एकदिन एकजना भिक्षुको धर्मोपदेश सुनेर छोरालाई आफन्तको हातमा सुम्पी आफू भिक्षुणीसङ्घमा प्रवेश गरिन्। वड्ढ ठूलो भएपछि यिनले पनि प्रव्रज्या ग्रहण गरे। एकदिन आफ्नो आमालाई हेर्नको निमित्त एक्लै भिक्षुणीहरूको वासस्थान गए। यिनलाई देख्नासाथ आमाले भनिन् - वड्ढ ! तिमी एक्लै यहाँ किन आएको ? भन्दै छोरालाई निम्न उपदेश दिइन् -

२०४. "मा सु ते वड्ढ लोकह्मि, वनथो अहु कुदाचनं।
मा पुत्तक पुनप्पुनं, अहु दुक्खस्स भागिमा॥

२०५. "सुखंञ्हि वड्ढ मुनयो, अनेजा छिन्नसंसया।
सीतिभूता दमप्पत्ता विहरन्ति अनासवा॥

२०६. "तेहानुचिण्णं इसीभि, मग्गं दस्सनपत्तिया।
दुक्खस्सन्तकिरियाय, त्वं वड्ढ अनुब्रूह्य॥

२०४) "वड्ढ ! तिमी तृष्णाको लोकमा नआऊ। तृष्णाको वशमा कहिल्यै पनि प्रवेश नगर। पुनः पुनः दुःखको भागिदार नहोऊ पुत्र !।"


Downloaded from http://dhamma.digital/

२०५) "वड्ढ ! जुन मुनिले तृष्णालाई नाश गरे, शंसयलाई चुडालिसके, शान्तानुभूति, दमनकर्ता, आश्रव रहित भई सुखपूर्वक विहार गर्दछ ।"

२०६) "वड्ढ ! ती ऋषिहरूले अभ्यस्त गरिराखेको मार्गलाई दर्शन लाभी भई, दु:खलाई नाश गरिकन तिमी अघि बढेर जाऊ ।"

मेरो आमाले साँच्चै नै अर्हत्वलाई लाभ गरी सकेकिछिन् भन्ने विचार गरेर भने -

२०७. **"विसारदा व भणासि, एतमत्थं जनेत्ति मे ।**
**मञ्ञामि नुन मामिके, वनथोते न विज्जतिं ॥"**

२०७) "जननी माता ! विज्ञतापूर्वक नै मलाई कल्याण हुने तिमीले भन्यौ । मलाई लाग्दछ निश्चय पनि तिमीमा तृष्णारूपी वन विद्यमान छैन ।"

आमाले भनिन्

२०८. **"ये केचि वड्ढ सङ्खारा, हीना उक्कट्ठमज्झिमा ।**
**अणूपि अणुमत्तोपि, वनथो मे न विज्जति ॥**

२०९. **"सब्बे मे आसवा खीणा, अप्पमत्तस्स झायतो ।**
**तिस्सो विज्जा अनुप्पत्ता, कतं बुद्धस्स सासनं ॥**

२०८) "वड्ढ ! जति पनि हीन, मध्यम र उत्तम संस्कार जनित विषयारण्य हुन्, अणु भन्दा पनि अणु मसँग विद्यमान छैन ।"

२०९) "समस्त आश्रव क्षीण भई सक्यो, अप्रमादी भई ध्यान गरेँ बुद्धोपदेशलाई पूर्ण गरेँ ।"



Downloaded from http://dhamma.digital/

वड्ढले उत्साहित हुँदै आमाको उपदेश सुनेपछि विहारमा गएर ध्यानावस्थित भए। अन्तर्दृष्टिमा वृद्धि गरी अर्हत्व लाभ गरी, आमा कहाँ गएर खुशी ब्यक्त गर्दै निम्न गाथा सुनाउनु भयो -

**२१०. "उलारं वत मे माता, पतोद समवस्सरि।**
**परमत्थसञ्हिता गाथा, यथा पि अनुकम्पिका॥**

**२११. "तस्साहं वचनं सुत्वा, अनुसिट्ठिं जनेत्तिया।**
**धम्मसंवेगमापादिं, योगक्खेमस्स पत्तिया॥**

**२१२. "सोहं पधानपहितत्तो, रत्तिन्दिवमतन्दितो।**
**मातरा चोदितो सन्तो, अफुसिं सन्तिमुत्तमं" ॥**

२१०) "अनुकम्पिका आमाले जुन प्रेरणापद, परमकल्याणकारले युक्त भएको, अंकुशाघात समान उपदेशद्वारा मलाई उत्थान गर्नु भयो।"

२११) "वहाँ आमाको उपदेशलाई सुनेर मनले धारण गरी, धर्म संवेग उत्पन्न गराई निर्भययुक्त ध्यान लाभ गरें।"

२१२) "अनि मैले ध्यानमा चित्त लगाई दिन रात ननिदाइकन आमाको उपदेशबाट प्रेरित भई परम शान्तिलाई लाभ गरें।"

✪ ✪ ✪


Downloaded from http://dhamma.digital/

## दशौं वर्ग

## ६३. कृशागौतमी

पद्मोत्तर बुद्धको पालामा यी नारीले पनि हंसवती नगरको धनवान कुलमा जन्म लिएकी थिइन्। यिनी धर्मश्रवणार्थ विहारमा जाँदा पद्मोत्तर बुद्धले पांशुकुल (रूक्ष) चीवर धारिणी भिक्षुणीलाई अग्रपद दिनु भएको थियो । त्यस अग्रपद दिएको देखेर यिनले अत्यधिक प्रीति उत्पन्न गरी, श्रद्धा सहित मुनिवरलाई सत्कारपूर्वक दानमय पुण्य गरिकन सो अग्रपद प्रार्थना गरेकी थिइन्। देहान्त पछि सुकर्मको प्रभावले त्रायस्त्रिंश देवलोकमा जन्मिन् ।

काश्यप बुद्धको आविर्भावको कालमा वाराणसी राजा किकिको पाँचौं छोरी भएर जन्मेकी थिइन्। प्रव्रजित हुन किकि राजाको अनुमति नपाएकीले बीसहजार वर्षसम्म अप्रमादी भई कौमारी ब्रह्मचर्य पालन गर्दै निरन्तर बुद्धको उपस्थान गरिन्। देहान्त पछि त्रायस्त्रिंश देवलोकमा नै जन्मिन् ।

गौतम बुद्धको समयमा श्रावस्तिको एक सेठ कुलमा जन्म लिइन् । तर पछि धन-विनाश भएकोले गरीब भइन्। यिनको विवाह धनी कुलमा नै भएको थियो । यिनको पतिले बाहेक अरू सबैजनाले यिनलाई गरीब-निर्धनी भनेर हेप्दथे । जब यिनले छोरो जन्माइन् तब यिनलाई घरका परिवारहरूले सम्मान गर्न थाले । दुर्भाग्यवश यिनको छोरो हिंड्न सक्ने हुँदा नै मृत्यु भयो । प्यारो छोराको मृत्युले यिनी बहुलाइन् । शोकले बहुलीई भई, मृतकुणपलाई लिई, दीन दुःखी भई, गहभरी आँसु पार्दै, विलाप गर्दै बाटामा हिँड्न थालिन्। घर घरमा गई मृत बालकलाई देखाउँदै जीवित पार्ने औषधि माग्दै हिँड्न थालिन् । मरिसकेको बालकलाई जीवित पार्ने औषधि मागी हिँडेकी देख्दा मानिसहरू



Downloaded from http://dhamma.digital/

हाँस्दथे । यिनको दु:खद अवस्थालाई देखेर एकजना दयावान व्यक्तिले भगवान बुद्ध कहाँ पठाए । भगवानको सम्मुखमा गई छोरालाई जीवित पार्ने औषधी मागिन् ।



पुत्रको मृत्युले शोकाकुल भएकी कृशागौतमी बुद्धको सम्मुखमा

भगवानले भन्नुभयो - तिम्रो छोरालाई पुन: जीवित पार्नलाई कोही पनि नमरेको घरबाट एकमुट्ठी सर्स्यूँ लिएर आऊ । बालक जीवित हुने आशामा प्रत्येकको घर घरमा गई एक मुट्ठी सर्स्यूँ माग्दै थिइन् । मागेअनुसार मान्छेहरूले दिन्थ्यो । तर जुन जुन घरमा सर्स्यूँ माग्दा दिन्थ्यो त्यस त्यस घरमा कोही न कोही मरेको सुन्नु पर्दथ्यो । सारा दिन घुम्दा पनि कहीँ कुनै पनि घर नमरेको मान्छे पाउँदा मृत्युबाट कोही पनि मुक्त नहुँदो रहेछ भन्ने ज्ञान भयो । अन्तमा बुद्ध कहाँ फर्केर गइन् । कृशागौतमी फर्केर आएकी भगवानले देख्नु हुँदा सोध्नु भयो - गौतमी ! तिमीले सर्स्यूँ लिएर आयौ ? भगवान ! अब मलाई सर्स्यूँको खाँचो भएन । जन्म लिने प्राणी एकदिन अवश्य नै मर्नु पर्ने रहेछ भन्ने थाहा पाएँ । भगवानले यिनको मनोभावनारूप नै निम्न उपदेश सुनाउनु भयो ।



Downloaded from http://dhamma.digital/

"यो च वस्ससतं जीवे, अपस्सं उदयब्बयं ।
एकाहं जीवितं सेय्यो, पस्सतो उदयब्बयं ॥

"उदय ब्ययलाई नहेरी शय वर्ष जीउनु भन्दा उदय-ब्ययलाई हेरी एकै दिन भए पनि जीउनु श्रेयष्कर छ ।"

न गाम धम्मो, निगमस्स धम्मो,
न चापियं एककुलस्स धम्मो ।
सब्बस्स लोकस्स सदेवकस्स,
एसेव धम्मो यदिदं अनिच्चता ॥

"यो अनित्य भनेको न गाउँको धर्म हो, न निगमको धर्म हो, न कुनै एक कुलको धर्म हो, सबै लोकका सदेवहरूको यही नै एक धर्म हो ।"

"तं पुत्तपसुसम्मतं, ब्यासत्त मनसं नरं ।
सुत्तं गामं महोघोव, मच्चु आदाय गच्छति ॥

"पुत्र र पशुहरूमा आसक्त हुने व्यक्तिलाई, सुती रहेका ग्रामवासीलाई नदीको बाढीले बगाएर लगेझैँ मृत्युले लिएर जान्छ ।"

उक्त उपदेशहरू सुनेर कृशागौतमी श्रोतापन्न भइन् । गृहस्थाश्रममा बस्न अनिच्छुक भई, भिक्षुणी हुने इच्छा प्रकट गरिन् र भिक्षुणी भइन् । भिक्षुणी भएपछि एकदिन उपोसथागारमा बसी उदय-व्ययमा चित्त लगाईरहेकी बेला गन्धकुटीमा बस्नु भएको बुद्धले यिनको चित्तवृत्तिलाई थाहा पाउनु भई यिनको सामुन्ने भएको जस्तो गरी निम्न उपदेश सुनाउनु भयो -

"यो च वस्ससतं जीवे, अपस्सं अमतं पदं ।
एकाहं जीवितं सेय्यो, पस्सतो अमतं पदं ।



Downloaded from http://dhamma.digital/

"अमृतपदलाई नहेरी शतवर्ष जीउनु भन्दा, अमृत पदलाई हेरी एकदिन मात्र जीउनु नै श्रेयष्कर छ।"

उक्त उपदेश श्रवण पश्चात कृशागौतमीले प्रतिसम्भिदा सहित अर्हत्व लाभ गरिन्। अनि पांशुकुल (रूक्ष) चीवर धारिणी भिक्षुणीहरू मध्येमा अग्रपद लाभ गरेकी थिइन्। आफू भिक्षुणी भई सफल हुँदा उल्लासमा निम्न गाथा गाउँदथिइन् -

२१३. **"कल्याणमित्तता मुनिना, लोकं आदिस्स वण्णिता।**
**कल्याण मित्ते भजमाने, अपि बालो पण्डितो अस्स॥**

२१४. **"भजितब्बा सप्पुरिसा, पञ्ञा तथा वड्ढति भजन्तानं।**
**भजमानो सप्पुरिसे, सब्बेहिपि दुक्खेहि पमुच्चेय्य॥**

२१५. **"दुक्खञ्च विजानेय्य, दुक्खस्स च समुदयं निरोधं।**
**अट्ठङ्गिकं च मग्गं, चत्तारिपि अरिय सच्चानि॥**

२१६. **"दुक्खो इत्थिभावो, अक्खातो पुरिसदम्म सारथिना।**
**सपत्तिकम्पि हि दुक्खं, अप्पेकच्चा सकिं विजातायो॥**

२१७. **"गलके अपि कन्तन्ति, सुखमालिनियो विसानि खादन्ति।**
**जनमारकमज्झगता, उभो पि ब्यसनानि अनुभोन्ति॥**

२१८. **"उपविजञ्ञागच्छन्ती, अद्दसाहं पतिं मतं।**
**पन्थह्मि विजायित्वान, अप्पत्ताव सकं घरं॥**

२१९. **"द्वे पुत्ता कालकता, पती च पन्थे मतो कपणिकाय।**
**माता पिता च भाता, डह्यन्ति च एक चितकायं॥**


Downloaded from http://dhamma.digital/

२२०. "खीणकुलीने कपणे, अनुभूतं ते दुक्खं अपरिमाणं ।
अस्सू च ते पवत्तं, बहूनि च जातिसहस्सानि ॥

२२१. "वसिता सुसानमज्झे, अथोपि खादितानि पुत्तमंसानि ।
हतकुलिका सब्बगरहिता, मत पतिका अमतमधिगच्छिं ॥

२२२. "भावितो मे मग्गो, अरियो अट्ठङ्गिको अमतगामी ।
निब्बानं सच्छिकतं, धम्मादासं अवेक्खिहं ॥

२२३. "अहमम्हि कन्तसल्ला, ओहितभारा कतञ्हि करणीयं ।
किसा गोतमी थेरी, विमुत्तचित्ता इमं भणी"ति ॥

२१३) "कल्याण मित्रसँग मित्रता गर्नु मुनिले लोकलाई उद्देश्य गरी वर्णना गर्नु भएको छ । कल्याण मित्रलाई भजन गर्नाले मूर्ख पनि पण्डित हुन्छ ।"

२१४) "सत्पुरूषको अनुसरण गर्नुपर्छ, सत्पुरूषको सँगत गर्नाले प्रज्ञाको वृद्धि हुन्छ । सत्पुरूषकै सत्सँगत गर्नाले सबै दुःखबाट मुक्त हुन्छ ।"

२१५) "दुःख, दुःख समुदय, दुःख निरोध, अष्टाङ्गिक मार्ग, चार आर्य सत्य ज्ञानलाई पनि सत्पुरूषको सँगतले नै जान्न सकिन्छ ।"

यक्षिणीले भोगेका कुरा स्मरण गर्दे भन्छिन् -

२१६) "पुरूषदम्य सारथि हुनु भएका बुद्धले भन्नु भएको छ कि स्त्री भाव दुःख हो, सौतेनी हुनु दुःख हो, कसै कसैलाई सन्तान प्रसव गर्नु पनि दुःख हो ।"

२१७) "(पीडित स्त्रीहरूले) आफ्नो गला छेदन गर्दछिन, सुकुमारीहरूले विष पान गर्दछिन् । सन्तान प्रसव गर्न नसकी दुबैले पीडाको अनुभव पनि गर्दछिन् ।"



Downloaded from http://dhamma.digital/

२१८) (यसै सन्दर्भमा पटाचाराको पनि स्मरण गर्छिन्) "सन्तान जन्माउनलाई घरमा गई रहँदा बाटोमा नै स्वामी मरेको मैले देखें। घरमा नपुग्दै बाटोमा नै सन्तान जन्माइन्।"

२१९) "दुबै पुत्रहरू मरे, पति बाटोमा नै मरे, माता पिता र भाई एउटै चितामा जले र दिन दुःखी भएकीले।"

आफ्नै स्मरणमा भन्छिन् -

२२०) "तिमीले दरिद्र हीनकुलमा अप्रमाण दुःखको भोग गऱ्यौ, अनेक सहश्र जन्महरूमा तिमीले आँसु बगाई सक्यौ।"

२२१) "मसानको बीचमा बसी पुत्रको मांस पनि तिमीले खाई सक्यौ, कुलनाश भई सबैले निन्दा गर्न लगाइए विधवा भएँ। अब भने तिमीले अमृतलाई लाभ गऱ्यौ।"

२२२) "अमृतगामी आर्यअष्टाङ्गिक मार्गलाई भाविता गरी सकें। निर्वाणलाई साक्षात्कार गरी सकें। धर्मको ऐना हेरि सकें।"

२२३) "रागादि शल्यबाट म दूर भएँ, भारी उतारी सकें, गर्नु पर्ने गरी सकें। विमुक्त चित्त भएकी कृशागौतमी थेरीले यी कुराहरू भनिरहेकी छु।"

✪ ✪ ✪


Downloaded from http://dhamma.digital/

## एघारौं वर्ग

# ६४. उत्पल वर्णा

पद्‌मोत्तर बुद्धको पालामा यिनले महानागराजाकी छोरी विमला नाउँकी भएर जन्म लिएकी थिइन्। महानागराजाले पद्‌मोत्तर बुद्ध सहित भिक्षुसङ्घलाई निमन्त्रणा गरेका थिए। महानागराजाको निमन्त्रणमा जानु हँदा बाटोमा ध्वजा, पताका आसनहरू रत्नमयकै सजिसजावत थियो। महानागराज भवनको परमाशनमा बुद्ध विराजमान हुनु भयो। अत्युत्तम भोजनोपरान्त अनुमोदन गर्नु भयो। भोजनानुमोदनान्तमा प्रसन्न चित्त लिएर बसेकी नागकन्याहरूसहित विमलाको चित्त पनि प्रसन्न भएको देखी महर्द्धिका जलजुत्तमा भिक्षुणीले ऋद्धि प्रातिहार्य देखाईन्। ऋद्धि प्रातिहार्य देखेर सबै नागहरू प्रसन्न भएका थिए। विमलाले पनि त्यस्तै हुन प्रार्थनापूर्वक सुकर्म गर्दै, 'अरूण' भन्ने पद्‌म पुष्पद्वारा पूजा गरी आफ्नो वर्ण पनि यस्तै होस् भनी कामना गरिन्। सुकर्म पुण्यको प्रभावले मनुष्य देह त्यागी त्रायस्त्रिंश देवलोकमा जन्म लिइन्। त्रायस्त्रिंश देवलोकबाट च्युत भएपछि मनुष्य लोकमा जन्म लिएर उत्पल-पुष्पद्वारा प्रत्येक बुद्धहरूलाई पूजा गरी भिक्षा भोजन दान गरिन्।

विपश्वी बुद्धको पालामा वाराणसी नगरका श्रेष्ठीका छोरी भएर जन्मिदा ससङ्घ लोकनायक सम्बुद्धलाई निम्तो गरी महादान दिई उत्पल-पुष्पद्वारा पूजा गरिकन आफ्नो वर्ण पनि त्यस्तै होस् भनी प्रार्थना गरिन्।

काश्यप बुद्धको आविर्भाव कालमा पनि यिनले वाराणसीका किकि नामक राजाकी दोश्रो पुत्री श्रमणगुप्ता नाउँ लिएर जन्मिन्। श्रमणगुप्ताले प्रवज्या लिने इच्छालाई पिताबाट अनुमति नपाएकी हुनाले बीसहजार वर्ष सम्म कौमारी ब्रह्मचर्य पालन गरी निरन्तर बुद्धको उपस्थान गरेकी थिइन्। मनुष्य देह त्यागी पुण्य कर्मको प्रभावले त्रायस्त्रिंश देवलोकमा जन्मिन्।



Downloaded from http://dhamma.digital/

त्यहाँबाट च्युत भई महाकुल जन्म लिई अर्हत् भिक्षुलाई पूजा गर्न पाइन् । त्यहाँबाट त्युत भई अरिट्ठ राष्ट्रको तिरतिवच्छको घरमा उम्मादन्ती भन्ने मनोहर वर्ण लिई जन्मिन् ।

त्यहाँबाट च्युत भई एक गरीबको कुलमा जन्मेर खेत हेर्ने काम गर्दथिन् । त्यसबखत यिनले पाँचसय लाजाहरू र पद्मका फूलहरू प्रदान गरी पाँचशय छोराहरू पाउन सकूँ भनेर प्रार्थना गरिन् । त्यहाँबाट च्युट भई पद्म पुष्पको गर्भमा जन्मिन् । काशी राजाको प्यारी महिषी भई पाँचशय पुत्रहरू जन्माइन् । यौवनावस्थामा पुगेपछि राजकुमारहरू जलकृडा गर्दै रहँदा पद्म फूलका पातहरू खसेको देख्दा उनीहरू सबैले प्रत्येक बुद्धत्व ज्ञान लाभ गर्नु भयो । उनीहरूको वियोगबाट शोकाकुल भई यिनले देह त्याग गरिन् । फेरि राजगृंहको ऋषिगिरी पहाड निरको एक गाउँमा जन्मिन् । आफ्नो स्वामीहरूलाई यागु दिनलाई खेतमा गईरहेको बेला आठजना प्रत्येक बुद्धहरू भिक्षाको निम्ति आइरहनु भएको देख्दा पूर्वजन्मका प्रत्येक बुद्धहरूको स्मरण भई पुत्र प्रेमको कारणले स्तनबाट दूध बग्न थाल्यो । त्यस अवस्थामा यिनले प्रसन्न चित्त सहित यागु दान दिइन् । देहान्त पछि नन्दन देवलोकमा जन्मिन् ।

संसारको भवचक्रमा सुख-दुःखको भोग गर्दै गौतम बुद्धको समयमा श्रावस्तीको महाधनी सेठको घरमा उत्पलवर्णा नाउँ लिएर जन्म लिइन् । रूपवर्ण नील पद्म जस्तै भएकी हुनाले उत्पलवर्णा नाउँ राखी दिएको थियो । यौवनावस्थामा यिनलाई आफ्नो बनाउन धेरै राजकुमारहरूले, सेठ पुत्रहरूले खोजेका थिए । यिनका पिताले सबै जनालाई चित्त बुझाउन नसक्ने भएकोले छोरीलाई सोधे - प्रिये छोरी ! तिमी भिक्षुणी हुन चाहन्छ्यौ ? यिनले भिक्षुणी हुन सहर्ष स्वीकार गरिन् । पिताले यिनलाई ससम्मानपूर्वक भिक्षुणी सङ्घकहाँ लगी भिक्षुणी बनाई दिए । ध्यान भावनामा मन लगाई अर्हत्व लाभ गरिन् । ऋद्धिमती भिक्षुणीहरू मध्येमा अग्रस्थान पनि लाभ गरिन् ।


Downloaded from http://dhamma.digital/

(एक स्त्रीले विवशताको कारणले छोरा र छोरीलाई बालखको अवस्थामा नै छाडेर जानु परेको थियो। समय बित्दै गएपछि यिनीहरूले परस्परलाई चिन्न नसक्दा आफ्नै छोरालाई पति मानेर, छोरी कै सौता भएकी थिइन्। कामवासनाको शिकार भएर आमा छोरी दुबै आफ्नै छोराका पत्नीहरू भएको पछि थाहा पाउँदा काम-वासनालाई धिक्कार्दै तिनैजनाले घर त्यागी भिक्षु र भिक्षुणी भएकी थिइन्। उत्पलवर्णाले उक्त घटनालाई थाहा पाई काम-वासनाको दुष्परिणामलाई औंल्याउनु हुँदै, निम्न तीन गाथाहरू उल्लेख गरेकी हुन्।)

२२४. **"उभो माता च धीता च, मयं आसुं सपत्तियो।**
**तस्सा मे अहु संवेगो, अब्भुतो लोमहंसनो ॥**

२२५. **"धिरत्थु कामा असुची, दुग्गन्धा बहुकण्टका।**
**यत्थ माता च धीता च, सभरिया मयं अहुं ॥**

२२६. **"कामेस्वादिनवं दिस्वा, नेक्खम्मं दट्ठु खेमतो।**
**सा पब्बज्जिं राजगहे, अगारस्मानगारियं ॥**

२२४) "हामी दुबै आमा र छोरी एउटैको सपत्नी भएका थियौं। त्यसकारणले गर्दा मलाई संवेग भयो। आश्चर्यजनक रुपमा शरीर जिरिङ्ग भएको थियो।"

२२५) "असूची पूर्ण काम-वासनालाई धिक्कार छ, जुन दुर्गन्ध र धेरै कष्टमय छ। जहाँ कि हामी दुबै आमा छोरी एउटैको सभार्या भएका थियौं।"

२२६) "काम-वासनाको दोषलाई दृष्टिगत गरी, नैष्क्रम्यमा शान्ति देख्दा घर त्यागेर राजगृहमा प्रव्रजित भयौं।"



Downloaded from http://dhamma.digital/

२२७. "पुब्बे निवासं जानामि, दिब्बचक्खुं विसोधितं ।
चेतोपरिच्चञाणञ्च, सोतधातु विसोधिता ॥

२२८. "इद्धिपि मे सच्छिकता, पत्तो मे आसवक्खयो ।
छलभिञ्ञा सच्छिकता, कतं बुद्धस्स सासनं ॥

२२९. "इद्धिया अभिनिम्मित्वा, चतुरस्सं रथं अहं ।
बुद्धस्स पादे वन्दित्वा, लोकनाथस्स तादिनो ॥

२२७) "पूर्व निवासलाई जान्दछु, दिव्यचक्षु विसोधित भयो । चेतो परिय ज्ञान र दिव्यश्रोत पनि विसोधित नै छ ।"

२२८) "ऋद्धिलाई साक्षात्कार गरेकी छु । आश्रवक्षय गरेकी छु । षडभिज्ञज्ञानलाई पनि साक्षात्कार गरेकी छु । बुद्ध शासनलाई पनि पूरा गरेकी छु ।"

२२९) "मैले ऋद्धिद्वारा चार घोडे रथ निर्माण गरी लोकनाथ तथा बुद्धको पाउमा वन्दना गरें ।"

मारको धम्की -

२३०. "सुपुप्फितग्गं उपगम्म पादपं, एका तुवं तिट्ठसि सालमूले ।
न चापि ते दुतियो अत्थि कोचि, न त्वं बाले भायसि धुत्तकानं ॥

सुपुष्पित वनमा आई शालवृक्ष मुनि तिमी एक्लै बसी रहेकीछ्यौ, तिमी बाहेक यहाँ अरू कोही छैन, मूर्ख धूर्तहरू देखी तिमी डराउन्नौ ?

उत्पलवर्णाले मारलाई तर्जना :

२३१. "सतं सहस्सानिपि धुत्तकानं, समागता एदिसका भवेय्युं ।
लोमं न इञ्जे नपि सम्पवेधे, किं मे तुवं मार करिस्ससेको ॥


Downloaded from http://dhamma.digital/

२३२. "एसा अन्तरधायामि, कुच्छिं वा पविसामि ते ।
भमुकन्तरे तिट्ठामि, तिट्ठान्तिं मं न दक्खसि ॥

२३३. चित्तह्मि वसीभूताहं, इद्धिपादा सुभाविता ।
छलभिञ्ञा सच्छिकता, कतं बुद्धस्स सासनं ॥

२३४. "सत्तिसूलुपमा कामा, खन्धानं अधिकुट्टना ।
यं त्वं कामरतिं ब्रूसि, अरति दानि सा मम ॥

२३५. "सब्बत्थ विहता नन्दि, तमोखन्धो पदालितो ।
एवं जनाहि पापिम, निहतो तोमसि अन्तका"ति ॥

२३१) "शतसहश्र धूर्तहरू आए पनि तिमी जस्तै नै हुने छन्। उनीहरूले न रौंलाई हल्लाउन सक्छ, न डगमगाउनु नै सक्छ। मार ! तिमीले मलाई के नै गर्न सक्छौ ?"

२३२) "हेर, म अन्तर्धान हुन्छु, तिम्रो पेटमा पनि पस्छु, आँखी भौंको बीचमा पनि बस्न सक्छु, बस्दाखेरी तिमीले मलाई देख्न सक्ने छैनौ ।"

२३३) "मेरो चित्त वशीभूत छ, ऋद्धिपाद पनि सुभावित छ, षडभिज्ञज्ञानलाई साक्षात्कार गरी बुद्ध शासनलाई पूरा गरेकी छु ।"

२३४) "काम-वासना भनेको तीर र शूल समान हुन् । काम-वासनाकै कारणले स्कन्धलाई छिया छिया पार्छ। जुन तिमीले काम रतिको बारेमा भन्दैछौ। त्यो मेरो लागि अरूची भइसकेको छ ।"

२३५) "तृष्णाको सबै रागलाई विनष्ट गरी सकें, अन्धकार पुञ्जलाई हटाइसकें। हे पापीम ! हे अन्तक ! तिमी मारीसक्यौ भनेर जान ।"

✪ ✪ ✪



Downloaded from http://dhamma.digital/

# बाह्रौं वर्ग

## ६५. पूर्णा

पूर्वकालमा बुद्धहरूको पालामा यिनले अक्षय पुण्य सञ्चय गर्दै विपश्वी बुद्धको आविर्भाव कालमा एक धनी कुलमा जन्म लिएकी थिइन्। ठूली भएपछि पुनर्जन्म लिनुबाट विरक्तिएर भिक्षुणीहरू कहाँ गई धर्मोपदेश पश्चात भिक्षुणी भइन्। सम्यक रूपमा शील पालनपूर्वक त्रिपिटक अध्ययान्तमा शिक्षिका भइन्।

शिखि, वेस्सभू, ककुच्छन्द, कोणागमन र काश्यप बुद्धहरूको समयमा पनि उक्त उल्लेख भए जस्तै नै पद लाभ गरेकी थिइन्। यिनी अभिमानको वशमा परेर क्लेशलाई ध्यानमा बसेर उच्छेद गर्न सकिनन्।

अभिमानको कारणले गौतम बुद्धको समयमा श्रावस्ती नगरको अनाथपिण्डिक महाजनको घरमा दासीको कोखबाट पूर्णा नाउँ लिएर जन्मिन्। यिनले बुद्धबाट सिंहनाद सूत्र श्रवण गरी श्रोतापन्न भएकी थिइन्। कुनै एकदिन यिनले एकजना उदक शुद्धिक ब्राह्मणलाई आफ्नो मतमा आस्थावान बनाउन सफल भएकीले अनाथपिण्डक महाजनले दासीत्वबाट मुक्त गरी दिए। दासीत्वबाट मुक्त भएपछि एकदिन अनाथपिण्डिकसँग वचन लिएर भिक्षुणी भइन्। अर्हत्व लाभ गरेपछि यिनले ब्राह्मणसँग भएको कुरालाई स्मरण गर्दै गाथावद्ध गरेर गाउँदथिइन् -

२३६. "उदहारी अहं सीते, सदा उदकमोतरिं।
अय्यानं दण्डभयभीता, वाचादोसभयट्टिता॥

२३७. "कस्स ब्राह्मण त्वं भीतो, सदा उदकमोतरि।
वेधमानेहि गत्तेहि, सीतं वेदयसे भुसं॥


Downloaded from http://dhamma.digital/

२३८. "जानन्ती च तुवं भोति, पुण्णिके परिपुच्छसि।
करोन्तं कुसलं कम्मं, रुन्धन्तं कतपापकं ॥

२३९. "यो च वुड्ढो दहरोवा, पापकम्मं पकुब्बति।
दकाभिसेचना सोपि, पापकम्मा पमुच्चति ॥

२४०. "कोनु ते इदमक्खासि, अजानन्तस्स अजानको।
उदकाभिसेचना नाम, पापकम्मा पमुच्चति ॥

२४१. "सग्गं नून गामिस्सन्ति, सब्बे मण्डुककच्छपा।
नागा च सुसुमारा च, ये चञ्ञे पापकम्मिनो चरा ॥

२४२. "ओरब्भिका सूकरिका, मच्छिका मागबन्धका।
चोरा च वज्झघाता च, ये चञ्ञे उदके चरा।
दकाभिसेचना ते पि, पापकम्मा पमुच्चरे ॥

२४३. "सचे इमा नदियो ते, पापं पुब्बे कत वहुं।
पुञ्ञम्पिमा वहेय्युं ते, तेन त्वं परिबाहिरो ॥

२४४. "यस्स ब्राह्मण त्वं भीतो, सदा उदकमोतरि।
तमेव ब्रह्मे मा कासि, मा ते सीतं छविं हने ॥

२४५. "कुम्मग्गपटिपन्नं मं, अरियमग्गं समानयि।
दकाभिसेचना भोति, इमं साटं ददामि ते ॥

२४६. "तुय्हेव साटको होतु, नाहमिच्छामि साटकं।
सचे भायसि दुक्खस्स, सचे ते दुक्खमप्पियं ॥

२४७. "माकासि पापकं कम्मं, आवि वा यदि वा रहो।
सचे च पापकं कम्मं, करिस्ससि करोसि वा ॥



Downloaded from http://dhamma.digital/

२४८. "न ते दुक्खा पमुत्यत्थि, उपेच्चापि पलायतो ।
सचे भायसि दुक्खस्स, सचे ते दुक्खमप्पियं ॥

२४९. "उपेहि सरणं बुद्धं, धम्मं सङ्घञ्च तादिनं ।
समादियामि सीलानि, तं मे अत्थाय हेहिति ॥

२५०. "उपेमि सरणं बुद्धं, धम्मं सङ्घञ्च तादिनं ।
समादियामि सीलानि, तं मे अत्थाय हेहिति ॥

२५१. "ब्रह्मबन्धु पुरे आसिं, अज्जम्हि सच्चब्राह्मणो ।
तेविज्जो वेदसम्पन्नो, सोत्तियो चम्हि न्हातको"ति ॥

२३६) "आर्यको दण्डले भयभीत भई, क्रुद्ध वचनको भयले गर्दा म जाडोमा पनि नदीमा गई पानी ओसार्नु पर्छ ।"

२३७) "ब्राह्मण ! तिमी को सँग डराई नदीमा गइकन अति जाडोमा पनि काँप्दै नुहाउँछौ ?"

२३८) "पूर्णा ! तिमीले जानेर पनि सोधि रहेकीछ्यौ । यो त मैले गरेको पापलाई पखाल्न र पुण्यको लागि गरेको हुँ ।"

२३९) "जो वृद्ध, युवकले पाप कर्म गर्दछन्, उनीहरूले नदीमा नुहाउँदा पापकर्मबाट मुक्त हुन्छन् ।"

२४०) "नदीमा नुहाउँदा पाप कट्छ भनेर कसले तिमीलाई भनेको ? यो त मूर्खले मूर्खलाई दिने उपदेश हो ।"

२४१) "भ्यागुता, कछुवा, नाग, गोही र अन्य सबै जलचरहरू के स्वर्गमा जान्दैन होला ?"

२४२) "सुंगुरलाई मार्ने, माछा मार्ने, मृग मार्ने, चोर, ज्यानमारा अन्य पाप कर्म गर्ने तिनीहरू पनि पानीमा डुबुल्की लाउँदा पाप कर्मबाट मुक्त हुनु पर्ने ।"


Downloaded from http://dhamma.digital/

२४३) "साँच्चै नै यो नदीले पहिले गरेका पाप कर्म बहाएमा तिम्रो त्यो पुण्य कर्म पनि सँगसँगै बगाएर लान्छ ।"

२४४) "ब्राह्मण जुन कारणबाट तिमी डराएर पानीमा डुबुल्की लाउँछौ त्यो काम, हे ब्राह्मण ! तिमीले नगर । शरीरको छालालाई बेकारमा कष्ट नदेऊ ।"

२४५) "म कुमार्गमा परेको थिएँ, आर्यमार्गमा तिमीले मलाई ल्यायौ । तिमीलाई यो स्नान-वस्त्र दिँदैछु ।"

२४६-२४९) "स्नान-वस्त्रलाई तिमीले नै राख, मलाई स्नान-वस्त्र चाहिँदैन । यदि दुःखदेखि डर लागेमा, यदि दुःख मन नपरेमा गुप्त वा प्रकट रूपले पाप कर्म नगर । यदि पाप कर्म गर्नु पऱ्यो वा गरेमा कहीं भागेर गएता पनि दुःखबाट मुक्त हुन पाउँदैनौ । यदि साँच्चै नै दुःखबाट डर लाग्छ, यदि दुःख मन नपरेमा बुद्ध, धर्म र सङ्घको शरण जाऊ । शीललाई पालन गर । त्यसो गर्नाले तिमीलाई मंगल हुनेछ ।"

२५०) "म बुद्ध, धर्म र सङ्घको शरणमा जान्छु, शीललाई पालन गर्छु, त्यो मेरो निम्ति मंगलमय हुनेछ ।"

पूर्णा दासीको कुरामा प्रभावित भईकन
भिक्षु भई अर्हत भएपछि व्यक्त गरिएको गाथा -

२५१) "पहिले म नाम मात्रको ब्राह्मण थिएँ । आज म साँच्चैकै ब्राह्मण हुँ । त्रिविद्या प्राप्त, वेदज्ञ श्रोत्रिय र स्नातक हुँ ।"

✪ ✪ ✪



Downloaded from http://dhamma.digital/

# तेह्रौं वर्ग

## ६६. आम्रपाली

पूर्वकालीन बुद्धहरूको पालामा यिनले अनेकौं पुण्य सञ्चयपूर्वक शिखि बुद्धको उपदेशले श्रद्धावती भई भिक्षुणी भइन् । यिनले बुद्धोपदेशका शिक्षा सिक्दै थिइन् । एकदिन भिक्षुणी साथीहरूसित चैत्य पूजा गरिकन प्रदक्षिणा गरीरहँदा एक अर्हत्व प्राप्त गरेकी भिक्षुणी यिनीहरूको अघि जाँदै थिइन् । ती अर्हत्नी भिक्षुणी प्रति कुपित भई गणिका भनेर आक्रोस व्यक्त गरेकी थिइन् ।

भिक्षुणी विनय पालन गरेर यिनले गर्भावासमा बस्न नपरोस् । आफ्से आफ जन्मन सकूँ भन्ने आशिका गर्दथिइन् । यिनको आशिकानुरूप नै अन्तिम जन्ममा वैशालीको राजोद्यान आम्रवृक्षमा जन्म लिइन् । उद्यानपालले तिनलाई देखेर नगरमा ल्यायो । आम्रवृक्षबाट उद्यानपालले ल्याएको हुनाले आम्रपाली नाउँले चिनिन गयो । यिनको सौंदर्य र गुणमा मुग्ध भएर अनेक राजकुमारहरूले आफ्नो स्त्री बनाउन चाहँदथे । आम्रपालीलाई पाउन परस्पर राजकुमारहरूले कलह गर्न थाले । परिशेषमा कलह अवसानको निमित्त आम्रपालीलाई गणिकाको* रूपमा राखीदिए । एकदिन यिनले बुद्ध धर्ममा श्रद्धावती भएर आफ्नै उद्यान विहार निर्माणको लागि बुद्ध सहित भिक्षुसङ्घलाई दान दिइन् । यिनको छोरो भिक्षु भएर विमल कोण्डञ्ञ नामले प्रसिद्ध भयो । पछि छोराको धर्मोपदेश श्रवण गरी आम्रपालीले अन्तर्दृष्टि लाभ गर्नलाई प्रयास गर्दै थिइन् । आफ्नो वर्ष बित्दै गएपछि देह परिवर्तन भएको देखेर सबै वस्तु अनित्यताको विषयभूत गरी यिनले निम्न गाथा आवृत्ति गर्दथिइन् -

---

* पूर्वजन्ममा अर्हत्नी भिक्षुणीलाई गणिका भनी गालि गरेकोले गणिका हुनु परेको ।

Downloaded from http://dhamma.digital/

२५२. "कालका भमरवण्णसादिसा,
वेल्लितग्गा मम मुद्धजा अहुं ।
ते जराय साणवाकसादिसा,
सच्चवादिवचनं अनञ्ञथा ॥

२५३. "वासितो व सुरभी करण्डको,
पुप्फपूर मम उत्तमङ्गजो ।
तं जरायथ सलोमगन्धिकं,
सच्चवादिवचनं अनञ्ञथा ॥

२५४. "काननं व सहितं सुरोपितं,
कोच्छसूचिविचिग्गसोभितं
तं जराय विरलं तहिं तहिं
सच्चवादिवचनं अनञ्ञथा ॥

२५५. "कण्हखन्धकसुवण्णमण्डितं,
सोभते सुवेणीहिलङ्कतं ।
तं जराय खलितं सिरं कतं,
सच्चवादिवचनं अनञ्ञथा ॥

२५६. "चित्तकारसुकताव लेखिका,
सोभरे सु भमुका पुरे मम ।
ता जराय वलिभिप्पलम्बिता,
सच्चवादिवचनं अनञ्ञथा ॥

२५७. "भस्सरा सुरुचिरा यथा मणी,
तेत्तहेसुमभिनीलमायता ।
ते जरायभिहता न सोभरे,
सच्चवादिवचनं अनञ्ञथा ॥



Downloaded from http://dhamma.digital/

२५८. “सण्हतुङ्गसदिसी च नासिका,
सोभते सु अभियोब्बनं पति ।
सा जराय उपकूलिता विय,
सच्चवादिवचनं अनञ्ञथा ॥

२५९. “कङ्कणं व सुकतं सुनिट्ठितं,
सोभरे सु मम कण्णपालियो ।
ता जराय वलिभिप्पलम्बिता,
सच्चवादिवचनं अनञ्ञथा ॥

२६०. “पत्तलीमकुलवण्णसादिसा,
सोभरे सु दन्ता पुरे मम ।
ते जराय खण्डिता चासिता,
सच्चवादिवचनं अनञ्ञथा ॥

२६१. “काननम्हि वनसण्डचारिनी,
कोकिला व मधुरं निकूजिहं ।
तं जराय खलितं तहीं तहीं,
सच्चवादिवचनं अनञ्ञथा ॥

२६२. “सण्हकम्बुरिव सुप्पमज्जिता,
सोभते सु गीवा पुरे मम ।
सा जराय भग्गा विनामिता,
सच्चवादिवचनं अनञ्ञथा ॥

२६३. “वट्टपलिघसदिसोपमा उभो,
सोभरे सु बाहा पुरे मम ।
ता जराय यथा पाटलिब्बलिता,
सच्चवादिवचनं अनञ्ञथा ॥


Downloaded from http://dhamma.digital/

२६४. "सण्हमुद्दिकसुवण्णमण्डिता,

सोभरे सु हत्था पुरे मम।

ते जराय यथा मूलमूलिका,

सच्चवादिवचनं अनञ्ञथा॥

२६५. "पीनवट्टसहितुग्गता उभो,

सोभरे सु थनका पुरे मम।

थेविकीव लम्बन्ति नोदका,

सच्चवादिवचनं अनञ्ञथा॥

२६६. "कञ्चनस्सफलकंव सम्मट्ठं,

सोभतेसु कायो पुरे मम।

सो वलीहि सुखुमाहि ओततो,

सच्चवादिवचनं अनञ्ञथा॥

२६७. "नागभोगसदिसोपमा उभो,

सोभरे सु उरु पुरे मम।

ते जराय यथा वेलुनालियो,

सच्चवादिवचनं अनञ्ञथा॥

२६८. "सण्हनूपुरसुवण्णमण्डिता,

सोभरे सु जङ्घा पुरे मम।

ता जराय तिलदण्डकारि व,

सच्चवादिवचनं अनञ्ञथा॥

२६९. "तुलपुण्णसदिसोपमा उभो,

सोभरे सु पादा पुरे मम।

ते जराय फुटिता वलीमता,

सच्चवादिवचनं अनञ्ञथा॥



Downloaded from http://dhamma.digital/

२७०. "एदिसो अहु अयं समुस्सयो,
जज्जरो बहुदुक्खानमालयो ।
सोपलेपपतितो जराघरो,
सच्चवादिवचनं अनञ्ञथा" ॥

२५२) "कालो भमराको वर्ण जस्तै मेरो घुम्रिएको केश थियो । त्यो अब जरावस्थामा शणपातको डोरी झैं भयो । सत्यवादीको वचन अन्यथा भएन ।"

२५३) "यो केश पुष्पाभरणले भूषित गरी, सुगन्धित प्रसाधनबाट मधुर, सुगन्ध बहन्थ्यो । आज जरा ग्रस्त हुनाले खरायोको केश झैं गन्हाउँछ । सत्यवादीको वचन अन्यथा भएन ।"

२५४) "राम्रोसँग रोपी राखेको उपवन जस्तै काङ्गियो र च्याप्ती काँटाले केशलाई विचित्र प्रकारले सजाउथैं । आज त्यही केश त्यस त्यस ठाउँबाट झर्नाले पातलो भई सक्यो । सत्यवादीको वचन अन्यथा भएन ।"

२५५) "कालो केशलाई स्वर्णालङ्कारले सजाई, वेणी सुशोभित केश त्यो जरा ग्रस्त हुनाले शीर पनि स्खलित भयो । सत्यवादीको वचन अन्यथा भएन ।"

२५६) "चित्रकारले राम्रोसित चित्राङ्कित् गरेको जस्तै पहिला मेरो आँखी भौं थियो । त्यो अब जरा ग्रस्त हुनाले आँखाको छाला लम्बिएर झुरी पऱ्यो । सत्यवादीको वचन अन्यथा भएन ।"

२५७) "प्रभासित राम्रो मणी जस्तै मेरो नील वर्णको नेत्र थियो । त्यो जराले अभिहत हुँदा शोभाहीन भयो । सत्यवादीको वचन अन्यथा भएन ।"


Downloaded from http://dhamma.digital/

२५८) "नव यौवनमा शोभायमान कमलो सुदीर्घ नाक आज वृद्धा हुनाले भूतेर सुकेको जस्तै भयो। सत्यवादीको वचन अन्यथा भएन।"

२५९) "राम्रोसँग बनाएको कङ्कण जस्तै मेरो कानको पत्ति शोभायमान थियो। त्यो अब जराले ग्रसित भई छाला लम्बिएर झुर्री पऱ्यो। सत्यवादीको वचन अन्यथा भएन।"

२६०) "कदलि मुकुल वर्ण जस्तै पहिले मेरो सुन्दर दाँत थियो। त्यो अहिले जराले खण्डित भयो। सत्यवादीको वचन अन्यथा भएन।"

२६१) "जंगलका वनचारिणी कोकिलाको ध्वनि जस्तो सुमधुर स्वर थियो। त्यो अब जराले ग्रसित भई त्यहीँ त्यहीँ स्खलित भयो। सत्यवादीको वचन अन्यथा भएन।"

२६२) "सुमार्जित चम्किलो शंख झैं शोभायमान मेरो ग्रीवा थियो। त्यस जराले भग्न र विनाश भयो। सत्यवादीको वचन अन्यथा भएन।"

२६३) "सुगोल स्तम्भ जस्तै पहिले मेरो बाहु युगल थियो। त्यो जराले आज पाडरी रूखको हाँगा झैं भयो। सत्यवादीको वचन अन्यथा भएन।"

२६४) "स्वर्णको औंठी र चुराले सजिने पहिला यो मेरो नरम हात थियो। त्यो आज वृद्धा हुनाले गाँठै गाँठो परेको भयो। सत्यवादीको वचन अन्यथा भएन।"

२६५) "स्थुल, सुगोल उन्नत पहिले मेरो दुईवटै राम्रो स्तन थियो। अहिले पानीरहित लम्बिएको चामरो छालाको थैली जस्तो भयो। सत्यवादीको वचन अन्यथा भएन।"


Downloaded from http://dhamma.digital/

२६६) "स्वर्णको फलक जस्तै सिधा तन्न कसेको पहिले मेरो देह थियो । अहिले त्यो सुकेर चाउरी पऱ्यो । सत्यवादीको वचन अन्यथा भएन ।"

२६७) "हात्तीको सुँड जस्तो पहिले मेरो राम्रो तिघ्रा थियो । जीर्ण भएको हुनाले बाँसको नलि जस्तै भयो । सत्यवादीको वचन अन्यथा भएन ।"

२६८) "पाउमा लाउने स्वर्णको पाउजेव जस्तै पहिले मेरो मृदु, सुन्दर जाङ्घ थियो । त्यो आज जीर्णताले गर्दा शुष्क तिलको दण्ड झैं भयो । सत्यवादीको वचन अन्यथा भएन ।"

२६९) "कपास जस्तै पूर्ण हलुका, दुबै पाउ पहिले सुन्दर थियो । वृद्धावस्थाले गर्दा छाला खुम्चिएर झुर्री पऱ्यो । सत्यवादीको वचन अन्यथा भएन ।"

२७०) "यस्तै नै छ यी तमाम चीजहरू, जर्जरित, अनेकौं दुःखका घर समान । तालतुल गरिएको जीर्ण त्यो घर भत्किन्छ । सत्यवादीको वचन अन्यथा भएन ।"

(अनित्यको उपदेश बुद्धको श्रीमुखबाट श्रवण गरेकोलाई आफ्नै शरीरसँग तुलना गरी अनित्यको बोध गरिन् । त्यही अनित्यलाई ध्यानमा बसी विचार गर्दा दुःख र अनात्माको ज्ञान लाभ गरी अर्हत् भईन् । उक्त श्लोकलाई आम्रपालीले बारम्बार पाठ गर्दथिइन् ।)

✪ ✪ ✪


Downloaded from http://dhamma.digital/

# ६७. रोहिणी

विपश्वी बुद्ध आविर्भाव हुनु भएको समयमा यिनले धनवानको घरमा जन्म लिएकी थिइन् । बन्धुमती नगरमा विपश्वी बुद्ध भिक्षामा आउनु भएको देखी यिनले भिक्षापात्रमा मिष्ठान्नले भरीपूर्ण गरीकन वहाँको पादतलमा वन्दना गरी पूजा गरिन् । यो कुशल पुण्यको प्रभावले स्वर्ग र मनुष्य लोकमा जन्म लिँदै गौतम बुद्धको समयमा वैशाली नगरको एक समृद्धशाली ब्राह्मणको घरमा रोहिणी नाउँ लिएर जन्मिइन् ।

गौतम बुद्ध वैशालीमा विहार गर्नु हुँदा, यिनी त्यहाँ गई धर्म श्रवण गरी श्रोतापन्न भईन् । श्रोतापन्न भएपछि आफ्नो सिद्धान्तमा पितामातालाई पनि आस्थावान बनाई आफू भिक्षुणी भइन् । मन लगाई अध्ययन गरी ध्यानमा बसी अर्हत्व लाभ गरिन् । श्रोतापन्न हुँदा यिनले पितासँग तर्क वितर्क गरेकोलाई गाथाद्वारा व्यक्ति गर्दथिइन् -

२७१. **"समणा ति त्वं सयसि, समणा ति पबुज्झसि ।**
**समणानमेव कित्तेसि, समणी नून भविस्ससि ॥**

२७२. **"विपुलं अन्नं च पानं च, समणानं पवेच्छसि ।**
**रोहिनी दानि पुच्छामि, केन ते समणा पिया ॥**

२७३. **"अकम्मकामा अलसा, परदत्तूपजीविनो ।**
**आसंसुका सादुकामा, केन ते समणा पिया ॥**

२७४. **"चिरस्सं वत मं तात, समणानं परिपुच्छसि ।**
**तेसं ते कित्तयिस्सामि, पञ्ञासीलपरक्कमं ॥**

२७५. **"कम्मकामा अनलसा, कम्मसेट्ठस्स कारका ।**
**रागं दोसं पजहन्ति, तेन मे समणा पिया ॥**


Downloaded from http://dhamma.digital/

२७६. "तीणि पापस्स मूलानि, धुनन्ति सुचिकारिनो।
सब्बं पापं पहीनेसं, तेन मे समणा पिया॥

२७७. "कायकम्मं सुचि नेसं, वचीकम्मञ्च तादिसं।
मनोकम्मं सुचि नेसं., तेन मे समणा पिया॥

२७८. "विमला सङ्खमुत्ता व, सुद्धा सन्तरबाहिरा।
पुण्णा सुक्कानं धम्मानं, तेन मे समणा पिया॥

२७९. "बहुस्सुता धम्मधरा, अरिया धम्मजीविनो।
अत्थं धम्मञ्च देसेन्ति, तेन मे समणा पिया॥

२८०. "बहुस्सुता धम्मधरा, अरिया धम्म जीविनो।
एकग्गचित्ता सतिमन्तो, तेन मे समणा पिया॥

२८१. "दूरङ्गमा सतिमन्तो, मन्तभाणी अनुद्धता।
दुक्खस्सन्तं पजानन्ति, तेन मे समणा पिया॥

२८२. "यस्मा गामा पक्कमन्ति, न विलोकेन्ति किञ्चनं।
अनपेक्खाव गच्छन्ति, तेन मे समणा पिया॥

२८३. "न तेसं कोट्ठे ओपेन्ति, न कुम्भिं न खलोपियं।
परिनिट्ठितमेसाना, तेन मे समणा पिया॥

२८४. "न ते हिरञ्ञं गण्हन्ति, न सुवण्ण न रूपियं।
पच्चुपन्नेन यापेन्ति, तेन मे समणा पिया॥

२८५. "नानाकुला पब्बजिता, नाना जनपदेहि च।
अञ्ञमञ्ञं पियायन्ति, तेन मे समणा पिया॥


Downloaded from http://dhamma.digital/

२८६. "अत्थाय वत नो भोतिं, कुले जातासि रोहिणी ।
सद्धा बुद्धे च धम्मे च, सङ्घे च तिब्बगारवा ॥

२८७. "तुवं हेतं पजानासि, पुञ्ञक्खेत्तं अनुत्तरं ।
अह्मम्पि एते समणा, पटिगण्हन्ति दक्खिणं ॥

२८८. "पतिट्ठितो हेत्थ यञ्ञो, विपुलो नो भविस्सति ।
सचे भायसि दुक्खस्स, सचे ते दुक्खमप्पियं ॥

२८९. "उपेहि सरणं बुद्धं, धम्मं सङ्घञ्च तादिनं ।
समादियाहि सीलानि, तं ते अत्थाय हेहिति ॥

२९०. "उपेमि सरणं बुद्धं, धम्मं सङ्घञ्च तादिनं ।
समादियाहि सीलानि, तं मे अत्थाय हेहिति ॥

२९१. "ब्रह्मबन्धु पुरे आसिं, सो इदानिह्मि ब्राह्मणो ।
तेविज्जो सोत्तियो चह्मि, वेदगू चह्मि न्हातको" ॥

२७१) "रोहिणी ! श्रमणहरू भन्दै सुत्छौ, श्रमणहरू भनि जाग्दछौ । श्रमणहरूकै नै गुण गाउँदछौ । तिमी श्रमणनी नै हुन्छौ होला ।"

२७२) "श्रमणहरूलाई विपुल अन्न पान तिमीले दान गर्छ्यौ रोहिणी ! तिमीलाई सोद्धछु कि, किन श्रमणहरू प्रिय लागेको ?"

२७३) "परिश्रम नगर्ने, अल्छे, अरूको भरोसामा बसेर जीविका गर्ने, लोभी र सुस्वादको आशा गर्ने, श्रमणहरूलाई किन मन पराएकी ?"

२७४) "पिताज्यू ! चिरकालदेखि नै श्रमणहरूको विषयमा धेरै पटक सोध्नु भयो । अब मैले तिमीलाई वहाँहरूको प्रज्ञा शील र पराक्रमको विषयलाई वर्णन गर्नेछु ।


Downloaded from http://dhamma.digital/

२७५) "परिश्रम गर्ने, अनालसि, श्रेष्ठ कर्म गर्ने, राग, द्वेष प्रहाण गर्ने भएकोले वहाँ श्रमणहरूलाई मैले मन पराएको हुँ।"

२७६) "तीन प्रकारको पाप मूललाई नाश गरी विशुद्ध हुनु भयो। सबै पापलाई विनाश गर्ने हुनाले श्रमणहरूलाई मैले मन पराएको हुँ।"

२७७) "वहाँहरू कायिक कर्मले विशुद्ध हुनुहुन्छ, वाचिक कर्म त्यस्तै प्रकारले मानसिक कर्मले विशुद्ध हुनुहुन्छ, त्यसकारण श्रमणहरू मलाई मन पर्छ।"

२७८) "शङ्ख मुक्ता झैं विमल, भित्री बाहिरी शुद्ध हुनुहुन्छ, कुशल धर्ममा वहाँहरू पूर्ण हुनुहुन्छ, त्यसकारण श्रमणहरू मलाई मन पर्छ।"

२७९) "बहुश्रुत, धर्मधर, आर्य धर्मपूर्वक जीविका गर्ने, अर्थ र धर्मलाई देशना गर्नु हुने भएकाले श्रमणहरू मलाई मन पर्छ।"

२८०) "बहुश्रुत, धर्मधर, आर्य, धर्मजीवि, एकाग्र चित्त, स्मृतिवान हुनु भएकाले श्रमणहरू मलाई मन पर्छ।"

२८१) "दूरगामी, स्मृतिवान धर्मको आवृत्तिकारक, निरहंकारी दुःखलाई अन्त गर्न जान्ने भएकाले श्रमणहरू मलाई मन पर्छ।"

२८२) "जुन गाउँमा वहाँहरू जानुहुन्छ, त्यहाँ केही नहेरी अनपेक्षित भई जानु हुन्छ। त्यसकारण श्रमणहरू मलाई मन पर्छ।"

२८३) "संसारका सम्पत्ति जम्मा गर्नलाई वहाँहरूको आफ्नो घर छैन। भाँडाकुडा पनि छैन, वहाँहरू सिद्ध संकल्प हुनु भएकाले श्रमणहरू मलाई मन पर्छ।"


Downloaded from http://dhamma.digital/

२८४) "वहाँहरूले हीरा, स्वर्ण र रुपियाँ ग्रहण गर्दैनन्, वर्तमानमा लाग्नु भएकाले श्रमणहरू मलाई मन पर्छ।"

२८५) "नाना जनपदबाट नाना कुलका प्रव्रजित भएर पनि एकले अरूलाई प्रिय हुने भएकाले श्रमणहरू मलाई पन पर्छ।"

२८६) "रोहिणी ! मेरो भलाईको निम्ति तिमीले यस घरमा जन्म लियौ, बुद्ध, धर्म र सङ्घ प्रति श्रद्धापूर्वक तिब्र गौरव गर्न योग्य छन्।"

२८७) "अनुत्तर पुण्यक्षत्रलाई तिमीले जान्यौ, मैले पनि श्रमणहरूलाई प्रतिग्रहणपूर्वक दान दक्षिणा दिनेछु।"

२८८-२८९) "प्रतिष्ठित विपुल यज्ञको अनुष्ठान गर्नेछु, वहाँ श्रमणहरू प्रति श्रद्धा राखी दान दिँदा विपुल फल प्राप्त हुन्छ, यदि दुःख देखी डर लागेमा, यदि दुःख मन नपरेमा बुद्ध, धर्म र सङ्घको शरणमा जाऊ, शीललाई पालन गर, त्यो तिम्रो लागि भलाई हुनेछ।"

२९०) "बुद्ध, धर्म र सङ्घ को शरणमा जान्छु, शील समूहलाई पालन गर्छु, त्यो मेरो लागि भलो नै हुनेछ।"

२९१) "पहिले म नाउँ मात्रको ब्राह्मण थिएँ। साँच्चिकै ब्राह्मण त अहिले म भएँ। त्रैविद्य, श्रोत्रिय, वेदज्ञ र स्नातक भएँ म।"

✪ ✪ ✪


Downloaded from http://dhamma.digital/

# ६८. चापा

पूर्व कालका बुद्धहरूको पालामा यी नारीले पुण्यार्जन गर्दै गौतम बुद्धको समयमा वङ्कहार देशमा व्याधाहरूको नाइकेको घरमा चापा नाउँ लिएर जन्मिन् ।

भगवान गौतम बुद्धले धर्मचक्र प्रवर्तनार्थ वाराणसीमा गइरहनु हुँदा मार्गमा उपक आजीवकलाई भेट्नु भएको थियो । उपक आजीवकले बुद्धको शरीर लावण्यमय देखेर आकृष्ट भई सोधे - मित्र ! तिमीले कुन निमित्त लिएर गृह त्याग गऱ्यौ ? तिम्रो गुरु को हो ? कस्को शिक्षामा तिमी आस्थावान भएको ?

बुद्धको प्रत्युत्तर -

**सब्बाभिभू सब्बाविदूहमस्मि, सब्बेसु धम्मेसु अनुपलिप्तो ।**
**सब्बञ्जहो तण्हक्खये विमुत्तो, सयं अभिञ्ञाय कमुद्दिसेय्यं ॥**

"म सर्व विजयी, सर्वज्ञ, सर्व धर्ममा अनुपलिप्त, तृष्णालाई क्षय गरी, विमुक्त भई, सर्वजय भएर स्वयं अभिज्ञता लाभ गरें । कसलाई मैले गुरू देखाऊँ ?"

**न मे आचारियो अत्थि सदिसो मे न विज्जति ।**
**सदेवकस्मिं लोकस्मिं नत्थि मे पटिपुग्गलो ॥**

"न मेरो आचार्य छ, न म समान नै कोही विद्यमान छ, सदेवलोकमा अनि मनुष्य लोकमा म समान कोही व्यक्ति छैन ।"

**अहं हि अरहा लोके, अहं सत्था अनुत्तरो ।**
**एकोह्मि सम्मासम्बुद्धो, सीतिभूतोस्मि निब्बुतो ॥**

"म नै लोकमा अर्हत हुँ, अनुत्तर शास्ता हुँ, म एक्लो सम्यक सम्बुद्ध हुँ । मैले नै शान्तानुभूति भई निर्वाणलाई लाभ गरें ।"

Downloaded from http://dhamma.digital/

**धम्मचक्कं पवत्तेतुं गच्छामि कासिनं पुरं ।**
**अन्धभूतस्मिं लोकस्मिं अहञ्ञी अमतदुन्दुभिन्ति ॥**

"धर्मचक्र प्रवर्तनको निमित्त काशी नगरमा जाँदैछु, अन्धाभूत भएको लोकमा अमृतको ढोलक बजाउन जाँदैछु म ।"

उपकले भन्छ -

"यसो हेर्दामा आवुस ! मलाई लाग्छ तिमी अनन्त जिन अर्हत भयौ ।"

**मादिसा वे जिना होन्ति, ये पत्ता आसवक्खयं ।**
**जिता मे पापका धम्मा तस्माहमुपक जिनोति ॥**

"म जस्तै नै जिन हुन्छ, जस्ले आश्रवलाई क्षय गर्दछ, पाप धर्मलाई मैले जितेँ, त्यसकारण उपक म जिन हुँ ।"

भगवानको कुरा सुनी उपक आजीवकले 'हुनसक्छ, आवुसो भन्दै शीर हल्लाउँदै वङ्हार जाने बाटो लागे । वङ्हार भन्ने स्थानमा एकजना व्याधाहरूका नायक थिए । उही व्याधाका नायकले उपक तपस्वीलाई सेवा टहल गर्दै रहे । एकदिन व्याधाको छोरा र भाईहरूको साथमा शिकारको खोजमा धेरै टाढा जान परेकोले उपक तपस्वीलाई सेवार्थ छोरी चापालाई आदेश दिएर गए ।

चापा अति नै सुन्दरी रूपवती थिइन् । उपक तपस्वी भिक्षार्थ चापाको घरमा जाँदा उनको रूपमा मोहित भई प्रतिज्ञा गरे कि, चापालाई पाएमा खाना खानेछु नपाएमा देह त्याग गर्नेछु । केही दिन पछि व्याधा घरमा फर्केर आए । घरमा आएपछि छोरीसँग तपस्वीको हालखबर सोधे । एकदिन भिक्षा लिएर गएपछि पुनः यहाँ आउनु भएको छैन भनेर चापाले भनिन् ।

Downloaded from http://dhamma.digital/

छोरीको कुरा सुनी व्याधाका नायक तपस्वीको दर्शनार्थ गए। तपस्वीको आश्रममा पुगी अभिवादन गरेर पाउलाई मिच्दै सोधे - प्रभू ! तपाईलाई कुन रोग लाग्यो ? मलाई भन्नुहोस् मैले सक्दो तपाईको सेवा गर्नेछु। तपस्वीले आफ्नो मनको कथा व्याधालाई सुनाए। व्याधाले तपस्वीसँग सोधे - प्रभूले कुनै काम गर्न जान्नु भएको छ ? उपकले कुनैपनि काम गर्न जानेको छुइन भने। कुनै काम गर्न नजानेमा परिवारको जीवन कसरी चलाउने ? घरजम कसरी गर्ने ? भनेर व्याधाले सोधे। तपाईले शिकार गरी ल्याएकोलाई मैले किन्नेछु र बजारमा लगेर बेच्ने काम गर्नेछु। तपस्वीको कुरामा व्याधाको चित्त बुझ्यो अनि घरमा बोलाई कन्या दान दिए। यथा समयमा चापाले छोरो जन्माइन्। छोराको नाउँ शुभद्र राखी दियो।

छोरा शुभद्र जब जब रुन्थ्यो तब तब स्वामीलाई ब्यङ्ग गर्दै भन्दथिन् - उपक पुत्र नरोऊ। तपस्वी पुत्र नरोऊ। व्याधाको पुत्र नरोऊ चुप लाग। चापाले त्यसरी सुनाउँदा उपकको मनमा ठेस लाग्दथ्यो। धेरैजसो उपहासको शब्द सुन्नु पर्दा उपकले भने - चापा ! तिमीले नसोच कि मलाई साथ दिने अरू कोही पनि छैन भनेर। मलाई साथ दिने सर्व विजयी भन्ने साथी छ। म उसकहाँ गई दिउँला।

स्वामीको विरक्तिमा खुशी हुँदै चापाले झन उसलाई दिक्क पार्नलाई पुनः पुनः उक्त प्रकारले नै सुनाउँदथिन्। बारम्बार सुन्न पर्दा उपकले गृह त्याग गर्ने निधो गरे। उपकले गृहत्याग गर्ने लक्षण देखेर गृह त्याग गर्न नदिने चेष्टा चापाले गरिन् तर प्रयास सबै व्यर्थ भए। उपकले गृह त्यागपूर्वक श्रावस्तीको जेतवन तिर लागे। गौतम बुद्ध त्यस बखतमा श्रावस्तीको जेतवन विहारमा विहार गर्नु हुन्थ्यो। वहाँले भिक्षुहरूलाई भनिराख्नु भयो कि आज कुनै व्यक्ति यहाँ आएर सर्व विजयी कहाँ हुनुहुन्छ ? भनेर सोध्न आएमा म कहाँ पठाई दिनु।


Downloaded from http://dhamma.digital/

उपक जेतवनमा पुगेर त्यही प्रकारले सोधे । भिक्षुहरूले उपकलाई बुद्ध कहाँ लिएर गए । उपकले बुद्ध कहाँ पुग्दा सोधे - भन्ते ! के तपाईले मलाई चिन्नु भयो ? तिमीलाई चिन्दछु भनेर भगवानले भन्नु भयो । अनि भगवानले सोध्नु भयो यतिका दिनसम्म तिमी कहाँ थियौ ? वङ्कहार जनपदमा थिएँ भगवान भनेर उपकले जवाफ दिए ।

उपकको मनोभावलाई बुद्धले बुझ्नु भई सोध्नु भयो - उपक ! तिमी अति नै वृद्ध अवस्थामा पुगिसकेका छौ । यस अवस्थामा तिमीले भिक्षु जीवन बिताउन सक्छौ होला ? सक्छु भगवान ! भगवानको आदेशानुसार उपकलाई भिक्षु गरी दिनुभयो । भिक्षु भएपछि ध्यान मार्गमा लागेर आफ्नो जीवन यापन गर्दै अनागामित्व लाभ गरेर देह त्याग गरे । देहान्त भएपछि अविह भन्ने ब्रह्मलोकमा जन्मे । अनि त्यहाँ आयु क्षय भएपछि निर्वाण लाभ गर्नु भयो । स्वामीले गृह त्याग गर्दा चापाले मन थाम्न नसकी छोरा शुभद्रलाई बज्यैको जिम्मामा लगाई श्रावस्ती पुगेर भिक्षुणी भइन् । भिक्षुणी भएपछि साधना मार्गमा लागी अर्हत्व लाभ गरिन् । उपक आजीवकसँग जुन कुरा हुन्थ्यो त्यसैलाई गाथा बनाई गाउँद थिइन् ।

### उपकको उक्ति

२९२. "लट्ठिहत्थो पुरे आसि, सो दानि मिगलुद्दको ।
आसाय पलिपा घोरा, नासक्खि पारमेतवे ॥

२९३. "सुमत्तं मं मञ्ञमाना, चापा पुत्तमतोसयि ।
चापाय बन्धनं छेत्वा, पब्बजिस्सं पुनोपहं ॥

२९२) "म पहिले दण्डधारी तपस्वी, यस क्षण म मृग घातक हुँ, तृष्णाको महापङ्कमा पतित भई, पार जान नसक्ने भएँ ।"

२९३) "म मोहित भएको थानी, चापाले पुत्र खेलाउँदा मलाई व्यङ्ग गर्दथिइन् । चापाको बन्धनलाई चुँडाली म पुनः प्रव्रजित भएँ ।"


Downloaded from http://dhamma.digital/

चापा

२९४. "मा मे कुज्झि महावीर, मा मे कुज्झि महामुनि ।
न हि कोधपरेतस्स, सुद्धि अत्थि कुतो तपो ॥

२९४) "महावीर ! म माथि क्रुद्ध नहुनुहोस, महामुनि ! म माथि क्रुद्ध नभई बक्सियोस् । क्रोधिलाई आत्म शुद्धी हुँदैन, तपस्या त कहाँबाट हुन्छ ?"

उपक

२९५. "पक्कमिस्सं च नालातो, कोध नालाय वच्छति ।
बन्धन्ती इत्थि रूपेन, समणे धम्मजीविनो ॥

२९५) "मैले नाला * त्याग गर्छु, जुन स्थानमा धर्म जीवी श्रमणलाई नारी सौन्दर्यको पाशोले बाँधिन्छ, त्यस नालामा आई को वास बस्छ ?"

चापा

२९६. "एहि काल निवत्तस्सु, भुञ्ज कामे यथो पुरे ।
अहञ्च ते वसीकता, ये च मे सन्ति ञातका ॥

२९६) "प्रिया कृष्ण ★ ! फर्केर आऊ, पूर्वानुरूप नै प्रेम सुधा पान गर । म तिम्रो दाशी हुन्छु, मेरा आफन्तहरू पनि तिम्रै दासत्व ग्रहण गर्नेछ ।"

उपक

२९७. "एत्तो चापे चतुब्भागं, यथा भासति त्वञ्च मे ।
तयि रत्तस्स पोसस्स, उलारं वत तं सिया ॥

---

* नाला उपकको जन्म स्थान त्यो मगधको बोधिवृक्ष निर पथियो । विवाह पश्चात उपक र स्त्री सहित त्यस स्थानमा वास गर्दथ्यो ।

★ कालो भएकोले कृष्ण भनेको ।



Downloaded from http://dhamma.digital/

२९७) "चापा ! तिमीले मलाई जति प्रेम दिन्छु भन्दछ्यौ, त्यसको चार भागको एक भागसम्म तिम्रो प्रेम मन पराउने पुरूष पाएमा उसँगै नै तिमीले आफूलाई धन्य मान ।

चापा

२९८. **"कालङ्गिनिंव तक्कारिं, पुप्फितं गिरिमुद्धनि ।**
**फुल्लं दालिमलट्ठिं व, अन्तोदीपे व पाटलिं ॥**

२९९. **"हरिचन्दनलित्तङ्गिं, कासिकुत्तमधारिनिं ।**
**तं मं रूपवतिं सन्तिं, कस्स ओकाय गच्छसि ॥**

२९८) "गिरि शिखरमा पुष्पित कालिङ्गिनी, तक्कारि, लता, फूल, अनारको फूल फूले झैं, द्वीप गव्हरको पाटलि (गुलाब) झैं म सौन्दर्यवती हुँ ।

२९९) "अङ्गमा हरिचन्दन लेपन गरी, काशीको उत्तम वस्त्र पहिरेकी रूपवती भएकी मलाई तिमीले छाडेर कहाँ जान्छौं ?"

उपक

३००. **"साकुन्तिकोव सकुणिं, यथा बन्धितुमिच्छति ।**
**आहरिमेन रूपने, न मं त्वं बाधयिस्ससि ॥**

३००) "व्याधाले पंक्षीलाई जालमा पार्ने इच्छा गर्दछ तर सकिँदैन । त्यस्तै तिमीले पनि मलाई सौंदर्य रूपमा बाँध्न सक्ने छैनौ ।"

चापा

३०१. **"इमञ्च मे पुत्तफलं, काल उप्पादितं तया ।**
**तं मं पुत्तवतिं सन्तिं, कस्स ओहाय गच्छसि ॥**

३०१) "कृष्ण ! यो मेरो पुत्र रूपी फल तिमीद्वारा नै उत्पन्न भएको हो । तिमीले म पुत्रको मातालाई त्यागी कहाँ जान्छौ ?"


Downloaded from http://dhamma.digital/

उपक

३०२. "जहन्ति पुत्ते सप्पञ्ञा, ततो ञाती ततो धनं ।
पब्बजन्ति महावीरा, नागो छेत्वाव बन्धनं ॥

३०२) "सप्रज्ञावानले छोरा त्याग्छ, त्यस्तै आफन्त, त्यस्तै धन पनि । हात्तीले बन्धनलाई चुडाले जस्तै महावीरहरू प्रव्रजित हुन्छन् ।"

चापा

३०३. "इदानि ते इमं पुत्तं, दण्डेन छुरिकाय वा ।
भूमियं वा निसुम्भिस्सं, पुत्तसोका न गच्छसि ॥

३०३) "अहिले नै तिम्रो यो छोरालाई दण्डद्वारा अथवा छुरिले आघात पारी भूमिमा पछारिदिएमा पुत्र शोकले जान सक्ने छैनौ ।"

उपक

३०४. "सचे पुत्तं सिङ्गालानं, कुक्कुरानं पदाहिसि ।
न मं पुत्तकत्ते जम्मि, पुनरावत्तयिस्ससि ॥

३०४) "निष्ठुरी ! यदि साँच्चै नै छोरालाई स्याल अथवा कुकुरलाई खान दिएतापनि पुत्र प्यारले मलाई पुनः फर्काउन सक्ने छैनौ ।"

चापा

३०५. "हन्द खो दानि भद्दन्ते, कुहिं काल गमिस्ससि ।
कतमं गामंनिगमं, नगरं राजधानियो ॥

३०५) "हाय् भद्दन्त ! यदि त्यस्तै हो भने कृष्ण ! कहाँ जाने ? कुन गाउँ, कुन निगम, कुन राजधानी नगरमा जाने ?"


Downloaded from http://dhamma.digital/

उपक

३०६. "अहुह्म पुब्बे गणिनो, अस्समणा समण मानिनो ।
गामेन गामं विचरिह्म, नगरे राजधानियो ॥

३०६) "म पहिले दलबद्ध भई, अश्रमण भएर पनि श्रमण सम्झँदथें, गाउँबाट गाउँ, नगर र राजधानीमा विचरण गर्थें ।"

३०७. "एसो हि भगवा बुद्धो, नदिं नेरञ्जरं पति ।
सब्बदुक्खप्पहानाय, धम्मं देसेति पाणिनं ॥
तस्साहं सन्तिकं गच्छं, सो मे सत्था भविस्सति ॥

३०७) "यस बखत भगवान बुद्ध नैरञ्जना नदीको किनारमा प्राणीहरूको सर्व दुःख विनाशको निम्ति धर्म देशना गर्नु हुन्छ, म वहाँ हुनु भएको ठाउँमा जान्छु, वहाँ नै मेरो शास्ता हुनुहुनेछ ।"

चापा

३०८. "वन्दनं दानि वज्जासि, लोकनाथं अनुत्तरं ।
पदक्खिणञ्च कत्वान, आदिसेय्यासि दक्खिणं ॥"

३०८) "लोकनाथ अनुत्तर हुनु भएकालाई मेरो वन्दना जनाई दिनुस्, प्रदक्षिणा गरी चरणमा अर्पित गरी दिनु ।"

उपक

३०९. "एतं खो लब्भमह्मेहि, यथा भाससि त्वञ्च मे ।
वन्दनं दानि ते वज्जं, लोकनाथं अनुत्तरं ॥
पदक्खिणञ्च कत्वान, आदिसिस्सामि दक्खिणं ॥

३०९) "जुन तिमीले मलाई भन्यौ त्यस अनुरोधलाई स्वीकार्नु मेरो कर्तव्य हो । वहाँ लोकनाथ अनुत्तर हुनु भएकालाई वन्दना सहित प्रदक्षिणा गरी चरणमा अर्पित गरी दिन्छु ।"


Downloaded from http://dhamma.digital/

(निम्न उल्लेखित गाथा उपक र चापाका प्रयत्न अनि अनुभूतिको वर्णन हो ।)

३१०. **"ततो च कालो पक्कामि, नदिं नेरञ्जरं पति ।**
**सो अद्दसासि सम्बुद्धं, देसेन्तं अमतं पदं ॥**

३१०) "त्यसपछि कृष्ण (उपक) नैरञ्जरा नदीको किनारमा पुग्दा सम्बुद्धले अमृतोपदेश दिन्दै गरेको देखे ।"

३११. **"दुक्खं दुक्खसमुप्पादं, दुक्खस्स च अतिक्कमं ।**
**अरियं चट्ठङ्गिकं मग्गं, दुक्खूपसमगामिनं ॥**

३११) "दु:ख, दु:ख समुदय, दु:खको निरोध र दु:खको निरोध हुने आर्य अष्टाङ्गिक मार्ग देशना गर्दै रहनु भएकोलाई सुने ।"

३१२. **"तस्स पादानि वन्दित्वा, कत्वान नं पदक्खिणं ।**
**चापाय आदिसित्वान, पब्बजिं अनगारियं ।**
**तिस्सो विज्जा अनुप्पत्ता, कतं बुद्धस्स सासनं ॥**

३१२) "वहाँको पादमा वन्दना गरी, प्रदक्षिणा गरी चापाको पनि वन्दना सुनाई घर त्यागी प्रव्रजित भए। त्रिविद्या लाभ गरी बुद्ध शासनलाई पूर्ण गरे ।"

✪ ✪ ✪


Downloaded from http://dhamma.digital/

# ६९. सुन्दरी

पूर्वकालीन बुद्धहरूको पालामा दृढ संकल्प लिएर जन्मजन्मान्तर अक्षय पुण्यार्जन गर्दै ३१ कल्प पहिले जब विश्वभू बुद्ध हुनु भएको थियो, त्यही समयमा एक धनाढ्य कुलमा सुन्दरीले जन्म लिएकी थिइन् । त्यही जन्ममा यिनले बुद्धलाई भिक्षादान गरी श्रद्धापूर्वक पूजा गरिन् । बुद्धले यिनको हृदयमा प्रफुल्लित श्रद्धा भएको देखी साधुवाद प्रदान गर्नु भयो । देहान्तपछि स्वर्ग अनि विभिन्न सुखमय लोकमा अनेकौं जन्म ग्रहणान्तमा गौतम बुद्धको समयमा वाराणसी नगरमा सुजात नाउँ गरेको ब्राह्मणको घरमा जन्म लिइन् । सुगठित देह भएको हुनाले सुन्दरी नाउँ राखि दिए । यिनी ठूली भएपछि भाईको मृत्यु भयो । शोकाभिभूत पिता यताउता घुमफिर गरी रहँदा वाशिष्ठी भिक्षुणीसँग भेट भयो । थेरीले उनको शोकको कारण सोधेर थाहा पाउनु भई, आफूलाई पनि छोराको कारणले वियोग हुनु परेको नाना विषयलाई सुनाई अहिले शान्ति पाएको बताइन् ।

सुजातले पनि वाशिष्ठीले जस्तै शान्ति पाउन उत्सुक भएर सोधे अनि आफूले पनि त्यसै अनुरूप काम गर्ने वचन दिए । थेरीले वहाँलाई बुद्ध, धर्म र सङ्घको शरण लिने उपदेश दिइन् । अनि यिनको नै मुखबाट बुद्ध मिथिला नगरमा हुनु भएको सुन्नु भयो । सुजात ब्राह्मण मिथिलामा गई बुद्ध दर्शनार्थ चरणमा पूजा गरे । बुद्धले वहाँलाई धर्मोपदेश दिनुभयो । वहाँको उपदेश श्रवण गरेपछि श्रद्धावान भई घर त्यागी भिक्षु भए । ध्यानमा बसेर तीन दिनमा त्रिविद्या सहित अर्हत्व लाभ गर्नु भयो ।

सुजात ब्राह्मण भिक्षु भएर तेश्रो दिनमा त्रिविद्या सहित अर्हत्व लाभ गरेको सारथिले वाराणसी गई सुन्दरी अनी आमालाई सुनाए । सुन्दरीले सारा कुरा सुनेपछि आमालाई भने - 'आमा ! मैले पनि गृह त्याग गर्नेछु । आमाले भन्नु भयो - यो घरको सम्पूर्ण सम्पत्ति तिम्रै


Downloaded from http://dhamma.digital/

हो। तिमी नै यस वंशका उत्तराधिकारिणी भई उपभोग गर। गृह त्याग नगर। सुन्दरीले भनिन् - 'धन दौलत मलाई चाहिँदैन, मैले गृह त्याग नै गर्नेछु, आमा!' आमाको वचन लिएर भिक्षुणी भइन्।

पूर्व जन्मको पुण्यफलको भागी भई तिनले अर्हत्व लाभ गरिन्। निर्वाणको शान्ति अनुभव गर्दै चिन्ता गरिन् - 'म बुद्धको सम्मुखमा गई सिंहनाद' गर्छु। त्यस विचारानुसार वाराणसीबाट श्रावस्तीमा पुगी भगवानलाई वन्दना गरिन्। बुद्धले तिनलाई स्वागत गर्दै परम ज्ञान लाभी साधिका अर्हत् भनी घोषणा गर्नु भयो। त्यस घोषणानुसार आफूलाई बुद्धको मुखबाट निस्केको सुपुत्री भन्दै आफ्नो साधनाको वर्णना गर्दथिइन्। तदनन्तर यिनकी आमादेखि लिएर समस्त आफन्तहरू र अनुचरहरू सहित संसारिक सुख त्याग गरे। साफलताको उल्लासमा यिनले पिताको उक्ति आफ्नै गाथा सहित संयोजित गरी गाउँददिइन् -

सुजात

३१३. **"पेतानि भोति पुत्तानि, खादमाना तुवं पुरे।**
**तुवं दिवा च रत्तो च, अतीव परितप्पसि॥**

३१४. **"साज्ज सब्बानि खादित्वा, सतपुत्तानि ब्राह्मणी।**
**वासेट्ठि केन वण्णेन, न बाल्हं परितप्पसि॥**

३१३) "वाशिष्ठी! तिम्रा छोराहरू मरिसके, पहिले तिमीले खाई सक्यौ (पुत्र मरेकोलाई नै खाएको भनेको) तिमी रात दिन अनुताप लिन्थ्यौ।"

३१४) "ब्राह्मणनी! आज सात जनाको* (टाउको) खाई सक्दा पनि कुन कारणले तिमीलाई शोकले अनुताप गर्न नसकेको?"

---

* वास्तवमा वाशिष्ठीकी एउटैमात्र छोरा मरेको हो, तर सुजातले आफ्नो पुत्र शोकको कारणले विस्मृति भई सात पुत्रको उल्लेख गरे।

Downloaded from http://dhamma.digital/

वाशिष्ठी

३१५. "बहूनि पुत्तसतानि, ञातिसङ्घसतानि च।
खादितानि अतीतंसे, मम तुय्हञ्च ब्राह्मण ॥

३१६. "साहं निस्सरणं ञत्वा, जातिया मरणस च।
न सोचामि न रोदामि, न चापि परितप्पयिं ॥

३१५) "हे ब्राह्मण ! तिमीले र मैले हामी दुबैले अतीतमा अनेकौं शयौं पुत्रहरू र आफन्तहरूलाई खायौं।"

३१६) "त्यसकारण आज मैले जन्म र मृत्युको उपायलाई जानी शोक गर्दिन, रुँदिन, न त अनुतप्त नै हुन्छु।"

सुजात

३१७. "अब्भुतं वत वासेट्ठि, वाचं भाससि एदिसिं।
कस्स त्वं धम्ममञ्ञाय, गिरं भाससि एदिसिं ॥

३१७) "वाशिष्ठी ! तिमीले यस्तो अद्भूतको वचन भन्यौ। तिमीले कस्को धर्मलाई जानेर यसरी थीर रूपले भन्न सक्यौ ?"

वाशिष्ठी

३१८. "एस ब्राह्मण सम्बुद्धो, नगरं मिथिलं पति।
सब्ब दुक्खप्पहानाय, धम्मं देसेसि पाणिनं ॥

३१९. "तस्स ब्रह्मे अरहतो, धम्मं सुत्वा निरूपधिं।
तत्थ विञ्ञातसद्धम्मा, पुत्तसोकं ब्यपानुदिं ॥

३१८) "ब्राह्मण ! भगवान बुद्धले मिथिला नगरमा प्राणीहरूको सर्व दुःखको विनाश गर्ने धर्मको उपदेश दिनु हुन्छ।"

३१९) "त्यसकारण ब्राह्मण ! आवागमनको कारणलाई ध्वंस गर्ने अर्हतको धर्मोपदेश श्रवण गरी त्यस सत्य धर्मलाई जानेर पुत्र शोकबाट मुक्त भएँ।"


Downloaded from http://dhamma.digital/

३२०. “सो अहम्पि गमिस्सामि, नगरं मिथिलं पति ।
अप्पेव मं सो भगवा, सब्बदुक्खा पमोचये ॥

३२१. “अद्दस ब्राह्मणो बुद्धं, विप्पमुत्तं निरूपधिं ।
स्वस्स धम्ममदेसेसि, मुनि दुक्खस्स पारगू ॥

३२२. “दुक्खं दुक्खसमुप्पादं, दुक्खस्स च अतिक्कमं ।
अरियं चट्ठङ्गिकं मग्गं, दुक्खपसमगामिनं ॥

३२३. “तत्थ विञ्ञात सद्धम्मो, पब्बज्जं समरोचयि ।
सुजातो तीहि रत्तीहि, तिस्सो विज्जा अफस्सयि ॥

३२४. “एहि सारथि गच्छाहि, रथं निय्यादयाहिमं ।
आरोग्यं ब्राह्मणिं वज्ज, पब्बजि दानि ब्राह्मणो ।
सुजातो तीहि रत्तीहि, तिस्सो विज्जा अफस्सयि ॥

३२५. “ततो च रथमादाय, सहस्सञ्चा पि सारथि ।
आरोग्यं ब्राह्मणिंवोच, पब्बजि दानि ब्राह्मणो
सुजातो तीहि रत्तीहि, तिस्सो विज्जा अफस्सयि ॥”

३२०) “त्यसो भए म पनि मिथिला नगरमा जान्छु, हुनसक्छ वहाँ भगवानले मलाई पनि सर्व दुःखबाट मोचन गरी दिनु हुनेछ ।”

३२१) “ब्राह्मणले आवागमनको चक्रबाट मुक्त हुनु भएका बुद्धलाई दर्शन गरे । वहाँ शाक्यमुनिले दुःखबाट पार लाग्ने धर्म देशना गर्नु भयो ।”


Downloaded from http://dhamma.digital/

३२२) "दुःख, दुःखको उत्पत्ति, दुःख निरोध, दुःख निरोध गामिनी आर्य अष्टाङ्गिक मार्ग ।"

३२३) "त्यसै अवस्थामा सद्धर्मको ज्ञानलाई जानेर प्रव्रजित हुनलाई प्रार्थना गरी, प्रव्रजित भई तेश्रो रातमा नै त्रिविद्यामा पारंगत भएँ ।"

३२४) "आऊ सारथि ! रथ लिएर घर फर्केर जाऊ, ब्राह्मणीकी सुस्वास्थ्यको कामना र अहिले ब्राह्मण प्रव्रजित भए, सुजातले प्रव्रजित भएको तेश्रो रातमा नै त्रिविद्यामा पारंगत भए भनी जनाई दिनु ।"

३२५) "अनि सारथिले रथ र सहश्रा मुद्रा लिई घर फर्केर गइकन ब्राह्मणीलाई आरोग्यको कामना र ब्राह्मण सुजातले प्रव्रज्या अवलम्बनपूर्वक त्रिरात्रीमा नै त्रिविद्यामा पारंगत भएको सुनाए ।"

सुन्दरीकी आमा

**३२६. "एतञ्चाहं अस्सरथं, सहस्सञ्चा पि सारथि ।**
**तेविज्जं ब्राह्मणं सुत्वा, पुण्णपत्तं ददामि ते ॥**

३२६) "सारथि ! ब्राह्मणले त्रि-विद्या लाभ गरे भन्ने सुन्न पाउँदा अश्वरथ र सहश्र मुद्रा सहित सम्पूर्ण नै तिमीलाई दिँदैछु ।"

सारथि

**३२७. "तुह्येव होत्वस्सरथो, सहस्सञ्चा पि ब्राह्मणि ।**
**अहम्पि पब्बजिस्सामि, वरपञ्ञस्स सन्तिके ॥**

३२७) "ब्राह्मणी ! अश्वरथ र सहश्र मुद्रा तिमीलाई नै भयो । श्रेष्ठ प्रज्ञा (बुद्ध) कहाँ गई म पनि प्रव्रजित हुनेछु ।"

Downloaded from http://dhamma.digital/

सुन्दरीकी आमा

३२८. "हत्थी गवस्सं मणिकुण्डलञ्च,
फीतञ्चिमं गहविभवं पहाय ।

पिता पब्बजितो तुह्यं, भुञ्ज भोगानि सुन्दरी ।
तुवं दायादिका कुले ॥

३२८) "हात्ती, गाई मणिकुण्डल र परिपूर्ण घरको रत्न भण्डारलाई परित्याग गरी तिम्रा पिताले प्रव्रज्या लिए । सुन्दरी ! यस कुलमा तिमी नै उत्तराधिकारी भएकोले उपभोग गर ।"

सुन्दरी

३२९. "हत्थी, गवस्सं, मणिकुण्डलञ्च,
रम्मं चिमं गहविभवं पहाय ।

पिता पब्बजितो मह्यं पुत्तसोकेन अट्टितो ।
अहम्पि पब्बजिस्सामि, भातुसोकेन अट्टिता ॥

३२९) "हात्ती, गाई, मणिकुण्डल र यो रम्य गृह विभवलाई परित्याग गरे । पुत्र शोकले अभिभूत भएर मेरो पिताले प्रव्रजित ग्रहण गरे । भाइको शोकमा अभिभूत भई म पनि प्रव्रजित हुनेछु ।

सुन्दरीकी आमा

३३०. "सो ते इज्झतु सङ्कप्पो, यं त्वं पत्थेसि सुन्दरी ।
उत्तिट्ठपिण्डो उञ्छो च, पंसुकूलञ्च चीवरं ।
एतानि अभिसम्भोन्ती, परलोके अनासवा ॥

३३०) "सुन्दरी ! तिम्रो त्यो सङ्कल्प पूर्ण होस्, जुन तिमीले पार्थना गऱ्यौ । भुक्तावशिष्ट भएको भोजन गरी, धूलोले मैलिएको चीवर पहिरी, यी वस्तुहरूलाई सेवन गरी, परलोकमा अनाश्रवी हुनेछ्यौ ।"


Downloaded from http://dhamma.digital/

३३१. "सिक्खमानाय मे अय्ये, दिब्बचक्खुं विसोधितं ।
पुब्बेनिवासं जानामि, यत्थ मे वुसितं पुरे ॥

३३१) "आर्य ! म शैक्षमाणी हुँदा नै विशोधित दिव्य चक्षु प्राप्त गरें । पूर्व जन्ममा मैले जहाँ जहाँ जन्म लिएको थिएँ त्यस पूर्व निवासलाई जान्दछु ।"

३३२. "तुवं निस्साय कल्याणी, थेरी सङ्घस्स सोभने ।
तिस्सो विज्जा अनुप्पत्ता, कतं बुद्धस्स सासनं ॥

३३२) "कल्याणी ! तिम्रो आश्रयले थेरी सङ्घको शोभायमान हुन्छ । त्रिविद्या प्राप्त गरी, बुद्ध शासनलाई पूर्ण गरें ।"

३३३. "अनुजानाहि मे अय्ये, इच्छे सावत्थिं गन्तवे ।
सीहनादं नदिस्सामि, बुद्ध सेट्ठस्स सन्तिके ॥

३३३) "आर्य ! मलाई श्रावस्ती जान अनुमति दिनुस् । श्रेष्ठ बुद्धको सम्मुखमा गई सिंहनाद गर्नेछु ।"

३३४. "पस्स सुन्दरी सत्थारं, हेमवण्णं हरित्तचं ।
अदन्तानं दमेतारं, सम्बुद्धमकुतोभयं ॥

३३४) "सुन्दरी ! हेर यो हेमवर्ण, उज्ज्वल देह हुनु भएका त्रिलोकका गुरू हुनुहुन्छ । अदान्तलाई दान्त गर्नु हुने सम्बुद्धलाई भय कहाँबाट हुन्छ ?"

३३५. "पस्स सुन्दरिमायन्तिं, विप्पमुत्तं निरूपधिं ।
वीतरागं विसंयुत्तं, कतकिच्चमनासवं ॥

३३५) "हेर्नुहोस् ! सुन्दरी आइरहेकी छिन्, विमुक्तिनी, जन्म र मृत्युको मूलोच्छेदनकारी, वीतरागीनी, विसंयुक्ती कृतकृत्या अनाश्रवी भई ।"


Downloaded from http://dhamma.digital/

३३६. "वाराणसीतो निक्खम्म, तव सन्तिकमागता ।
सावका ते महावीर, पादे वन्दति सुन्दरी ॥"

३३६) "वाराणसीबाट निस्केर तपाईको सम्मुखमा आई पुगें । तपाईको श्राविका भई पादमा म 'सुन्दरीले, वन्दना गरी रहेकी छु ।"

३३७. "तुवं बुद्धो, तुवं सत्था, तुय्हं धीताह्मि ब्राह्मण ।
ओरसा मुखतो जाता, कतकिच्चा अनासवा ॥"

३३७) "ब्राह्मण ! तपाई नै बुद्ध हुनुहुन्छ, तपाई शास्ता हुनुहुन्छ, तपाईकै मुखबाट निस्केकी म छोरी हुँ । कृतकृत्या भई अनाश्रवी भएँ ।"

३३८. "तस्सा ते स्वागतं भद्दे, ततो ते अदुरागतं ।
एवं हि दन्ता आयन्ति, सत्थु पादानि वन्दिका ।
वीतरागा विसंयुत्ता, कतकिच्चा अनासवा ति ॥" ।

३३८) "भद्रे ! तिमीलाई स्वागत छ । तिमी नजिक * बाट नै आयौ । यस्तै दान्त, वीतरागी, बन्धनमुक्ता, अनाश्रवी, कृतकृत्या, अनाश्रवी नै शास्ताको पादमा वन्दना गर्दछ ।"

Dhamma.Digital

✪ ✪ ✪

* अर्थात् - सुन्दरीको संसार क्षेत्रमा विचरण प्रायः शेष भएको हुनाले नजिक भन्ने शब्द राखेको हो ।



Downloaded from http://dhamma.digital/

# ७०. शुभा

पूर्वकालका बुद्धहरूको पालामा यी नारीले सङ्कल्पबद्ध भई जन्मजन्मान्तर अक्षय पुण्यार्जन गर्दै गौतम बुद्धको समयमा राजगृह नगरको कुनै एक स्वर्णकारको घरमा शुभा नाउँ लिएर जन्मिन् । अति नै राम्री भएकी हुनाले शुभा नाउँ राखिदिएको हो । वयस्क भएपछि एकदिन यिनी बुद्ध कहाँ गई दर्शन वन्दना गरी एक छेउमा बसिन् । भगवानले तिनलाई धर्मदेशना सुनाउनु हुँदा श्रोतापत्ति फल लाभ गरिन् ।

शुभा सांसारिक जीवनको दोषलाई देखेर महाप्रजापति गौतमी कहाँ गई भिक्षुणी सङ्घमा प्रवेश गरिन् । आफन्तहरूले तिनलाई पुनः पुनः गृहस्थ जीवनमा फर्केर आउनलाई अनुरोध गर्दथे । तर तिनले सबैजनालाई सांसारिक जीवनको दोषलाई दर्शाएर फर्काई पठाउँथी । यथा समयमा यिनले अर्हत्व प्राप्त गरी गाउँदथिइन् -

३३९. "दहराहं सुद्धवसना, यं पुरे धम्ममस्सुणिं ।
तस्सा मे अप्पमत्ताय, सच्चाभिसमयो अहु ॥

३४०. "ततोहं सब्बकामेसु, भुसं अरत्तिमज्झगं ।
सक्कायस्मिं भयं दिस्वा, नेक्खम्ममेव पीहये ॥

३४१. "हित्वानहं ञाति गणं, दासकम्मकरानि च ।
गामखेत्तानि फीतानि, रमणीये पमोदिते ॥

३४२. "पहायहं पब्बजिता, सापतेय्यमनप्पकं ।
एवं सद्धाय निक्खम्म, सद्धम्मे सुप्पवेदिते ॥

३४३. "नेतं अस्स पतिरूपं, आकिञ्चञ्ञम्हि पत्थये ।
यो जातरूपं रजतं, छड्डे त्वा पुनरागमे ॥


Downloaded from http://dhamma.digital/

३४४. "रजतं जातरूपं वा, न बोधाय न सन्तिया।
नेतं समणसारुप्पं, न एतं अरियद्धनं॥

३४५. "लोभनं मदनञ्चे तं, मोहनं रजवड्ढनं।
सासङ्कं बहुआयासं, नत्थि चेत्थ धुवं ठिति॥

३४६. "एत्थ रत्ता पमत्ता च, सङ्किलिट्ठमना नरा।
अञ्ञमञ्ञेन ब्यारुद्धा, पुथु कुब्बन्ति मेधगं॥

३४७. "वधो बन्धो परिक्लेसो, जानि सोकपरिद्दवो।
कामेसु अधिपन्नानं, दिस्सते ब्यसनं बहुं॥

३४८. "तं मं ञाती अमित्ता व, किं वो कामेसु युञ्जथ।
जानाथ मं पब्बजितं, कामेसु भयदस्सिनिं॥

३४९. "न हिरञ्ञसुवण्णेन, परिक्खीयन्ति आसवा।
अमित्ता वधका कामा, सपत्ता सल्लबन्धना॥

३५०. "तं मं ञातो अमित्ताव, किं वो कामेसु युञ्जथ।
जानाथ मं पब्बजितं, मुण्डं सङ्घाटिपारुतं॥

३५१. "उत्तिठ्टपिण्डो उञ्छो च, पंसुकूलञ्च चीवरं।
एतं खो मम सारुप्पं, अनगारूपनिस्सयो॥

३५२. "वन्ता महेसीहि कामा, ये दिब्बा ये च मानुसा।
खेमठ्टाने विमुत्ता ते, पत्ता ते अचलं खुखं॥

३५३. "माहं कामेहि सङ्गच्छिं, येसु ताणं न विज्जति।
अमित्ता वधका कामा, अग्गिक्खन्धूपमा दुखा॥

३५४. "परिपन्थो एस भयो, सविघातो सकण्टको।
गेधो सुविसमो चेसो, महन्तो मोहनामुखो॥


Downloaded from http://dhamma.digital/

३५५. "उपसग्गो भीमरूपो, कामा, सप्पसिरूपमा।
ये बाला अभिनन्दन्ति, अन्धभूता पुथुज्जना॥

३५६. "कामपङ्केन सत्ता हि, बहूलोके अविद्दसू।
परियन्तं न जानन्ति, जातिया मरणस्स च॥

३५७. "दुग्गतिगमनं मग्गं, मनुस्सा कामहेतुकं।
बहुं वे पटिपज्जन्ति अत्तनो रोगमावहं॥

३५८. "एवं अमित्तजनना, तापना सङ्किलेसिका।
लोकामिसा बन्धनीया, कामा मरण वन्धना॥

३५९. "उम्मादना उल्लपना, कामा चित्तप्पमद्दिनो।
सत्तानं सङ्किलेसाय, खिप्पं मारेन ओड्डितं॥

३६०. "अनन्तादीनवा कामा, बहुदुक्खा महाविसा।
अप्पस्सादा रणकरा, सुक्कपक्खविसोसना॥

३६१. "साहं एतादिसं कत्वा, ब्यसनं कामहेतुकं।
न तं पच्चागमिस्सामि, निब्बानाभिरता सदा॥

३६२. "रणं करित्वा कामानं, सीतिभावाभिकङ्खिनी।
अप्पमत्ता विहस्सामि, सब्ब संयोजनक्खये॥

३६३. "असोकं विरजं खेमं, अरियठ्टङ्गिक उजुं।
तं मग्गं अनुगच्छामि, येन तिण्णा महेसिनो॥

३६४. "इमं पस्सथ धम्मठ्टं, सुभं कम्मारधीतरं।
अनेजं उपसम्पज्ज, रुक्खमूलह्मि झायति॥

३६५. "अज्जठ्टमी पब्बजिता, सद्धा सद्धमसोभना।
विनीतुप्पलवण्णाय, तेविज्जा मच्चुहायिनी॥


Downloaded from http://dhamma.digital/

३६६. "सायं भूजिस्सा अनणा, भिक्खुनी भावितिन्द्रिया ।
सब्बयोगविसंयुत्ता, कतकिच्चा अनासवा ॥

३६७. "तं सक्को देवसङ्घेन, उपसङ्कम्म इद्धिया ।
नमस्सति भूतपति, सुभं कम्मारधीतर"न्ति ॥

३३९) "तरुण वैंशमा शुद्ध वस्त्र पहिरी, जुन दिन मैले धर्म श्रवण गरैं, त्यस दिनमा म अप्रमादी भई सत्यको प्रकृत ज्ञान लाभ गरैं ।"

३४०) "त्यस दिनदेखि नै मैले सर्वकाम-भोगको विषयलाई भित्री दिलदेखि नै अनाशक्ति भई, सत्कायमा भय मानी नैष्क्रम्यमा नै मन लगाएँ ।"

३४१) "रमणीय, आनन्दित तुल्याउने भोग्य वस्तु, आफन्तहरू, दासकामदार, गाउँ अनि विस्तृत क्षेत्र परित्याग गरैं ।"

३४२) "सद्धर्मको प्रकृत ज्ञानलाई अनुभव गरी, सम्पूर्ण धन, सम्पति परित्याग गरी श्रद्धासहित गृहत्याग गरिकन प्रव्रजित भएँ ।"

३४३) "आकिञ्चण्य नै मेरो एकमात्र कामना । जसले सुन चाँदी रूपियाँ त्याग गरी सकेपछि पुनः फर्किनु योग्य होइन ।"

३४४) सुन, चाँदी, रूपियाँ भनेको न बोध हुनुको लागि हो, न शान्तिको लागि हो, न श्रमणलाई नै उपयुक्त छ, अनि न यो आर्य धन नै हो ।"

३४५) लोभ, मद, मोहले, चित्त मैललाई वृद्धि गराउँछ । आशङ्कासहित अनेक दु:खले भरिएको हुन्छ , त्यो धन सम्पत्ति चिरस्थायी पनि होइन् ।"


Downloaded from http://dhamma.digital/

३४६) यसमा आसक्त भई, प्रमादी भई, क्लेशयुक्त मन भई मानिसहरू एक अर्कासँग विरुद्ध भावापन्न भई, क्रोधित भई व्यक्ति व्यक्तिमा शत्रुता हुन्छ ।"

३४७) "मार्नु, बाँध्नु, क्लेशले युक्त भई, धन हानी भई, शोक र पीडा जस्ता यी समस्त काम विषयमा आसक्त भई अनेकले दुःख भोग गरेको देखिन्छ ।"

३४८) "त्यसैले मेरा आफन्त हो ! किन मलाई काम-भोगमा लगाएर शत्रु हुन्छौ ? काम-भोगको कारणबाट भय उत्पन्न हुनेलाई देखि म प्रब्रजित भएको मान ।"

३४९) "हीरा र सुनले आश्रव परिक्षीण हुँदैन, काम-विषय भोगले नै शत्रु र मारकाट गर्न लाउँछ, शत्रुद्वारा शल्य प्रहार र बन्धनमा पनि बाधिन्छ ।"

३५०) "त्यसैले मेरा आफन्त हो ! किन मलाई काम-भोगमा लगाएर शत्रु हुन्छौ ? म मुण्डन शीर, सङ्घाटी (चीवर) पहिरेकी प्रव्रजित भएकी भनी ठान ।"

३५१) "भुक्तावशिष्ट भएको भोजन गर्ने, धूलोले मैलिएको चीवर पहिरिनु नै मेरो निम्ति उपयुक्त छ, गृह त्यागको आश्रय नै ठीक छ ।"

३५२) "महर्षीले दिब्यलोक र मनुष्यलोकको काम भोगलाई परित्याग गरे । भयरहित स्थान, विमुक्त अनि अचल सुख प्राप्त गरें ।

३५३) "मलाई काम-भोगमा फसाउन नखोज । जुन त्राण पाउन सक्ने देखिँदैन । काम-भोगले शत्रु बढाउँछ, वध गराउँछ, बन्धनमा बाँधिदिन्छ, अग्निस्कन्ध जस्तै तापमान दुःख दिन्छ ।"


Downloaded from http://dhamma.digital/

३५४) "भोग विषय भनेको विघ्नकारक हो, यसले भय उत्पन्न गराउँछ, विरक्त गराउँछ, कण्टकले पूर्ण छ, लोभ बढाउने विषम मार्ग हो अनि महा मोहको फन्दामा पारिदिन्छ।"

३५५) "काम-भोग भनेको भीम रूप समान अनि सर्पको शीर समान डर लाग्दो छ, जुन मूर्खले, अज्ञानन्धक, पृथकजन (संसारमा आसक्त हुने) ले मात्र अभिनन्दन गर्दछन्।"

३५६) "काम-भोगको दलदलमा फँसेको सत्वले आदि, अन्त, जन्म र मरणको चक्रलाई अनेकले जानेको हुँदैन्, देखेको हुँदैन।"

३५७) "काम-भोगको कारणले नै मानिसहरू दुर्गतिको बाटामा जान्छन्। वास्तवमा अनेकले त्यस मार्गमा लागेर आफूहरूले नै रोगलाई निम्त्याउँछन्।"

३५८) "यस प्रकारले शत्रु उत्पन्न गराउने, परिताप दिने, क्लेशलाई उत्पन्न गराउने लोकामिष भनेको बन्धन हो, काम-भोग भनेको मृत्युको बन्धन हो।"

३५९) "काम-भोगले पागल गराउँछ, प्रलापको कारण हो, चित्तलाई वेहोश पार्ने हो। सत्वलाई क्लेशले अभिभूत गराई शिघ्र नै मारले फैलाएको जालमा पार्दछ।"

३६०) "काम-भोगमा अनेकौं दोष छन्। अनेक दुःख छ। महाविषापन्न र अल्पस्वाद छ। (विषयका) योद्धाले उज्ज्वल पक्षलाई शोषण गर्दछ।"

३६१) "त्यसैले आज यस प्रकारले जानिसकेको हुनाले काम भोग विषयको नशामा पर्नलाई फर्केर जान्न, सदा निर्वाणमा नै अभिरत हुन्छु।"

३६२) "काम वासनासँग संग्राम गरी शान्त भावको इच्छुक छु, सबै संयोजन क्षय गर्नमा लागी अप्रमादी भई विहार गर्नेछु।"


Downloaded from http://dhamma.digital/

३६३) "शोकरहित, निर्मल, शान्त, आर्य अष्टाङ्गिक सरल मार्गमा लागी जो महर्षि उत्तीर्ण भए, त्यही मार्गमा म लाग्छु।"

३६४) "यता हेर ! स्वर्णकारका पुत्री शुभा धर्ममा प्रतिष्ठित भई वितृष्णा भई, वृक्ष मूलमा ध्यान गर्दछिन्।

३६५) "उत्पलवर्णा भिक्षुणी कहाँ विनीत पूर्वक जुन दिन भिक्षुणी भइन् त्यस दिनदेखि आजसम्ममा आठौं दिन हो, श्रद्धाद्वारा सद्धर्ममा शोभायमान भई, त्रैविद्य र मृत्युलाई जय गरें।"

३६६) "आज यिनी मुक्त, अऋणी, भावितिन्द्रिया भिक्षुणीले सबै बन्धनबाट मुक्त भई, कृतकृत्या अनाश्रवी भइन्।"

३६७) "भूपति इन्द्र देवगण सहित ऋद्धिद्वारा आई स्वर्णाकार पुत्री शुभालाई नमस्कार गर्दछ।"

(शुभाले आठौं दिनमा अर्हत् प्राप्त गरेकी थिइन्। ३६४ नं देखि ३६६ सम्मका गाथा बुद्धले भन्नु भएको हो। ३६७ नं.को गाथा भिक्षुहरूले भनेका हुन्।)

✪ ✪ ✪

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

## चौधौं वर्ग

### ७१. शुभा २

पूर्वकालका बुद्धहरूको पालामा दृढसंकल्प लिएर जन्म जन्मान्तरमा अक्षय पुण्य कर्म गर्दै गौतम बुद्धको समयमा राजगृहको घरानी ब्राह्मण कुलमा शुभा नाउँ लिई जन्मिन् । शरीरको छाँटकाँट राम्रो भएकी हुनाले यिनको नाउँ शुभा राखिदिएको हो । राजगृहमा भगवानले विहार गर्नु भएको बखतमा धर्मोपदेश श्रवण गरी उपासिका भएकी थिइन् । पुनर्जन्मको चिन्ताले यिनको चित्तलाई उद्वेग पारी दिएको थियो । इन्द्रियको परितृप्तिको अनर्थ तिनले अनुभव गरेकी थिइन् । तिनले बुझेकी थिइन् कि संसार त्याग गर्नु नै वास्तवमा निरापद हो । महाप्रजापति गौतमी कहाँ गई भिक्षुणी भइन् । अन्तर्दृष्टिको साधनामा लागेर अचिरकालमा नै अनागामित्वलाई लाभ गरिन् ।

एकदिन शुभाले ध्यान गर्नका निम्ति जीवकको * आम्रवनमा गएकी थिइन् । बाटोमा हिंडिरहँदा एकजना चरित्र भ्रष्ट युवकले बाटो छेक्न आयो । बाटो छेकेर शुभाको धर्म भ्रष्ट गर्न खोज्यो । शुभा राम्री भएकी हुनाले मोहित भई अनेक तरिकाले लोभ देखाउन थाले । शुभाले युवकलाई भोग विषयको नराम्रो प्रतिफल देखाई फेरि आफू एकजना भिक्षुणी भएकी भनेर सम्झाउन थाले । विषय वासनाले अन्धो भएको मूर्खले केही पनि बुझ्न प्रयत्न गरेन । शुभाले विचार गरिन्, यो धूर्तले मेरो आँखालाई देखेर आकृष्ट भएको हो भनी ठानी यिनले आफ्नो आंखालाई फुटालि रक्त सहित नै युवकको हातमा दिंदै भने - ल, लेऊ ! यो आँखाले नै समस्त अकुशल कर्म गराउने मुख्य जड समान हो । शुभाको त्यस्तो हिम्मत देखेर डराउँदै थरररर काम्न थाल्यो । उसको वासना कहाँ हराएर गयो ? थाहा पाउन सकेन ।

---

* मगधराज बिम्बिसारको वैद्य (राज वैद्य)



Downloaded from http://dhamma.digital/

युवकले शुभाको खुट्टा समाती क्षमा माग्न थाले । शुभा त्यसै अवस्थामा बुद्ध कहाँ गइन् । भगवानको दर्शन मात्र गर्नाले यिनको आँखा पूर्ववत भयो । तिनको शरीरबाट उज्ज्वल रश्मि निस्कियो । बुद्धले तिनलाई झन सर्वोच्च ज्ञान लाभ हुने उपदेश दिनु भयो । शुभाले धर्मोपदेश श्रवण गरे अनुरूप ज्ञानलाई विकास गर्दै अर्हत्व लाभ गरिन् । निर्वाणको शान्तिलाई अनुभव गर्दै साफलताको उल्लासमा तिनले निम्न लिखित दुष्टसँग कुराकानी भएकोलाई गाथाद्वारा ब्यक्त गरेकी थिइन् ।

३६८. "जीवकम्बवनं रम्मं, गच्छन्ति भिक्खुनिं सुभं ।
धुत्तको सन्निवारेसि, तमेनं अब्रवी सुभा ॥

३६९. "किं ते अपराधितं मया, यं मं ओवरियियनं तिट्ठसि ।
न हि पब्बजिताय आवुसो, पुरिसो सम्फुसनाय कप्पति ॥

३७०. "गरुके मम सत्थुसासने, या सिक्खा सुगतेन देसिता ।
परिसुद्ध पदं अनङ्गणं, किं मं ओवरियान तिट्ठसि ॥

३७१. "आविलचित्तो अनाविलं, सरजो वितरजं अनङ्गणं ।
सब्बत्थ विमुत्तमानसं, किं मं ओवरियान तिट्ठसि ॥

३७२. "दहरा च अपापिका चसि, किं ते पब्बज्जा करिस्सति ।
निक्खिप कासायचीवरं, एहि रमाम सुपुप्फिते वने ॥

३७३. "मधुरञ्च पवन्ति सब्बसो, कुसुमरजेन समुट्ठिता दुम ।
पठमवसन्तो सुखो उतु, एहि रमाम सुपुप्फिते वने ॥

३७४. "कुसुमितसिखरा च पादपा, अभिगज्जन्ति व मालुतेरिता ।
का तुह्यं रति भविस्सति, यदि एका वनमोगहिस्ससि ॥

३७५. "वालमिगसङ्घसेवितं, कुञ्जरमत्तकरेणुलोलितं ।
असहायिका गन्तुमिच्छसि, रहितं भिंसनकं महावनं ॥



Downloaded from http://dhamma.digital/

३७६. "तपनीयकताव धीतिका, विचरसि चित्तलतेव अच्छरा।
क्कासिकसुखुमेहि वग्गुभि, सोभसी सुवसनेहि नूपमे॥

३७७. "अहं तव वसानुगो सियं, यदि विहरमसे काननन्तरे।
न हि मत्थि तया पियतरो, पाणो किन्नरिमन्दलोचने॥

३७८. "यदि मे वचनं करिस्ससि, सुखिता एहि अगारमावस।
पासादनिवातवासिनी, परिकम्मं ते करोन्तु नारियो॥

३७९. "कासिकसुखुमानि धारय, अभिरोपेहि च मालवण्णकं।
कञ्चनमणिमुत्तकं बहुं, विविधं आभरणं करोमि ते॥

३८०. "सुधोतरजपच्छदं सुभं, गोनकतूलिकसन्थतं नवं।
अभिरुह सयनं महारहं, चण्डनमण्डितसारगन्धिकं॥

३८१. "उप्पलं चुदका समुग्गतं, यथा तं अमनुस्ससेवितं।
एवं त्वं ब्रह्मचारिनी, सकेसङ्गे सुजरं गमिस्ससि॥

३८२. "किं ते इध सारसम्मतं, कुणपपूरह्मि सुसानवड्ढने।
भेदनेधम्मे कलेवरे, यं दिस्वा विमनो उदिक्खसि॥

३८३. "अक्खीनि च तुरियारिव, किन्नरियारिव पब्बतन्तरे।
तव मे नयनानि दक्खिय, भिय्यो कामरति पवड्ढति॥

३८४. "उप्पलसिखरोपमानि ते, विमले हाटकसन्निभे मुखे।
तव मे नयनानि दक्खिय, भिय्यो कामरती पवड्ढति॥

३८५. "अपि दूरगता सरह्मसे, आयतपह्मे विसुद्धदस्सने।
न हि मत्थि तया पियतरा, नयना किन्नरिमन्दलोचने॥

३८६. "अपथेन पयातुमिच्छसि, चन्दं कीलनकं गवेससि।
मेरुं लङ्घतुमिच्छसि, यो त्वं बुद्धसुतं मग्गयसि॥


Downloaded from http://dhamma.digital/

३८७. "नत्थि हि लोके सदेवके, रागो यत्थपि दानि मे सिया।
न पिनं जानामि कीरिसो, अथ मग्गेन हतो समूलको॥

३८८. "इङ्गालकुयाव उज्झितो, विसपत्तोरिव अग्गितो कतो।
न पि नं पस्सामि कीरिसो, अथ मग्गेन हतो समूलको॥

३८९. "यस्सा सिया अपच्चवेक्खितं, सत्था वा अनुपासितो सिया।
त्वं तादिसिकं पलोभय, जानन्तिं सो इमं विहञ्ञसि॥

३९०. "मय्हंञ्हि अक्कुट्ठवन्दिते, सुखदुक्खे च सती विहञ्ञसि।
सङ्खतमसुभन्ति जानिय, सब्बत्थेव मनो न लिम्पति॥

३९१. "साहं सुगतस्स साविका, मग्गट्ठङ्गिकयानयायिनी।
उद्धटसल्ला अनासवा, सुञ्ञागारगता रमामहं॥

३९२. "दिट्ठा हि मया सुचित्तिता, सोम्भा दारुकपिल्लानि वा।
तन्तीहि च खीलकेहि च, विनिबद्धा विविधं पनच्चका॥

३९३. "तम्हुद्धटे तन्तिखीलके, विस्सट्ठे विकले परिक्रिते।
न विन्देय्य खण्डसो कते, किम्हि तत्थ मनं निवेसये॥

३९४. "तथूपमा देहकानि मं, तेहि धम्मेहि विना न वत्तन्ति।
धम्मेहि विना न वत्तति, किम्हि तत्थ मनं निवेसये॥

३९५. "यथा हरितालेन मक्खितं, अद्दस चित्तिकं भित्तिया कतं।
तम्हि ते विपरितदस्सनं, सञ्ञा मानुसिका निरत्थिका॥

३९६. "मायं विय अग्गतो कतं, सुपिनन्तेव सुवण्ण पादपं।
उपगच्छसि अन्धरित्तकं, जनमज्झेरिव रूप्परूपप्पकं॥

३९७. "वट्टनिरिव कोटरोहिता, मज्झे पुब्बुलका सअस्सुका।
पीलकोलिका चेत्थ जायति, विविधा चक्खुविधा च पिण्डिता॥


Downloaded from http://dhamma.digital/

३९८. "उप्पाटिय चारुदस्सना, न च पज्जित्थ असङ्गमानसा ।
हन्द ते चक्खुं हरस्सु तं, तस्स नरस्स अदासि तावदे ॥

३९९. "तस्स च विरमासि तावदे, रागो तत्थ खमापयी च नं ।
सोत्थि सिया ब्रह्मचारिनी, न पुनो एदिसकं भविस्सति ॥

४००. "आसादिय एदिसं जनं, अग्गिं पज्जलितं व लिङ्गिय ।
गण्हिय आसीविसं विय, अपिनु सोत्थि सिया खमेहि नो ॥

४०१. "मुत्ता च ततो सा भिक्खुनी, अगमी बुद्धवरस्स सन्तिकं ।
पस्सिय वरपुञ्ञलक्खणं, चक्खु आसि यथा पुराणक"न्ति ॥

३६८) "भिक्षुणी शुभा जीवकको रम्य आम्रवनमा जाँदै थिइन् । धूर्तले बाटो अवरोध गरे । उसलाई म शुभाले भनें -

३६९) "मैले तिमी प्रति कुन अपराध गरें । जसमा कि मलाई बाटोमा छेकेर बसेका छौ । आवुसो ! प्रव्रजितालाई पुरूषले स्पर्श गर्न खोज्नु ठीक होइन ।"

३७०) "शास्ताको शासनमा गौरव राखी, सुगतले देशना गर्नु भएको जुन शिक्षा हो, त्यसलाई परिशुद्ध तरिकाले क्लेश रहित भएकी छु । किन मलाई बाटो छेकेर बसेको ?"

३७१) "तिमी कलुषित चित्त भएको, म भने निर्मल चित्त भएकी, तिमी रागी, म वितरागिनी परिशुद्ध छु । सबै विषयवस्तुदेखि मेरो चित्त विमुक्त छ । किन मलाई बाटो छेकेर बसेको ?"

३७२) "तिमी तरुणी निष्पापी छ्यौ । प्रव्रजिता भएर तिमीलाई के फाइदा ? तिमील काषाय चीवरलाई पर फ्याँक । आऊ, सुपुष्पित वनमा रमण गरौं ।"

३७३) "सुपुष्पित रेणुद्वारा शोभित, चञ्चल वृक्षबाट मधुर सुगन्धित


Downloaded from http://dhamma.digital/

वासनाले दिगन्त पूर्ण गरिरहेको छ। यस प्रथम वसन्त ऋतुमा, आऊ, सुपुष्पित वनमा रमण गरौं।"

३७४) "रूखको टुप्पोमा फूलेको फूलहरूलाई वायुको स्पर्शले कम्पित गरी गर्जिए झैं मनोरम ध्वनि निस्किरहेको छ। यदि तिमी एक्लै यस वनमा घुमिरह्यौ भने तिमीले कस्को प्रेम पाउन सक्छयौ ?"

३७५) "हिंस्रक जन्तुहरू भएको, मस्त हात्तीले रेणु आलोडित, मनुष्य-रहित भयानक महावनमा असहाय भई कहाँ जाने इच्छा गरेकी ?"

३७६) "स्वर्ण पुतलीको खेलौना झैं, चित्त रथ लिई विचरण गर्ने अप्सरा झैं, काशीको सुक्ष्म वस्त्र पहिरी, हे अनुपमे ! तिमी सौन्दर्यवती हुनेछ्यौं।"

३७७) "म तिम्रो दास समान हुनेछु, यदि जङ्गल भित्र मसँग रमण गरेमा। हे किन्नरीको जस्तै नेत्र भएकी, मलाई तिमी भन्दा मन पर्ने अरू कोही पनि छैन।"

३७८) "यदि मेरो वचनानुसार गरेमा, आऊ हामी सुखका साथ घरमा बसौं। नारीहरूद्वारा तिमीलाई सेवा गर्नु लगाई प्रासादमा बस्ने छ्यौ।"

३७९) "काशीको सुकोमल वस्त्र परिधान गर, माला लगाऊ, अंगलेपन गर। मैले तिमीलाई कञ्चन, मणि, मुक्ता नानाविधी धेरै नै आभरणहरू बनाइ दिनेछु।

३८०) "सुकोमल, शुभ्र वस्त्र अनि नयाँ ऊनको र तूलको वस्त्र परिधान गर। चण्डनले मण्डित, पुष्पसार गन्ध लगाई महार्घ खातमा आरोहण गर।"


Downloaded from http://dhamma.digital/

३८१) "अमनुष्यले सेवन गरेको सरोवरमा उत्पन्न पद्म फूल झैं हेर, ब्रह्मचारिणी ! अस्पृष्ट देह भएर नै वृद्धा हुनेछ्यौ ।"

३८२) "यो दुर्गन्ध पूर्ण, मशान वर्धक, क्षण भङ्गुर देहमा के सारवस्तु छ ? यो शरीरमा यस्तो के छ ? जस्मा कि तिमी मुग्ध भएर हेर्दैछौ ।"

३८३) "तिम्रो आँखा सूर्य जस्तै छ, पर्वतमा बस्ने किन्नरिकी आँखा जस्तै छ । तिम्रो ती नयनहरू देख्दा मेरो काम वासना झन बढ्दछ ।"

३८४) "पद्म कोषको जस्तै तिम्रो त्यो परिशुद्ध मुहार,स्वर्णसँग मेल खाने मुखमा ती नयनहरू देख्दा मेरो काम-वासना झन बढ्दछ ।"

३८५) "हे किन्नरि झैं मन्द नयना, विशाल तिम्रो आँखीभौंले राम्री देखिने भएकीले पनि तिमी बिना मलाई मन पर्ने यहाँ अरू कोही छैन । तैपनि तिमी मबाट टाठा हुन्छ्यौं ।"

३८६) "पथहीनबाट अधि बढ्न इच्छुक, सुमेरुलाई उल्लङ्घन गर्न इच्छुक अनि आकाशको चन्द्रमा खेलाउनलाई खोजे जस्तै बुद्धोपदेशलाई श्रवण गरेर धारण गरेकीलाई तिमीले पिछा गर्दैछौ ।"

३८७) "मलाई मनुष्य लोकमा, सदेवलोकमा रागोत्पन्न गराउन सक्ने केही छैन । राग भनेको कस्तो हुन्छ त्यो पनि मैले जानेको छुइन । अनि आर्यमार्गमा रागलाई समूल विनष्ट गरें ।"

३८८) "जलेको आगोलाई परसम्म फ्याँके समान, विषयलाई खन्याएको भाँडा जस्तै राग अदृश्य भई सक्यो । आर्यमार्गमा लागी रागलाई समूल विनष्ट गरें ।"


Downloaded from http://dhamma.digital/

३८९) "जस्ले बुद्ध धर्मलाई दर्शन गरेको छैन, शास्ताको उपासीका नभएकीलाई प्रलोभन देखाउन जानु। रागलाई विनष्ट गरी, सकिन् भनेर उसले (शुभाले) जानिसकेकी छिन्।"

३९०) "निन्दा, प्रशंसा अनि सुख, दुःखमा स्मृतिमती भई, संस्कारलाई अशुभ जानी, मेरो मन सबै विषय रागमा अलिप्त भई सक्यो।"

३९१) "त्यसैले म सुगतको श्राविका हुँ। आर्य अष्टाङ्गिक मार्गको यानमा चढिसकेकी, (वासनाको) तीरलाई निकाली अनाश्रवी भई, शुन्यागारमा नै म रमाउँछु।"

३९२) "राम्रोसँग चित्रित, तार अनि चुकुलले जोडेर राखेको काठको गुडियालाई नचाइरहेको मैले देखेको छु।"

३९३) "त्यस काठ पुतलीको तार अनि चुकुल निकालिँदा टुक्रिएको, विकल भएको, छडिएको थियो। टुक्रिँदा त्यो के हो जान्न सकिँदैन। त्यसैले खण्डित हुँदा कुन वस्तुमा मन लगाउने ?"

३९४) "विभिन्न अवयव अनि तिनीहरूको क्रिया तिनीहरूकै नै निर्दिष्ट धर्मद्वारा नै संचालित हुन्छन्। यिनीहरूको यदि पृथकीकृत भएमा केही पनि रहँदैन। खण्डित देहको कुन अंशमा मन लगाउने ?"

३९५) "भित्तामा हरितालले लिपि राखेकोमा चित्राङ्किति गरेको चित्रलाई देखे समान हो। त्यसैले तिमीले मलाई विपरित ढङ्गले हेर्‍यौ, व्यर्थमा मानिस भनेर ठान्यौ।"

३९६) "स्वर्ण वृक्षलाई सपनामा देखे झैं, जन माझमा चटककारले प्रदर्शित इन्द्रजालमा परे जस्तै अन्धोभएर तिमी (राग) रिक्तता भएकाको पछि लागिरहेका छौ।"


Downloaded from http://dhamma.digital/

३९७) “तरल पदार्थ अनि अश्रुको माझमा रहेको, विविध मिलेर पिण्ड भएको यो आँखा गोलाकारको कोष्ठ भित्र अवस्थित छ ।”

३९८) “प्रिय दर्शिनीले निर्विकार चित्तले तत्क्षणमा नै आफ्नो आँखा निकालेर त्यस मानिसलाई दिँदै भनिन् - लेऊ, तिमीले मन पराएको आँखा ।”

३९९) “तत्क्षणमै त्यस पुरूषको राग (पिपासा) विहीन भयो । क्षमा प्रार्थना गर्दै भने - ब्रह्मचारिणी तिम्रो मंगल होस् अबदेखि मैले पुनः यस्तो कर्म गर्ने छुइन ।”

४००) “प्रज्ज्वलित आगोलाई आलिङ्गन गरे झैं भयो, विषाक्त सर्पलाई समाते झैं भयो । तिमी जस्ती ब्रह्मचारिणी प्रति मैले अपराध गरैं । मलाई क्षमा गर ।”

४०१) “ती भिक्षुणी (शुभा) त्यही मुहूर्तमा मुक्त भई श्रेष्ठोत्तम बुद्ध कहाँ गइन् । श्रेष्ठ पुण्य लक्षणले युक्तको दर्शन गर्दा, पहिलेकै सरह पुनः आँखा लाभ गरिन् ।”

✪ ✪ ✪

Dhamma.Digital


Downloaded from http://dhamma.digital/

# पन्ध्रौं वर्ग

## ७२. ऋषिदासी

पूर्व कालका बुद्धहरूको पालामा एकाग्र चित्तसहित यिनले जन्मजन्मानतर अनेकौं पुण्य सञ्चय गरेकी थिइन् । यिनको अन्तिम जन्मको पूर्व सातौं जन्ममा भने प्रमादवश व्यभिचार पाप कर्म गरेकी थिइन् । त्यही पाप कर्मले गर्दा मृत्यु पश्चात शयौं वर्षसम्म नरक भोग गरी, पटक पटक गर्दै तीनबारसम्म पशु योनिमा जन्म लिइन् । एक जन्ममा नपुंसक भएर जन्म लिइन् । अर्को एक जन्ममा दरिद्र कुलमा जन्म लिइन् । त्यस जन्ममा धनी ब्यापारीको छोरासँग विवाह भयो । यिनका स्वामीको प्रथम पत्नी सुशील र गुणले सम्पन्ना थिइन् । सपत्नीसँग इर्ष्या गरी झगडा गर्दथिइन् ।

मृत्यु पश्चात गौतम बुद्धको समयमा उज्जैनको एक धनी वैश्य कुलमा ऋषिदासी नाउँ लिएर जन्म लिइन् । तरुणी भए पछि एकजना सुयोग्य पात्रमा समर्पण गरी दिए । विवाह भएको दिनदेखि लिएर एक महिनासम्म सुखपूर्वक जीवन बिताइन् । पछि पूर्वजन्मको पाप कर्मको फलले गर्दा स्वामीको अप्रिय भई घरबाट निकालिदिए । यिनलाई फेरि अरुसँग विवाह गरी दिए । त्यहाँ पनि यिनी टिक्न सकिनन् । पछि फेरि एकजना भिक्षुकसँग विवाह गरी दिँदा केही दिन पछि उसले पनि मन पराउन छोड्यो । यिनले सुखकासाथ जीवन बिताउन सकिनन् । अनि मनमा पीडा बोकी अशान्त चित्तले दिन बिताइरहिन् । एकदिन जिनदत्ता भिक्षुणीको दर्शन गरी विरक्तिएकी ऋषिदासीले पिता-माताको अनुमति लिएर भिक्षुणी भइन् । खुबै कठिन परिश्रम गरी चाँडै नै निर्वाण लाभ गरिन् । निर्वाणको परम शान्तिको अनुभव गरेर भोजनान्त पछि पाटलीपुत्र (पटना) नगरको गङ्गाको किनारमा विश्रामको निम्ति गइन् । त्यस बखत यिनका साथी बोधि थेरीले ऋषिदासीको पूर्वजन्मको कुरा जान्न इच्छा ब्यक्त गर्दा निम्न



Downloaded from http://dhamma.digital/

लिखित गाथा सुनाउन थालिन् । निम्न लिखित पहिलो, दोस्रो र तेस्रो गाथा त्रिपिटक संकलन गर्ने अर्हत भिक्षुहरूले संयोजित गरेका हुन् ।

४०२. "नगरह्मि कुसुमनामे, पाटलिपुत्तह्मि पठविया मण्डे ।
सक्यकुलकुलीनायो, द्वे भिक्खुनियो हि गुणवतियो ॥

४०३. "इसिदासी तत्थ एका, दुतिया बोधी ति सीलसम्पना च ।
झानज्झायनरतायो, बहुस्सुतायो धुतकिलेसायो ॥

४०४. "ता पिण्डाय चरित्वा, भत्तत्थं करिय धोतपत्तायो ।
रहितह्मि सुखनिसिन्ना, इमा गिरा अब्भुदीरेसुं ॥

४०५. "पासादिकासि अय्ये इसिदासि वयोपि ते अपरिहीनो ।
किं दिस्वान ब्यालिकं, अथासि नेक्खम्ममनुयुत्ता ॥

४०६. "एवंमनुयुञ्जिमाना सा, रहिते धम्मदेसनाकुसला ।
इसिदासी वचनमब्रवि, सुण बोधि यथाह्मि पब्बजिता ॥

४०७. "उज्जेनिया पुरवरे, मह्यं पिता सीलसंवुतो सेट्ठि ।
तस्सह्मि एक धीता, पिया मनापा च दयिता च ॥

४०८. "अथ मे साकेततो वरका, आगच्छुमुत्तमकुलीना ।
सेट्ठी पहूतरतनो, तस्स ममं सुण्हमदासि तातो ॥

४०९. "सस्सुया सस्सुरस्स च, सायं पातं पणाममुपगम्म ।
सिरसा करोमि पादे,वन्दामि यथाह्मि अनुसिट्ठा ॥

४१०. "या मह्यं सामिकस्स, भगिनियो भातुनो परिजनो वा ।
तमेकवरकम्पि दिस्वा, उब्बिग्गा आसनं देमि ॥

४११. "अन्नेन च पानेन च, खज्जेन च यञ्च तत्थ सन्निहितं ।
छादेमि उपनयामि च, देमि च यं यस्स पतिरूपं ॥


Downloaded from http://dhamma.digital/

४१२. "कालेन उपट्ठहित्वा, घरं समुपगमामि उम्मारे।
धोवन्ती हत्थपादे, पञ्जलिका सामिकमुपेमि॥

४१३. "कोच्छं पसादं अञ्जनिञ्च, आदासकञ्च गण्हित्वा।
परिकम्मकारिका विय, सयमेव पतिं विभूसेमि॥

४१४. "सयमेव ओदनं साधयामि, सयमेव भाजनं धोवन्ती।
माताव एकपुत्तकं, तथा भत्तारं परिचरामि॥

४१५. "एवं मं भत्तिकतं, अनुरत्तं कारिकं निहतमानं।
उट्ठायिकं अनलसं, सीलवतिं दुस्सते भत्ता॥

४१६. "सो मातरञ्च पितरञ्च, भणति आपुच्छहं गमिस्सामि।
इसिदासिया न सह वच्छं, एकागारेहं सह वत्थुं॥

४१७. "मा एवं पुत्त अवच, इसिदासी पण्डिता परिब्यत्ता।
उट्ठायिका अनलसा, किं तुय्हं न रोचते पुत्त॥

४१८. "न च मे हिंसति किञ्चि, न चहं इसिदसिया सह वच्छं।
देस्साव मे अलं मे, अपुच्छाहं गमिस्सामि॥

४१९. "तस्स वचनं सुणित्वा, सस्सु ससुरो च मं अपुच्छिंसु।
किस्स तया अपरद्धं, भण विस्सट्ठा यथाभूतं॥

४२०. "न पिहं अपरज्झं किञ्चि, न पि हिंसेमि न भणामि दुब्बचनं।
किं सक्का कातुय्ये, यं मं विद्देस्सते भत्ता॥

४२१. "ते मं पितुघरं पटिनयिंसु, विमना दुक्खेन अधिभूता।
पुत्तमनुरक्खमाना, जिताह्मसे रूपिनिं लक्खिं॥

४२२. "अथ मं अदासि तातो, अड्ढस्स घरह्मि दुतियकुलिकस्स।
ततो उपड्ढसुङ्केन, येन मं विन्दथ सेट्ठि॥



Downloaded from http://dhamma.digital/

४२३. "तस्सपि घरह्मि मासं, अवसिं अथ सोपि मं पटिच्छरयि।
दासीव उपट्ठहन्ति, अदुसिकं सीलसम्पन्नं ॥

४२४. "भिक्खाय च विचरन्तं, दमकं दन्तं मे पिता भणाति।
होहिसि मे जामाता, निक्खिप पोट्ठिञ्च घटिकञ्च ॥

४२५. "सो पि वसित्वा पक्खं, अथ तातं भणति देहि मे पोट्ठिं।
घटिकञ्च मल्लकञ्च, पुनपि भिक्खं चरिस्सामि ॥

४२६. "अथ नं भणती तातो, अम्मा सब्बो च मे ञातिगणवग्गो।
किं ते न कीरति इध, भण खिप्पं तं ते करिहि' ति ॥

४२७. "एवं भणितो भणति, यदि मे अत्ता सक्कोति अलं मह्यं।
इसिदासिया न सह वच्छं, एकघरेहं सह वत्थुं ॥

४२८. "विस्सज्जितो गतो सो, अहम्पि एकाकिनी विचिन्तेमि।
आपुच्छितून गच्छं, मरितुये वा पब्बजिस्सं वा ॥

४२९. "अथ अय्या जिनदत्ता, आगच्छी गोचराय चरमाना।
तात कुलं विनयधरी, बहुस्सुता सीलसम्पन्ना ॥

४३०. "तं दिस्वान अह्माकं, उट्ठायासनं तस्सा पञ्ञापयिं।
निसिन्नाय च पादे, वन्दित्वा भोजनमदासिं ॥

४३१. "अन्नेन च पानेन च, खज्जेने च यञ्च तत्थ सन्निहितं।
सन्तप्पयित्वा अवचं, अय्ये इच्छामि पब्बजितं ॥

४३२. "अथ मं भणति तातो, इधेव पुत्तक चराहि त्वं धम्मं।
अन्नेन च पानेन च तप्पय समणे द्विजाती च ॥

४३३. "अथहं भणामि तातं, रोदन्ती अञ्जलिं पणामेत्वा।
पापञ्हि मया पकतं, कम्मं तं निज्जरेस्सामि ॥


Downloaded from http://dhamma.digital/

४३४. "अथ मं भणती तातो, पापुण बोधिञ्च अग्गधम्मञ्च।
निब्बानञ्च लभस्सु, यं सच्छिकरी द्विपदसेट्ठो ॥

४३५. "मातापितू अभिवादयित्वा, सब्बञ्च ञातिगणवग्गं।
सत्ताहं पब्बजिता, तिस्सो विज्जा अफस्सयिं ॥

४३६. "जानामि अत्तनो सत्त, जातियो यस्सयं फलविपाको।
तं तव आचिक्खिस्सं, तं एकमना निसामेहि ॥

४३७. "नगरम्हि एरकच्छे, सुवण्णकारो अहं पहूतधनो।
योब्बनमदेन मत्तो, सो परदारं असेविहं ॥

४३८. "सोहं ततो चवित्वा, निरयम्हि अपच्चिसं चिरं।
पक्को ततो च उट्ठहित्वा, मक्कटिया कुच्छिमोक्कमिं ॥

४३९. "सत्ताहजातकं मं, महाकपि यूथपो निल्लच्छेसि।
तस्सेतं कम्मफलं, यथापि गन्त्वान परदारं ॥

४४०. "सोहं ततो चवित्वा, कालं करित्वा सिन्धवारञ्ञे।
काणाय च खञ्जाय च, एलकिया कुच्छिमोक्कमिं ॥

४४१. "द्वादस वस्सानि अहं, निल्लच्छितो दारके परिवहित्वा।
किमिनावट्टो अकल्लो, यथापि गन्त्वान परदारं ॥

४४२. "सोहं ततो चवित्वा, गोवाणिजकस्स गाविया जातो।
वच्छो लाखातम्बो, निल्लच्छितो द्वादसे मासे ॥

४४३. "ते पुन नङ्गलमहं, सकटं ञ्च धारयामि।
अन्धोवटो अकल्लो, यथापि गन्त्वान परदारं ॥

४४४. "सोहं ततो चवित्वा, वीथिया दासिया घरे जातो।
नेव महिला न पुरिसो, यथा पि गन्त्वान परदारं ॥


Downloaded from http://dhamma.digital/

४४५. "तिंसतिवस्सह्मि मतो, साकटिककुलह्मि दारिका जाता।
कपणह्मि अप्पभोगे, धनिकपुरिसपाबहुलह्मि ॥

४४६. "तं मं ततो सत्थवाहो, उस्सन्नाय विपुलाय वड्ढिया।
ओकड्ढति विलपन्तिं, अच्छिन्दित्वा कुलघरस्मा ॥

४४७. "अथ सोलसमे वस्स, दिस्वा मं पत्तयोब्बनं कञ्ञं।
ओरुन्धतस्स पुत्तो, गिरिदासो नाम नामेन ॥

४४८. "तस्स पि अञ्ञ भरिया, सीलवती, गुणवती, यसवती च।
अनुरत्ता भत्तारं, तस्साहं विद्देसनमकासिं ॥

४४९. "तस्सेतं कम्मफलं, यं मं अपकीरितून गच्छन्ति।
दासीव उपट्ठहन्ति, तस्सपि अन्तो कतो मया"ति ॥

४०२) "पृथ्वी मण्डलको पाटलिपुत्र नगरको कुसुम भन्ने स्थानमा शाक्यकुलमा जन्मेकी दुवै नै गुणवती भिक्षुणी थिइन्।"

४०३) "एकजनाको नाउँ ऋषिदासी, अर्किको नाउँ बोधी, यिनीहरू दुवै शील सम्पन्न, ध्यानानुरक्त, बहुश्रुत अनि चित्त मल परिष्कृत भएका थिए।"

४०४) "एक दिन भिक्षान्त आहार समाप्त गरेर पात्रलाई धोई सकेपछि एकान्तमा सुखपूर्वक बसेर यिनीहरूले कुराकानी गर्न थाले।"

४०५) "आर्य ऋषिदासी तिम्रो मुहार प्रसन्न छ, तिम्रो यौवनावस्था पनि बितेको छैन। संसारको आसक्तिलाई त्यागेर किन यसरी नैष्क्रम्यमा मन लगाएकी ?"

४०६) "त्यस एकान्तस्थानमा बोधीले सोधेपछि धर्मदेशना गर्नमा सुदक्षी ऋषिदासीले भन्न थालिन् - बोधी ! म किन प्रव्रजिता भएँ, सुन।"


Downloaded from http://dhamma.digital/

४०७) "उज्जैन नगरको सेठ मेरा पिता शीलवान थिए । वहाँको म प्यारी, आनन्ददायिनी एकमात्र सुपुत्री थिएँ ।"

४०८) "साकेत नगरदेखि आएका सेठ, उत्तम कुलका, धनवानका पुत्रसँग मेरो विवाह भयो । म उनको बुहारी भएँ ।"

४०९) "सासु, ससुरालाई सायंकालमा र प्रातःकालमा प्रणाम गर्न जान्थैं । नतमस्तक भई पादधूलि लिई वन्दना गर्दथैं ।"

४१०) "स्वामीको बहिनी, भाई अनि परिजनका कुनै पनि व्यक्तिलाई देख्नासाथ उद्विग्न भई आसन दिन्थैं ।"

४११) "घरमा भएको जुन अन्न पान खाद्यादि जजस्ले जस्तो रुचाउँथ्यो, त्यस्तै लिएर गइदिन्थैं अनि खुशी पार्थै ।"

४१२) "समयमै उठेर घरमा बढार-कुढार गर्थै, हात, मुख, पाउ धोई सकेर दुई हात जोडी स्वामी कहाँ जान्थैं ।"

४१३) "काँगियो, चूर्ण, गाजल अनि ऐना लिएर परिचारिका झैं भएर स्वयम्ले स्वामीलाई श्रृङ्गार गरी दिन्थैं ।"

४१४) "स्वयम्ले भोजन बनाउँथैं, स्वयम्ले भाँडा धुन्थैं । एकमात्र पुत्रलाई आमाले सेवा गरे झैं मैले स्वामीलाई सेवा गरैं ।"

४१५ ) "म जस्तो पति परायणा, अनुरक्त, निरभिमानी, समयमै उठ्ने अनालसी अनि शीलवती भई बस्दा पनि मदेखि स्वामी रिसाउँदथ्यो ।"

४१६) "उसले आमा बाबुलाई भन्दथ्यो - म घर छोडेर जान्छु भन्दै अनुमति माग्दथ्यो । एकै घरमा ऋषिदासीसँग म बस्न चाहन्न ।"



Downloaded from http://dhamma.digital/

४१७) "प्रिय पुत्र ! तिमीले त्यस्तो नभन ऋषिदासी पण्डितनी र बुद्धिमती पनि हुन्। समयमै उठ्ने, अनालसी भएकीलाई तिमीले किन मन नपराएको पुत्र ?"

४१८) "मेरो केही पनि बिगारेको छैन, तैपनि म ऋषिदासीसँग बस्न चाहन्न। उनी मलाई मन पर्दैन। अनुमति लिंदै म यो घर छोडेर जान्छु।"

४१९) "उसको कुरा सुनेर सासु ससुरा मकहाँ आई सोधे कि तिमीले कुन अपराध गऱ्यौ ? निसंकोचसहित सत्य कुरा भन।"

४२०) "मैले कुनै अपराध गरेकी छुइन, कुनै अनिष्ट गरेकी छुइन। कुनै दुर्वचन पनि प्रयोग गरेकी छुइन। तैपनि स्वामी मसँग रिसाईरहनु हुन्छ।"

४२१) "पुत्रको मन राख्नलाई तिनीहरूले मलाई विना इच्छाले भएपनि दुःखले अभिभूत हुँदै पिताको घरमा लिएर आई भने - हामीले लक्ष्मीसमान रूपवतीलाई यहाँ छोडेर जानुपऱ्यो।"

४२२) "अनि पिताले पूर्व सेठले दिएको धन भन्दा आधा परिमाणले धन लिएर पुनर्वार अर्को धनवानको घरमा विवाह गरी दिनु भयो।"

४२३) "निर्दोषी, शील सम्पन्ना दासी समान भई सेवा गर्दा पनि त्यस घरमा एक महिना मात्र बस्न पाएँ। अनि उसले पनि मलाई बहिष्कार गरे।"

४२४) "भिक्षाचरण गर्दै आईरहेका शान्त दान्त (भिक्षु) लाई देखेर मेरा पिताले भने - तिम्रो त्यो वस्त्र र पात्र मिल्काई दिएमा तिमी मेरो ज्वाईं हुनेछौ।"


Downloaded from http://dhamma.digital/

४२५) "दुई हप्तासम्म म उसँग बस्दा, उसले पनि पिता कहाँ गई भने - मेरो वस्त्र र भिक्षापात्र अनि जलपात्र देऊ ! म पुनः भिक्षाजीवी हुनेछु ।"

४२६) "मेरो पिता-माता र आफन्त सबैले भन्यो - तिमी किन यहाँ बस्न मन नगरेको ? तिमीले भने जस्तो गरी दिन्छु, चाँडो भन ।"

४२७) "त्यसो भन्दा उसले भन्यो - म एक्लो नै बस्न चाहन्छु ऋषिदासीको साथमा एकै घरमा म बस्न चाहन्न ।"

४२८) "तिनले पनि मलाई त्यागेर गए । म एक्ली भई चिन्तामा डुबें । म मर्न जान्छु, कि प्रव्रजित हुन्छु भन्ने विचार लिई आमा-बासँग सोध्न गएँ ।"

४२९) "अनि त्यसै बेला बहुश्रुता, शील सम्पन्ना, विनयधारी आर्या जिनदत्ता भिक्षाचार गर्दै पिताको घरमा आइन् ।"

४३०) "तिनलाई देख्नासाथ उठेर वहाँको लागि आसन बिछ्याई दिएँ । उनी बस्नु भएपछि पादमा वन्दना गरी भोजन दान दिएँ ।"

४३१) "अन्न पान, भोजन जे, जे घरमा थियो त्यो सन्तर्पित गरी भनें - आर्य ! म प्रव्रजित हुन चाहन्छु ।"

४३२) "अनि पिताले मलाई भन्यो - पुत्री ! यहीं नै बसेर तिमीले धर्म गर । अन्न, पानद्वारा श्रमण ब्राह्मणलाई सन्तर्पित गर ।"

४३३) "अनि मैले दुई हातले बिन्ति गरी प्रणाम गर्दे भनें - पिताज्यू मैले गरेको त्यस पाप कर्मलाई समूल विनष्ट गर्नेछु ।"

४३४) "अनि पिताज्यूले मलाई भन्नु भयो - तिमीले परमज्ञान अनि श्रेष्ठ धर्मलाई पाउन सकोस् । श्रेष्ठ मनुष्यले जुन साक्षात्कार गरेको हुन्छ, त्यो निर्वाण पनि लाभ गर्न सकोस् ।"


Downloaded from http://dhamma.digital/

४३५) "माता-पिता अनि समस्त आफन्तलाई अभिवादन गरी, प्रव्रजित भई एक सप्ताहमा नै त्रिविद्या लाभी भएँ ।"

४३६) "मैले सात जन्म पूर्वको कुरालाई जानें । जुन कारणले गर्दा मैले यो जन्ममा कर्मफल भोग्नु परेको थियो । त्यो तिमीलाई भन्छु मन दिएर सुन ।"

४३७) "एरकच्छ नगरमा धेरै नै धनले सम्पन्न म स्वर्णकार थिएँ । यौवनको मदमा मस्त भई पर स्त्री गमन गरें ।"

४३८) "म त्यस जुनिबाटच्यूत भई, चिरकाल सम्म नरकमा पाक्दै रहें । नरकको भोग गरेपछि बाँदरनीको कोखबाट जन्में ।"

४३९) "जन्मेको सातौं दिनमा बाँदरहरूको युथ पतिले मेरो अण्डकोष फुटालिदिए । जुन मैले पर स्त्री गमन गरें त्यसैको कर्मफल भोग्नु पऱ्यो ।"

४४०) "अनि त्यहाँ मरेपछि, च्युत भई सिन्धको जङ्गलमा अन्धी, लंगडी बाखीको कोखबाट जन्म लिएँ ।"

४४१) "त्यस बखत पनि मेरो अण्डकोष फुटालि दिए । त्यसमा किराले पनि टोकिदियो । बालकहरूलाई परिवहन गर्दै बाह्र वर्षसम्म मैले दुख भोग गरें । जसमा कि मैले पर स्त्री गमन गरेकोले हो ।"

४४२) "त्यहाँबाट म मरेपछि गो व्यवसाय गर्नेको गाईको कोखबाट जन्में । लाहा र ताँबा रंगको बाछो भएँ । त्यहाँ पनि मलाई अण्डकोष फुटालिदियो ।"

४४३) "हलो जोत्नु, गाडा तान्नमा लगाए । पछि म अन्धो र अकर्मण्य भएँ । यो पनि पर स्त्री गमन गर्नाले हो ।"


Downloaded from http://dhamma.digital/

४४४) "त्यहाँबाट म मरेपछि फेरि गल्लि गल्लि घुम्ने दासीको कोखबाट जन्म लिएँ। त्यस जन्ममा म न महिला, न पुरुष (नपुंसक) भएँ। जसमा कि मैले पर स्त्री गमन गरें।"

४४५) "तीस वर्षको हुदाँ म मरें। धनवान व्यक्तिसँग धेरै नै धन सापत लिइराखेको ऋणको भारले किचिएको, दुःखी दरिद्र भएको एक गाडीवानको घरमा छोरी भएर जन्मेँ।"

४४६) "गाडीवानसँग धेरै ऋण उठाउनु परेकोले धनको बदलामा मलाई तान्दै रुवाउँदै जन्मस्थल घरबाट विच्छिन्न गरी दिए।"

४४७) "अनि सोह्र वर्षकी युवती भएको देखेर साहुको छोरो गिरिदासले मलाई आफ्नो स्त्रीको रूपमा ग्रहण गरे।"

४४८) "वहाँको अन्य एकजना भार्या थिईं, शीलवती, गुणवती, यशवती, स्वामी प्रति अनुरक्ता। त्यस स्त्रीप्रति मैले इर्ष्या गर्न थालें।"

४४९) "त्यस कर्मले गर्दा दासीले जस्तै जसजसलाई सेवा गर्दथें तिनीहरूले नै मलाई तिरस्कार गराउनु पर्ने फल भोग्नु पर्‍यो। अब त्यसलाई पनि अन्त गरी सकें मैले।"

Dhamma Digital


Downloaded from http://dhamma.digital/

## सोह्रौं वर्ग

# महानिपात

## ७३. सुमेधा

कोणागमन बुद्धको पालामा यी नारीले एक महाधनवान कुलमा जन्म लिएकी थिइन् । वयस्क भएपछि आफ्ना सहचरहरूसँग मिलेर सुबृहत् उद्यान अनि विहार बनाई बुद्ध र भिक्षुसङ्घलाई दान गरिन् । त्यस पुण्यको प्रभावले त्रायस्त्रिंश देव लोकमा जन्म लिइन् । त्यहाँ परम सुखका साथ कालातीत गरी विभिन्न स्वर्गमा एकाधिक जन्म ग्रहण गर्दै अवशेषमा देवराज इन्द्रको भार्या भइन् । तदनन्तर काश्यप बुद्धको आविर्भाव कालमा धनवान नागरिकको कन्या भएर जन्म लिई विपुल पुण्य सञ्चय गरिन् । तत्पश्चात पुन त्रायस्त्रिंश देवलोकमा जन्म लिइन् । सर्वशेषमा, गौतम बुद्धको समयमा मन्तावती नगरका राजा क्रौंचको छोरी सुमेधा नाउँ लिएर जन्म लिइन् । तरुणी भएपछि वारणवतीका राजा अनिकरत्तसँग विवाह गरीदिन खोजेको थियो । सुमेधाले शैशवकालदेखि नै भिक्षुणीहरूकहाँ गई धर्मोपदेश श्रवण गर्नमा अभ्यस्त थिइन् । पुनर्जन्म लिनमा भयभीत भई ज्ञान मार्गमा लागी धर्ममा मन लगाएर सबै प्रकारको भोगाशक्तिदेखि टाढा रहँदथिन् ।

पिता-माताले वारणवतीका राजा अनिकरत्तसँग विवाहको सम्बन्ध जोडिदिने थाहा पाई सुमेधाले माता-पितालाई भनिन् - सांसारिक विषय भोगमा मेरो मन रमाउँदैन । म भिक्षुणी हुनेछु । सुमेधाको दृढ संकल्पलाई कसैले पनि भङ्ग गर्न सकेनन् । यिनी आफ्नो विचारमा अडिग थिइन् । सुमेधाले केशच्छेदन आफैले गरिन् । शरीर सौन्दर्यको असारत्वलाई बुझी समाधिष्ठ चित्तले प्रथम ध्यानको सिद्दि लाभ गरिन् । जब यिनी ध्यान मग्न थिइन् । तब माता-पिताले यिनलाई दिई पठाउन कोठा


Downloaded from http://dhamma.digital/

भित्र पसे । कोठा भित्र पस्दा यिनलाई दिई पठाउनको बदलामा तिनीहरूलाई बुद्ध धर्ममा लगाउन सफल भइन् । यिनले गृहत्याग गरी भिक्षुणी भइन् । अचिरकालमा नै यिनले अर्हत्व लाभ गरिन् । आफूले सफल जीवन पाएकोमा उल्लासपूर्वक निम्न गाथा स्मरण गर्दै गाउँदथिन् -

४५०. "मन्तावतिया नगरे, रञ्ञो कोञ्चस्स अग्गमहेसिया ।
धीता आसिं सुमेधा, पसादिता सासनकरेहि ॥

४५१. "सीलवती चित्तकथा, बहुस्सुता बुद्धसासने विनीता ।
मातापितरो उपगम्म, भणाति उभयो निसामथ ॥

४५२. "निब्बानाभिरताह, असस्सतं भवगतं यदिपि दिब्बं ।
किमङ्गं पन तुच्छा कामा, अप्पस्सादा बहुविघाता ॥

४५३. "कामा कटुका आसी विसूपमा, येसु मुच्छिता बाला ।
ते दीघरत्तं निरये, समप्पिता हञ्ञन्ते दुक्खिता ॥

४५४. "सोचन्ति पापकम्मा, विनिपाते पापवद्धिनो सदा ।
कायेन च वाचाय च, मनसा च असंवुता बाला ॥

४५५. "बाला ते दुप्पञ्ञा, अचेतना दुक्खसमुदयोरुद्धा ।
देसेन्ते अजानन्ता, न बुज्झरे अरियसच्चानि ॥

४५६. "सच्चानि अम्म बुद्धवरदेसितानि, ते बहुतरा अजानन्ता ये ।
अभिनन्दति भवगतं, पिहेन्ति देवेसु उपपत्तिं ॥

४५७. "देवेसुपि उपपत्ति, असस्सता भवगते अनिच्चम्हि ।
न च सन्तसन्ति बाला, पुनप्पुनं जायितब्बस्स ॥


Downloaded from http://dhamma.digital/

४५८. "चत्तारो विनिपाता, दुवे च गतियो कथञ्चि लब्भन्ति।
न च विनिपातगतानं, पब्बज्जा अत्थि निरयेसु ॥

४५९. "अनुजानाथ मं उभयो, पब्बजितुं दसबलस्स पावचने।
अप्पोस्सुक्का घटिस्सं, जातिमरणप्पहानाय ॥

४६०. "किं भवगते अभिनन्दि, तेन कायकलिना असारेन।
भवतण्हाय निरोधा, अनुजानाथ पब्बजिस्सामि ॥

४६१. "बुद्धानं उप्पादो विवज्जितो, अक्खणो खणो लद्धो।
सीलानि ब्रह्मचरियं, यावजीवं न दूसेय्यं ॥

४६२. "एवं भणति सुमेधा, मातापितरो न ताव आहारं।
आहरिस्सं गहट्ठा, मरणवसं गताव हेस्सामि ॥

४६३. "माता दुक्खिता रोदति पिता च, अस्सा सब्बसो समभिहतो।
घटेन्ति सञ्ञापेतुं, पासादतले छमापतितं ॥

४६४. "उट्ठेहि पुत्तक किं सोचि, तेन, दिन्नासि वारणवतिम्हि।
राजा अनिकरत्तो, अभिरूपो तस्स त्वं दिन्ना ॥

४६५. "अग्गमहेसी भविस्ससि, अनिकरत्तस्स राजिनो भरिया।
सीलानि ब्रह्मचरियं, पब्बज्जा दुक्करा पुत्तक ॥

४६६. "रज्जे आणा धनमिस्सरियं, भोगा सुखा दहरिकासि।
भुञ्जाहि कामभोगे, वारेय्यं होतु ते पुत्त ॥

४६७. "अथ ने भणति सुमेधा, मा एदिसिकानि भवगतमसारं।
पब्बज्जा वा होहिति, मरणं वा मे न चेव वारेय्यं ॥

४६८. "किमिव पूतिकायमसुचिं, सवनगन्धं भयानकं कुणपं।
अभिसंविसेय्यं भस्तं, असकिं पग्घरितं असुचिपुण्णं ॥


Downloaded from http://dhamma.digital/

४६९. "किमिव तहं जानन्ती, विकूलकं मंससोणितुपलित्तं ।
किमिकुलालयं सकुणभत्तं, कलेवरं किस्स दिय्यति ॥

४७०. "निब्बुह्यति सुसानं, अचिरं कायो अपेतविञ्ञाणो ।
छुद्धो कलिङ्गरं विय, जिगुच्छमानेहि ञातीहि ॥

४७१. "छुद्धून नं सुसाने, परभत्तं न्हायन्ति जिगुच्छन्ता ।
नियका मातापितरो, किं पन साधारणा जनता ॥

४७२. "अज्झोसिता असारे, कलेवरे अट्ठिन्हारुसङ्घाते ।
खेलस्सुच्चारस्सव, परिपुण्णे पूतिकायम्हि ॥

४७३. "यो नं विनिब्भुजित्वा, अब्भन्तरमस्स बाहिरं कयिरा ।
गन्धस्स असहमाना, सकापि माता जिगुच्छेय्य ॥

४७४. "खन्ध धातु आयतनं, सङ्खतं जातिमूलकं दुक्खं ।
योनिसो अनुविचिनन्ती, वारेय्यं किस्स इच्छेय्यं ॥

४७५. "दिवसे दिवसे तिसत्ति, सतानि नवनवा पतेय्युं कायम्हि ।
वस्ससतं पि च घातो, सेय्यो दुक्खस्स चेवं खयो ॥

४७६. "अज्झुपगच्छे घातं , यो विञ्ञायेवं सत्थुनो वचनं ।
दीघो तेसं संसारो, पुनप्पुनं हञ्ञमानानं ॥

४७७. "देवेसु मनुस्सेसु च तिरच्छानयोनिया असुरकाये ।
पेतेसु च निरयेसु च, अपरिमिता दिस्सन्ते घाता ॥

४७८. "घाता निरयेसु बहू, विनिपातगतस्स पीलियमानस्स ।
देवेसुपि अत्ताणं, निब्बानसुखा परं नत्थि ॥


Downloaded from http://dhamma.digital/

४७९. "पत्ता ते निब्बानं, ये युत्ता दसबलस्स पावचने।
अप्पोस्सुक्का घटेन्ति, जातिमरणप्पहानाय॥

४८०. "अज्जेव तातभिनिक्खमिस्सं, भोगेहिव किं असारेहि।
निब्बिन्ना मे कामा, वन्तसमा तालवत्थुकता॥

४८१. "सा चेवं भणति पितरमनीकरत्तो च यस्स सा दिन्ना।
उपयासि वारणवते, वारेय्यमुपट्ठिते काले॥

४८२. "अथ असितनिचितमुदुके, केसे खग्गेन छिन्दिय सुमेधा।
पासादे च पिदहित्वा, पठमज्झानं समापज्जि॥

४८३. "सा च तहिं समापन्ना, अनीकरत्तो च आगतो नगरं।
पासादे सुमेधा, अनिच्चसञ्ञं सुभावेति॥

४८४. "सा च मनसि करोति, अनिकरत्तो च आरुही तुरितं।
मणिकनकभूसितङ्गो, कतञ्जली याचति सुमेधं॥

४८५. "रज्जे आणा धनमिस्सरियं, भोगा सुखा दहरिकासि।
भुञ्जाहि कामभोगे, कामसुखा दुल्लभा लोके॥

४८६. "निस्सट्ठं ते रज्जं, भोगे भुञ्जस्सु देहि दानानि।
मा दुम्मना अहोसि, मातापितरो ते दुक्खिता॥

४८७. "तं तं भणति सुमेधा, कामेहि अनत्थिका विगतमोहा।
मा कामे अभिनन्दि, कामेस्वादीनवं पस्स॥

४८८. "चातुद्दीपो राजा, मन्धाता आसि कामभोगिन मग्गो।
अतित्तो कालङ्कतो, न चस्स परिपूरिता इच्छा॥

४८९. "सत्त रतनानि वस्सेय्य, वुट्ठिमा दसदिसा समन्तेन।
न चत्थि तित्ति कामानं, अतित्ताव मरन्ति नरा॥


Downloaded from http://dhamma.digital/

४९०. "असिसूनूपमा कामा, कामा सप्पसिरोपमा ।
उक्कोपमा अनुदहन्ति, अट्ठिकङ्कलसन्निभा ॥

४९१. "अनिच्चा अधुवा कामा, बहुदुक्खा महाविसा ।
अयोगुलो व सन्तत्तो, अघमूला दुखप्फला ॥

४९२. "रुक्खप्फलूपमा कामा, मंसपेसूपमा दुखा ।
सुपिनोपमा वञ्चनिया, कामा याचितकूपमा ॥

४९३. "सत्तिसूलूपमा कामा, रोगो गण्डो अघं निघं ।
अङ्गारकासुसदिसा, अघमूलं भयं वधो ॥

४९४. "एवं बहुदुक्खा कामा, अक्खाता अन्तरायिका ।
गच्छथ न मे भगवते, विस्सासो अत्थि अत्तनो ॥

४९५. "किं मम परो करिस्सति , अत्तनो सीसम्हि डय्हमानम्हि ।
अनुबन्धे जरामरणे, तस्स घाताय घटितब्बं ॥

४९६. "द्वारं अपापुरित्वानहं, मातापितरो अनीकरत्तञ्च ।
दिस्वान छमं निसिन्ने, रोदन्ते इदमवोचं ॥

४९७. "दीघो बालानं संसारो, पुनप्पुनञ्च रोदतं ।
अनमतग्गे पितु मरणे, भातु वधे, अत्तनो च वधे ॥

४९८. "अस्सु थञ्ञं रुधिरं, संसारं अनमतग्गतो सरथ ।
सत्तानं संसरतं, सराहि अट्ठिनञ्च सन्निचयं ॥

४९९. "सरचतुरोदधी, उपनीते अस्सुथञ्ञरुधिरम्हि ।
सर एककप्पमट्ठीनं, सञ्चयं विपुलेन समं ॥

५००. "अनमतग्गे संसरन्तो, महिं जम्बुदीपमुपनीतं ।
कोलट्ठिमत्तगुलिका, माता मातुस्वेव नप्पहोन्ति ॥


Downloaded from http://dhamma.digital/

५०१. "तिणकट्ठसाखापलासं, उपनीतं अनमतग्गतो सर ।
चतुरङ्गुलिका घटिका, पितुपितुस्वेव नप्पहोन्ति ॥

५०२. "सर काणकच्छपं पुब्बसमुद्दे, अपरतो च युगछिद्दं ।
सिरं तस्स च पटिमुक्कं, मनुस्सलाभह्मि ओपम्मं ॥

५०३. "सर रुपं फेणपिण्डोपमस्स, कायकलिनो असारस्स ।
खन्धे पस्स अनिच्चे, सराहि निरये बहुविघाते ॥

५०४. "सर कटसिं वड्ढेन्ते, पुनप्पुनं तासु तासु जातीसु ।
सर कुम्भीलभयानि च, सराहि चत्तारि सच्चानि ॥

५०५. "अमतह्मि विज्जमाने, किं तव पञ्चकटुकेन पीतेन ।
सब्बा हि कामरतियो, कटुकतरा पञ्चकटुकेन ॥

५०६. "अमतह्मि विज्जमाने, किं तव कामेहि ये परिलाहा ।
सब्बा हि कामरतियो, जलिता कुथिता कम्पिता सन्तापिता ॥

५०७. "असपत्तह्मि समाने, किं तव कामेहि ये बहुसपत्ता ।
राजग्गि चोर उदकप्पियेहि, साधारणा कामा बहुसपत्ता ॥

५०८. "मोक्खह्मि विज्जमाने, किं तव कामेहि यसु वधबन्धो ।
कामेसु हि असकामा, वधबन्धदुखानि अनुभोन्ति ॥

५०९. "आदीपिता तिणुक्का, गण्हन्तं दहन्ति नेव मुञ्चन्तं ।
उक्कोपमा हि कामा, दहन्ति ये ते न मुञ्चन्ति ॥

५१०. "मा अप्पकस्स हेतु, कामसुखस्स विपुलं जही सुखं ।
मा पुथुलोमो व बलिसं, गिलित्वा पच्छा विहञ्ञासि ॥

५११. "कामं कामेसु दमस्सु, ताव सुनखोव सङ्खलाबद्धो ।
काहिन्ति खु तं कामा, छाता सुनखंव चण्डाला ॥


Downloaded from http://dhamma.digital/

५१२. "अपरिमितञ्च दुक्खं, बहूनि च चित्तदोमनस्सानि।
अनुभोहिसि कामयुत्तो, पटिनिस्सज अद्धुवे कामे॥

५१३. "अजरह्मि विज्जमाने, किं तव कामेहि येसु जरा।
मरणब्याधिगहिता, सब्बा सब्बत्थ जातियो॥

५१४. "इदमजरमिदममरं, इदमजरामरं पदमसोकं।
असपत्तमसम्बाधं, अखलितमभयं निरुपतापं॥

५१५. "अधिगतमिदं बहूहि, अमतं अज्जापि च लभनीयमिदं।
यो योनिसो पयुञ्जति, न च सक्का अघटमानेन॥

५१६. "एवं भणति सुमेधा, सङ्खारगते रतिं अलभमाना।
अनुनेन्ती अनिकरत्तं, केसे च छमं खिपि सुमेधा॥

५१७. "उट्ठाय अनिकरत्तो पञ्जलिको याचितस्सा पितरं सो।
विस्सज्जेथ सुमेधं, पब्बजितुं विमोक्खसच्चदस्सा॥

५१८. "विस्साज्जिता मातापितूहि, पब्बजि सोकभयभीता।
छ अभिञ्ञा सच्छिकता, अग्गफलं सिक्खमानाय॥

५१९. "अच्छरियमब्भुतं तं, निब्बानं आसि राजकञ्ञाय।
पुब्बेनिवासचरितं, यथा ब्याकरि पच्छिमे काले॥

५२०. "भगवति कोणागमने, सङ्घारामह्मि नवनिवेसह्मि।
सखियो तिस्सोजनियो, विहारदानं अदासिह्म॥

५२१. "दसक्खत्तुं सतक्खत्तुं, दससतक्खत्तुं सतानि च सतक्खत्तुं।
देवेसु उप्पज्जिह्म, को पन वादो मनुस्सेसु॥

५२२. "देवेसु महिद्धिका अहुह्म, मानुसकह्मि को पन वादो।
सत्तरतस्स महेसी, इत्थिरतनं अहं आसिं॥



Downloaded from http://dhamma.digital/

**५२३. "सो हेतु, सो पभवो, तं मूलं साव सासने खन्ती ।**
**तं पठमसमोधानं, तं धम्मरताय निब्बानं ॥**

**५२४. "एवं करोन्ति ये सद्दहन्ति, वचनं अनोमपञ्ञस्स ।**
**निब्बिन्दन्ति भवगते, निब्बिन्दित्वा विरज्जन्ती" ति ॥**

४५०) "बुद्ध शासनमा श्रद्धावती सुमेधाले मन्तावती नगरका राजा क्रौञ्चका महिषीको कोखबाट छोरी भई जन्मिन् ।"

४५१) "शीलवती, वाग्मिनी, बहुश्रुता, बुद्ध शासनमा विनिता भएकीले, माता-पिता कहाँ गई भने - तपाईहरू दुवै जनाले सुन्नुहोस् ।"

४५२) "म निर्वाणमा अभिरमण गर्दछु। यदि दिब्यलोकमा गई जन्मेता पनि नश्वर नै हो । अनेकौं विघ्न वाधाले भरिएको अल्प स्वाद भएको तुच्छ भोग विषयमा लागेर मलाई के काम ?"

४५३) "विषय भोग भनेको विषधर सर्प समान हो, यो कटुका समान छ । मूर्खहरू यसैमा आसक्त भई, दीर्घकालसम्म नरकमा परी, दुःखले पीडित हुन्छन् ।"

४५४) "शरीर वचन र मन असंयत भई मूर्खहरूले सदैव पाप कर्म गर्दछन् । पापलाई वृद्धि गर्नाले नरकमा परी शोकाकूल हुन्छन् ।"

Dhamma.Digital

४५५) "मूर्खहरू चेतनाहीन, ज्ञानहीन हुन्छन् । तिनीहरूले दुखोत्पन्न हुने कारणलाई जानेको हुँदैनन्। धर्म देशना गर्दा पनि तिनीहरूले बुझ्न सक्दैनन् र चार आर्यसत्यलाई जानेको हुँदैन ।"

४५६) "माताज्यू ! श्रेष्ठ बुद्धले उपदेश गरेको धर्मलाई धेरैले जानेको हुँदैन, जन्मिनुमा आनन्द मान्छन् । देवलोकमा गएर उत्पन्न हुन मन पराउँछन् ।"

४५७) "देवलोकमा गएर उत्पन्न भए पनि नश्वर हो, जुन सुकै लोकमा जन्मे पनि अनित्य नै हो । मूर्खहरू पुनः पुनः जन्म लिनुमा भयभीत हुँदैनन् ।"


Downloaded from http://dhamma.digital/

४५८) "चतुर्विध दुर्गति अनि दुई सुगति मध्ये, दुई सुगति लाभ गर्न कठीन छ। नरक, दुर्गतिमा जन्मिँदा प्रव्रज्या लिनु पाउँदैन।"

४५९) "प्रव्रजित हुनलाई तपाई दुवै जनाले मलाई अनुमति दिनुहोस्। दशबलको प्रवचनमा लागेर अविचलित चित्तले मैले जन्म र मरणलाई पार लगाउने छु।"

४६०) "क्षणभङ्गुर साररहित शरीरलाई अभिनन्दन गरेर पुनः पुनः किन जन्म लिने ? भवतृष्णालाई निरोध गर्न अनुमति दिनुहोस् प्रव्रजित हुन्छु।"

४६१) "बुद्ध उत्पन्न हुनु भएको छ, त्यसैले अक्षणलाई (सुअवसर र हित समय) त्याग गरी, क्षण (सुअवसर) प्राप्त भएको छ। सारा जीवन ब्रह्मचर्य र शील पालन गर्छु, दुषित हुँदिन।"

४६२) "सुमेधाले माता पितालाई भनिन् - गृहस्थ भएर आहार गर्नु भन्दा बरु नखाई मृत्यको वशमा पर्नु नै श्रेष्ठ हो।"

४६३) "दुखित भई आमा रोइन्, पिता शोकाभिभूत भए। प्राशादतलमा पतित कन्यालाई प्रयत्न पूर्वक इशारा गर्दै उठाए।"

४६४) "छोरी ! उठ ! अफसोस गरेर के गर्ने ? मैले वारणवतीका राजा प्रिय दर्शन अनिकरत्तलाई तिमी दिई सकें।"

४६५) "अनिकरत्त राजाको भार्या भई अग्रमहिषी हुनेछ्यौ। प्रिय पुत्री ! प्रव्रजित हुनु अनि शीलादि ब्रह्मचर्य पालन गर्न कठिन छ।

४६६) "तिमी रानी बनी धनैश्वर्य भोग गर, तिमी तरुणी छ्यौ, विषय-भोगलाई उपभोग गरी सुख पूर्वक बस। आऊ, छोरी ! स्वामीलाई वरण गर।"

४६७) "त्यसपछि सुमेधाले भनिन् - यसो हुन सक्दैन, जन्म लिनुमा सारवस्तु केही छैन। मैले प्रव्रज्या नै लिन्छु, कि नभए मैले मृत्युलाई नै वरण गर्नेछु।"

Downloaded from http://dhamma.digital/

४६८) "घिन लाग्दो, अपवित्र, दुर्गन्धमय, भयावह, कुहिने, छालाले मोडिएको, अशुचिले पूर्ण शरीरबाट बारम्बार बगेर आउने देहको के मूल्य ?"

४६९) "मांस र रक्तले लेपन गरी राखेको तुच्छ, किटाणुको घर, पंक्षीको भोज्य यो देह हो भनेर मैले जानेको हुनाले, यो कसलाई दिने ? अनि यसको मूल्य नै के छ ?"

४७०) "चेतनारहित देहलाई तुरन्तै मसानमा लगिहाल्छ। काम नलाग्ने काठलाई झैं आफन्तहरूले घृणा गर्दै फालेर आउँछन् ।"

४७१) "मसानमा फ्याँकेको शरीर अरूको भोज्य हुन्छ । आफ्नै माता-पिताले फालेर आई, घृणा गर्दै नुहाउँछन् । साधारण अरू व्यक्तिहरूको त के कुरा ?"

४७२) "हाड र स्नायुको मिलनले बनेको यो शरीर, सबै प्रकारका मलले परिपूर्ण घृणित असार देहमा आसक्त हुन्छन् ।"

४७३) "यो देहलाई अलग-अलग छुट्याएर भित्रको पदार्थलाई बाहिर निकालेमा आफ्नै माताले पनि घृणा गर्नेछ ।"

४७४) "स्कन्ध, धातु, आयतनको संयोगले नै दुःखलाई जन्माउने मूल कारण हो । ठिकसँग विचार गरे कस्लाई इच्छा हुन्छ वरण गर्न ?"

४७५) "यदि प्रतिदिन सय सय पटक नव, नव छुरिकाघातले सय वर्ष सम्म घाऊ पारी मर्नु परे पनि श्रेयष्कर नै हुन्छ, यदि मृत्यु नै मेरो दुःखको अन्तिम अवसान भएमा ।"

४७६) "पुनः पुनः मृत्यु हुनाले संसार उसको लागि लामो हुन्छ । जसले बुद्ध वचनलाई जानिसकेका छ, उसले जन्म र मरणको चक्रलाई निर्मूल पार्न प्रयत्न गर्दछन् ।"


Downloaded from http://dhamma.digital/

४७७) "देवलोक, मनुष्यलोक, नरकलोक, पशु, असुर, प्रेत योनिमा परेर असंख्य मृत्युको मुखमा परी असह्य दुःख खप्नु परेको छ ।"

४७८) "नर्कलोक, दुर्गतिमा अनेकौंबार पुगी पीडित भइन्छ । देवलोक पनि त्राणरहित होइन । निर्वाण सुखको अपेक्षा अर्को कुनै सुख छैन ।"

४७९) "जो दसबलको वचन श्रवण गरी लागेको हुन्छ, उसले निर्वाणलाई प्राप्त गर्दछन् । अविचलित चित्तद्वारा जन्म र मृत्युलाई प्रहाण गर्दछन् ।"

४८०) "पिताज्यू ! म आज नै त्यागी भएर जान्छु । असार भोग विषयमा लागेर के फाइदा ? काम-विषय भोगलाई उच्छिन्न गरी सकें, उन्मूलित ताड वृक्ष झैं विनाश गरी सकें ।"

४८१) "पितालाई त्यसरी भनि रहँदा जसलाई ऊ दिने हो, विवाहको समय भएपछि वारणवतीका राजा आइपुगे ।"

४८२) "अनि सुमेधाले खडगद्वारा आफ्नो बाक्लो, कालो अनि नरम केशलाई काटी, प्राशादद्वार बन्द गरी प्रथम ध्यानाप्रेपविष्ट भइन् ।"

४८३) "त्यस ध्यानमा तिनी समाहित भईरहेकी अवस्थामा अनिकरत्त नगरमा आइ पुगे । प्राशादमा बसि सुमेधाले अनित्य संज्ञाको भावनामा नियुक्त भइन् ।"

४८४) "तिनी ध्यानावस्थामा रहँदा मणि र स्वर्णालङ्कारले देहमा भूषित हुनु भएका अनिकरत्न शीघ्रतापूर्वक महल आरोहण गरी विन्ति गर्दै सुमेधाको पाणी ग्रहण गर्नको निम्ति भने ।"

४८५) "काम-सुख भनेको लोकमा दुर्लभ हुन्छ । राजसिंहासनमा बसी धन ऐश्वर्यको उपभोग गर । तिमी तरुणी छ्यौ । विषय भोगलाई भोगी सुख पूर्वक बस ।"


Downloaded from http://dhamma.digital/

४८६) "तिमीलाई राज्य अर्पण गरी दिन्छु । भोग गर, दान गर, अप्रसन्न नहोऊ, तिम्रा माता पिता दुःखित भई रहेका छन् ।"

४८७) "भोग-तृष्णा अनर्थकर छ, म मोहरहित भई सकें, भोग विलासमा आनन्द नमान, भोग विलासको दोषलाई हेर ।"

४८८) "चारै द्विपको राजा मान्धाता काम-भोगमा निमग्न भएका थिए । अतृप्त भएर नै मरे । उसको इच्छा परिपूर्ण भएन ।"

४८९) "सप्त रत्नादि आकाशबाट बर्षेर दिगन्त पूर्ण भएता पनि विषय भोगमा तृप्त हुँदैन । अतृप्त भएर नै मानिस मर्दछन् ।"

४९०) "काम-तृष्णा तरवार र शूल समान हो, काम-तृष्णा सर्पको शीर समान हो । जलेको चिरागलाई समाउँदा पोले झैं हुन्छ, अस्थि-पञ्जर समान डर लाग्दो हुन्छ ।"

४९१) "काम-विषय भोग भनेको, अनित्य, अध्रुव, महा दुःख, महाविष समान हो । सन्तप्त भएको गोल लोहा (फलाम) लाई ग्रहण गर्न डराउनु पर्ने जस्तै हो । दुःखको मूल हो, दुःख नै यसको फल हो ।"

४९२) "तृष्णा वृक्षको फल जस्तै, मांस पिण्ड जस्तै दुःख दायक हो, स्वप्नमा देखिने वस्तुबाट छले जस्तै हो । तृष्णा (विषय भोग) भनेको मागेर ल्याएको जस्तै हो ।"

४९३) "तृष्णा भनेको चूपि र शूल समान हो । रोग, फोडा समान हो, दुःख हो, अनि क्लेशमय हो । जलिरहेको अग्नि समान हो, दुःखको मूल हो, भयावह छ, प्राणनाशी हो ।"

४९४) "तृष्णामा यस्तो अनेकौं प्रकारका दुःख छन्, अन्त रायिक दर्शाएको छ । फर्केर जाऊ महाराज ! तृष्णाको परिणाम दुःख हो भन्ने आफूलाई विश्वास भई सक्यो ।"

४९५) "आफ्नै शीरमा आगो लागिरहेको छ । जरा र मरणले पिछा


Downloaded from http://dhamma.digital/

गरीरहेको छ । त्यसलाई निर्मूल पार्न प्रयत्नरत भएकी छु । (त्यस दुःखबाट मुक्त हुन) अरूले मेरो निम्ति के गरी दिन सक्छ ?"

४९६-४९७) "मैले द्वारलाई खोलेर हेर्दा माता पिता अनि अनिकरत्त त्यहाँ रोईरहेको देखेर (भनैं) - मूर्खहरू यस संसारमा दीर्घकाल सम्म पुनः पुनः रोई रहन्छन् । मूर्खहरू यस संसारमा पुनः पुनः जन्म लिएर दीर्घकालसम्म रोदन गर्दछन् । अनगिन्ति पिता मर्दा, भ्राता मर्दा अनि आफू पनि मर्दा ।"

४९८) "अश्रु, स्तन्य र रक्त-सिक्त संसारमा अनगिन्ति बितिसकेकालाई याद गर, सत्वको बारम्बार जन्म र मरणको अस्थि सँगृहित भएकालाई पनि याद गर ।"

४९९) "आवागमनको चक्रमा परेर अश्रु, देह, रक्त जम्मा गरेमा चार महासागर समान भएकालाई स्मरण गर । एक कल्पको अस्थि सञ्चय गरेमा पर्वत समान हुन्छ ।"

५००) "अनगिन्ति माता, बज्यैसँग संस्मरण गरेको संख्या लेख्नलाई यो समस्त जम्बुद्वीपको पृथ्वी अपुग भइ सक्यो ।"

५०१) "तृण, काष्ठ, शाखा-पत्रादिको चार अङ्गुल, सुराहीको सहायताले आदि अन्तको संसारमा विचरण गर्ने पिता, पितामहको संख्यालाई लेखेर निर्णय गर्न नसकिने कुरालाई याद गर ।"

५०२) "समुद्रतलमा बस्ने अन्धो कछुवाले, समुद्र माथि तैरीरहेको नोलको छेदमा शिर पसाल्न कठिन भए भैं मनुष्यत्व लाभ गर्न पनि त्यतिकै दुर्लभ छ भन्ने सम्झना गर ।"

५०३) "फेणपिण्ड स्वरूप, दूर्दशाग्रस्त यो साररहित शरीर हो भनी अनित्यस्कन्धमा दृष्टिपात गर, नरकको अनेकौं दुःखलाई पनि सम्झना गर ।"


Downloaded from http://dhamma.digital/

५०४) "पुनः पुनः विभिन्न जन्ममा मृत्युपछि मसानमा लगेर वृद्धि भएकोलाई याद गर। मगर मच्छको भयलाई स्मरण गर, चार आर्य सत्यलाई पनि बुझी स्मरण गर।"

५०५) "अमृत विद्यमान भइकन, पञ्च तिक्ततामा कुन प्रीति लाभ गर्ने ? पञ्च तिक्तताको अपेक्षा सबै प्रकारको भोगानन्द कटुकर छ।"

५०६) "अमृत विद्यमान भइकन, किन काम-विषयको आगोमा तिमी परितप्त हुन्छौ ? सबै प्रकारका कामरतिले पोल्दछ, क्रोधोत्पन्न गराउँछन्, कम्पायमान गराउँछन्। सन्तप्त गराउँछन्।"

५०७) "शत्रु रहित हुन चाहेमा काम रतिलाई त्याग। काम रतिमा लागेर तिमीले किन धेरै शत्रु कमाउने ? सामान्य काम रतिमा लाग्दा राजा, अग्नि, चोर, जल अनि अप्रियकर धेरै नै शत्रुलाई आव्हान गर्दछ।

५०८) "मोक्ष विद्यमान भइकन काम रतिमा लागेर तिमी किन वध बन्धनमा लाग्छौ ? काम-रतिमा नै कामास्वाद लिएर वध बन्धन दुःखको अनुभोग गर्दछन्।"

५०९) "जलेको तृणको चिराकलाई ग्रहण गरेपछि डढाइ दिन्छ, तैपनि छोड्दैन। चिराक जस्तै काम-रति हो, डढाइन्दा पनि तिनीहरूले छोड्न सक्दैनन्।"

५१०) "पुथलोम भन्ने माछाले वल्सिलाई खान्दा पछि सन्तप्त हुन्छ, त्यस्तै विपुल सुखलाई त्यागी अल्प मात्र काम सुखमा नलाग। पछि सन्ताप लिन नपरोस्।"

५११) "काम-विषय, भोग - तृष्णालाई दमन गर। भोकाएका कुकुरलाई सिक्रीले बाँधी चाण्डालले मारे झैं तिमी पनि काम रतिमा भोकाएको हुनाले मारिने छौ।"


Downloaded from http://dhamma.digital/

५१२) "भोगानुरक्त हुँदा अपरिमाणले दुःख, अनेकौं चित्तमा क्लेशोत्पत्ति हुन्छ । कामानुरक्तलाई त्याग गर, विषय भोग भनेको अध्रुव हो ।"

५१३) "अजरत्व विद्यमान भइकन, जरा-शील भएको काम रतिमा तिमी किन लाग्ने ? सर्वत्र सर्वजन्ममा व्याधि र मृत्यु भएकै हुन्छ ।"

५१४) "यसैमा अजर छ, यसैमा अमरत्व छ, यस अजरा अमर मार्गमा शोक छैन, शत्रु छैन, विघ्न छैन, भय छैन अनि सन्ताप पनि छैन ।"

५१५) "जो सही तरिकाले यस्मा नियुक्त हुन्छ, उसले आज पनि यसलाई लाभ गर्न सक्छ । अनेकले यस अमृतको रसपान गरी सके । उद्यमहीनले यसलाई लाभ गर्न सक्दैन ।"

५१६) "संस्कारमा विरक्तिएकी सुमेधाले त्यसो भनी शिर-केशले भूमि स्पर्श गरी अनिकरत्तलाई सन्तुष्ट गरे ।"

५१७) "अनिकरत्त उठी बिन्ति गर्दै सुमेधाकी पितालाई भने - सत्य र विमोक्ष दर्शन गर्ने सुमेधालाई प्रव्रजिता हुन अनुमति दिई विदा दिनुस् ।"

५१८) "संसारको शोक र भयमा भयभीत भई सुमेधाले माता-पिताको तर्फबाट बिदा लिएर प्रव्रजिता भइन् । शिक्षार्थिनी भएकी अवस्थामा नै षडभिज्ञा साक्षात्कार गरी श्रेष्ठ फलको लाभी भइन् ।"

५१९) "राजकन्याको यो निर्वाण आश्चर्य र अद्भूत थियो । पूर्वजन्मको विवरणलाई पछि यिनले आफ्नो जन्म कालमा भनेकी थिइन् ।"

५२०) "भाग्यवान कोणागमन बुद्ध नव निर्मित सङ्घाराम विहारमा विहार गर्नु भएको थियो । हामी तीनजना (सुमेधा, क्षमा, धनंजानि) साथीहरूले विहार दान दिएका थियौं ।"


Downloaded from http://dhamma.digital/

५२१) "सयौं, हजारौं, लाखौंबार देवलोकमा जन्म्यौं । मनुष्य लोकको त कुरा नै के भन्नु ?"

५२२) "देवलोकमा महान प्रभाव थियो हाम्रो । मनुष्य लोकको कुरा त के भन्नु ? सप्तरत्न मध्ये म एक रत्न भई चक्रवर्ती राजाको अग्रमहिषी भएको थिएँ ।"

५२३) "बुद्ध शासनप्रति मेरो श्रद्धा नै यसको हेतु हो, श्रोत हो, मूल जड नै हो । त्यही प्रथम संयोजन हो, त्यस धर्ममा रत भई निर्वाण लाभ गरें ।"

५२४) "अनुपम प्रज्ञावानको वचन प्रति जसले यसरी श्रद्धा गर्छन्, जन्म लिन जानमा विरक्त हुन्छ, विरक्त भएपछि वैराग्य उत्पन्न हुन्छ ।"

महानिपात निट्ठितो ।

● ● ●

Dhamma.Digital


Downloaded from http://dhamma.digital/

# सहायक ग्रन्थहरु

| भाषा | किताब | लेखा | प्रकाशक |
|---|---|---|---|
| पालि | खुद्दक निकाय थेरीगाथा | भिक्षु जगदीश काश्यप | बिहारराजकी प्रकाशन मण्डल |
| पालि | खुद्दक निकाय अपदान | " | " |
| नेपाली | बुद्धकालीन श्राविकाहरु | भिक्षु अमृतानन्द | आनन्दकुटी बिहार गुठी |
| नेवारी | थेरीगाथा | अ .चन्द्रशीला | न्हूछेमाया उपासिका |
| बंगाली | " | भिक्षु शीलभद्र | महाबोधि सोसाइटी |
| बंगाली पालि | महावग्ग | भिक्षु सुवोधिरतन | बुद्धिष्ट मिशन |


Dhamma.Digital



Downloaded from http://dhamma.digital/

Dhamma.Digital
Downloaded from http://dhamma.digital/

## अनुवादकको संक्षिप्त परिचय



**नाम** : भिक्षु बोधिसेन महास्थविर
**जन्म मिति** : बि.सं. २००७ माघ २५ गते (शुक्ल प्रतिपदा)
**जन्म स्थान** : गाबहाल, पाटन ।
**गृहस्थ नाम** : बुद्धरत्न बज्राचार्य
**पिताको नाम** : महन्त बज्राचार्य
**माताको नाम** : केशरी बज्राचार्य

आफू ६ वर्षको हुँदा पिता महन्त बज्राचार्यसहित दुवै माता (जेठी आमा र कान्छि आमा) ले गृहस्थाश्रम त्याग गरेर कुशिनगरमा भिक्षु चन्द्रमणि महास्थविरका आचार्यत्वमा प्रब्रजित जीवन ग्रहण गर्नु भयो। उहाँहरूका नै अनुकरण गरी २०२३ साल बैशाख महिनामा भिक्षु अतुलसेन महास्थविरका आचार्यत्वमा बहुजन बौद्ध आनन्द बिहार सोनादा, दार्जीलिङ्गमा श्रामणेर हुनु भयो । उपसम्पदा (पूर्ण भिक्षुत्व) : २०२७/७/२१ का दिन मालनदी उदक सीमा

उपज्झाय : भिक्षु धर्मधर महास्थविर
आचार्य : भिक्षु अतुलसेन महास्थविर

**निर्माण कार्य**

१. विहार निर्माण सदस्य : सोनादा, बहुजन बौद्ध आनन्द बिहार (भारत)
२. विहार जिर्णोद्वार सदस्य : माल, बौद्ध सङ्घाश्रम (भारत)
३. विहार जिर्णोद्वार प्रमुख : बनेपा, सुदर्शन
४. विहार संस्थापक : बनेपा, बोधिचर्या

शिक्षा : कक्षा नौ, दार्जीलिङ्ग
धार्मिक शिक्षा : सूत्र र बिनय विशारद (बी.ए.) दार्जीलिङ्ग
भ्रमण : भारत, भुटान, बर्मा, थाइल्याण्ड र श्रीलंका
संस्था : अखिल नेपाल भिक्षु महासंघ अध्यक्ष, बुद्ध जयन्ती समारोह समिति, बनेपाका धर्मानुशासक, बोधिचर्या ज्ञानमाला भजन संघका धर्मानुशासक र बोधिचर्या परियत्ति, बनेपा, केन्द्राध्यक्ष
इच्छा : धर्म प्रचार, धर्म ग्रन्थहरू लेख्ने र मित्रता ।

Downloaded from http://dhamma.digital/